# अध्याय - एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

विवाहको अवसरमा केटी पक्षबाट केटा पक्षलाई उपहार स्वरूप दिइने नगद वा जिन्सीलाई दाइजो भन्ने बुझिन्छ । विवाह एक सर्वव्यापी र अपरिहार्य संस्था भएको हुँदा आजसम्मको मानव सभ्यताको क्रम पनि वैवाहिक जीवनको सुरुआतबाटै यहाँसम्म आइपुगेको हो । हिन्दू समाजको गर्भमा अनेकौं जातिहरू, सम्प्रदायहरू, मतहरू र संस्कृतिको विविधता रहिआएको छ (सुवेदी, २०५६: २६) । यस्ता भिन्न भिन्न समाज, संस्कृति, धर्म जातिअनुसार विवाहका संस्कार, मूल्य मान्यता, धारणा र विश्वास पनि फरक रहेको पाउन सकिन्छ (सुवेदी, २०५६: ४) । सम्पूर्ण मानव समाजको केन्द्रीय आधार नै विवाह हो र विवाहबाट नै परिवार, परिवारबाट समुदाय हुँदै सम्पूर्ण मानवजगत्को निर्माण भएको छ । यसरी संसारका सबै समाजहरूमा विवाह संस्थागत रूपमा रहेता पनि यसको उपयोगिता, काम, प्रकार र विशेषता भने समाज अनुसार फरक फरक रहेको पाइन्छ (सुवेदी, २०५६) ।

नेपालको सन्दर्भमा भन्नुपर्दा नेपाल आफैमा विविधतायुक्त समाज हो । यहाँ भौगोलिक, प्राकृतिक, धार्मिक, जातिय, भाषिक विविधता रहेका छन् र यिनै जाति, धर्म, भाषा, भौगोलिक अवस्था विशेषका आ-आफ्ना वैवाहिक परम्परा, रीतिरिवाज, चालचलन, संस्कार र मूल्य मान्यताहरू रहेका छन् । जसमध्ये विवाहमा वर पक्षले बधु पक्षका मातापितालाई दूधको भारा तिर्ने प्रथा जुन डोटेली क्षेत्रमा प्रचलित रहिआएको छ । विवाहमा वर पक्षले बधू पक्षबाट लिने तिलक (दस्तुर) प्रथा विशेष गरी नेपालको मिथिला क्षेत्रमा रहेको छ । त्यसैगरी नेपालको हिन्दू धर्म प्रभावित धेरैजसो समुदाय र समाजमा विवाहको अवसरमा बधु पक्षले वर पक्षको परिवारलाई दाइजो दिने गर्दछन् । हिन्दू शास्त्रमा उल्लेख भएका विभिन्न आठ प्रकारका विवाहहरूलाई हिन्दू विधिले केवल व्राह्म र आसुर गरी दुई प्रकारमा विभाजित गर्ने दृष्टिकोण लिएको पाइन्छ । जहाँ ब्राह्म विवाहमा योग्य वरलाई बोलाएर आदरसाथ पूजा तथा वस्त्रादिले अलङ्कृत गरी केटीका अभिभावकले कन्यादान दिने गर्दथे भने आसुर विवाहमा कन्याको पिता वा संरक्षकले वरको पिता वा संरक्षकसित केही

शुल्क लिएर कन्या दिने गर्दथे । त्यसैबेलादेखि नै सरल रूपमा दाइजो प्रथाको सुरुआत भएको पाउन सकिन्छ (सुवेदी, २०५६: ८) । आधुनिक कानुनको विकास हुनुभन्दा पहिला समाजको नियन्त्रण र निर्देशन रूढिवादी, रीतिरिवाज र धार्मिक प्रावधानहरूले गरेको थियो । जसको अवशेष अहिले पनि देख्न सकिन्छ । ऋषिमुनिहरूद्वारा रचित स्मृतिहरू, राजाज्ञा र प्रथाहरूलाई त्यसबेलाको समाजद्वारा अङ्गस्कार गरेको कानुनको रूप थियो र यिनै कुराहरूले बिहेबारीका संस्कारहरू पनि निर्देशित गरेका थिए (सुवेदी, २०५६: २७) । समाज विकास र पर्दापण हुँदै वर्तमानसम्म आइपुग्दा समाज समायोजनका लागि समयसापेक्ष बनेका, कानुनमा समेत हिन्दू धर्मको प्रभाव रहेको पाउन सकिन्छ । हिन्दू धर्म पितृसत्तामा आधारित रहेको छ । त्यसैले विगतदेखि नै वंश स्थापना, बासस्थान, उत्पादनका साधन र पैतृक सम्पत्तिको अधिकार छोरालाई हुने र जन्मघर छोडेर जाने छोरीलाई पनि केही मात्रामा सहयोग मिलोस भन्ने हेतुले विवाहमा छोरीका अभिभावकले इच्छा लागेको वस्तु कन्यादानसँगै दिने गर्दथे । जुन विवाहपश्चात् छोरीले आफ्नो दैनिक जीवनमा उपयोग गरी काममा सरलता ल्याउन सकून्, वर्तमानमा प्रविधिको विकास, समाज रूपान्तरण, समयको परिवर्तन र सामाजिक गतिशीलतासँगै दाइजो प्रथाको स्वरूप, सोचाइ र ढाँचामा पनि परिवर्तन हुँदै गइरहेको छ । जसको प्रभाव स्वरूप कतिपयले दाइजो स्वेच्छाले दिने र लिने गर्न थाले भने कतिपयले प्रथा परम्पराका रूपमा अनुशरण गर्न र गराउन वाध्य भए । त्यसैले हिन्दू ब्राम्हण जातिको वैवाहिक संस्कारमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा दाइजोको आदानप्रदान हुने गरेको छ । दाइजोको स्वरूप नगद वा जिन्सी अथवा अन्य वैकल्पिक रूपमा पनि दिने वा लिने गरेको पाइन्छ ।

स्त्री अंशधनको महलको चार नं. मा परिभाषित गरिए अनुसार स्वास्नी मानिसलाई माइती र मावलीपट्टिका नातेदार, इष्टमित्रहरूले दिएको चल-अचल र त्यसबाट बढे बढाएको सम्पत्ति दाइजो ठहर्छ । स्वास्नी मानिसलाई लोग्ने वा लोग्नेपट्टिका अंशियारले सबै अंशियारहरूको मञ्जुरीको लिखत गरिदिएको र लोग्नेपट्टिका अरू नातेदार वा इष्टमित्रले दिएको चल-अचल र त्यसबाट बढे बढाएको सम्पत्ति पेवा ठहर्छ (थापा, १९८५: ५०) । उपर्युक्त परिभाषाबाट स्पष्ट हुन्छ कि दाइजो स्वास्नी मानिसको सम्पत्ति हो । त्यसमा उसको पूर्ण स्वामित्व हुन्छ । उनीहरूले त्यसको उपभोग आफ्नो स्वेच्छाले स्वतन्त्र रूपमा गर्न पाउछन् । परिवारका अन्य सदस्यले मास्न खान पाउँदैनन् । यदि परिवारले खर्च गर्न आवश्यक भई खर्च गर्नु परेमा वा ऋण लिन-दिन परेमा पछि अंशियारहरूको सामूहिक

धनबाट सोध भर्ना गर्न उमेर पुगेका एकाघरका सबै अंशियारहरूको मञ्जुरीको लिखत गराएर मात्र खर्च गर्नुपर्दछ । त्यस्तो मञ्जुरीको लिखत नभएमा सबै अंशियारबाट भराउन नमिल्ने व्यवस्था रहेको छ (थापा, १९८५: ५१) । सैद्धान्तिक रूपमा दाइजो माइती वा मावलीपट्टिका नातेदार र इष्टमित्रले दुलहीलाई दिएको चल अचल र त्यसबाट बढे बढाएको सम्पत्ति भन्ने बुझिएता पनि केटापक्षका परिवारका सदस्यलाई दिइने विभिन्न वस्तुहरू र विवाहमा हुने अन्य सम्पूर्ण खर्चलाई व्यवहारमा दाइजोको अर्थ लगाएको पाइन्छ ।

यसरी दाइजो महिलाको व्यक्तिगत आर्थिक सुरक्षाको निम्ति दिने गरेको पाइन्छ । तर पनि महिलाहरूले दाइजोलाई नितान्त व्यक्तिगत रूपमा राख्न, आफू खुशी गर्न र परिचालन गर्न पाएका र सकेका छैनन् । नगद, जमिन आदि जस्ता दाइजोका स्वरूपलाई महिला एक्लैले उपभोग गर्न पाए पनि दैनिक प्रयोगमा आउने जिन्सी सामानको उपभोग सबैले गर्न मिल्ने र महिलाले त्यसबाट कुनै आर्थिक उपलब्धि लिन नमिल्ने देखिएको छ । यस अध्ययनमा वैवाहिक संस्कारका रूपमा दाइजो दिने प्रथा र परम्परालाई दृष्टिगत गर्दै दाइजो प्रथाप्रति महिलाहरूको धारणा बुझ्ने प्रयासका साथै महिलाहरूको शैक्षिक, आर्थिक, सामाजिक अवस्था विश्लेषण गर्न खोजिएको छ ।

## १.२ समस्याको कथन

विवाहपछि परिवार र नातेदारी जस्ता सामाजिक संस्थाको निर्माण हुन्छ भने समाज र संस्कृतिअनुसार वैवाहिक प्रवृत्तिको स्वरूप र संस्कार विकसित भएको हुन्छ । यस्ता वैवाहिक संस्कारहरूमा कुनै समाजमा दाइजो वा तिलक दिने चलन छ भने कतै दूधको भारा भनेर छोरीको मूल्य लिने चलन रहेको छ । कुनै जाति र धर्म विशेषका आ-आफ्नै वैवाहिक संस्कार हुने हुँदा समाजमा कतै दाइजो दिने र लिने वैवाहिक संस्कारहरू देखिन्छन् भने कतै दाइजो दिने र लिने नगरीएका वैवाहिक संस्कारहरू देखिन्छन् । यस अध्ययन केन्द्रित रहेको हिन्दू धर्म मान्ने ब्राम्हण जातिको वैवाहिक संस्कारमा भने दाइजो प्रथा प्रचलित रहेको र यसै वैवाहिक संस्कारका आधारमा दाइजो प्रथालाई विश्लेषण गर्ने जमर्को गरिएको छ ।

दाइजो प्रथाको कुनै न कुनै स्वरूप वैदिक कालदेखि नै चल्दै आएको पाइन्छ । सामाजिक परिवर्तनका क्रममा दाइजोका स्वरूप र मान्यताहरू परिवर्तन हुँदै आइरहेका छन् र भविष्यमा पनि यसको स्वरूप अझ जटिल बन्दै जान सक्ने सङ्केत देखिन्छ । दाइजो

प्रथाप्रति समाजका कतिपय सदस्यहरूमा सकारात्मक धारणा रहेको छ भने कतिपय सदस्यमा नकारात्मक धारणा पनि भएको पाउन सकिन्छ । यसरी दाइजोप्रतिको धारणात्मक अवस्था पनि फरक फरक रहेको छ । पछिल्ला दिनमा दाइजोलाई सांस्कृतिक कुरीतिका रूपमा हेर्नेहरूको जमात बढ्दो छ र यसलाई पारिवारिक द्वन्द्व र हिंसाको कारक तत्त्वका रूपमा पनि लिने गरिएको छ ।

समाजमा प्रचलित विभिन्न संस्कृति रीतिरिवाज, चालचलन र संस्कारहरूले प्रकार्यात्मक अन्तर सम्बन्धको भूमिका खेलि रहेको हुन्छन् तर समाजमा त्यस्ता कुरिति र कुप्रथाहरू हुन सक्छन् जसले समाजमा द्वन्द्वात्मक भूमिका पनि खेल्न सक्दछन् । त्यसैगरी वैवाहिक संस्कारमा प्रचलित दाइजो प्रथा, जसले समाजमा विगतमा प्रकार्यात्मक वा द्वन्द्वात्मक कुन भूमिका खेलेको थियो, हाल कुन रूपमा रहेको छ र भविष्यमा कस्तो रूप धारण गर्न सक्ला भन्ने प्रश्न उभिएको छ । दाइजोप्रथा कुनै व्यक्ति, परिवार र समुदायको मात्र घटना नभएर राष्ट्रिय चासोको विषय बन्न पुगेको छ । आजका दिनहरूमा विवाहमा गरिने विविध संस्कारहरू मध्ये दाइजोको आदानप्रदानले विशेष भूमिका खेल्ने गरेको र चर्चामा आउने गरेको छ । दाइजो कम ल्याएको वा नल्याएको निहुँमा विवाहित बुहारीलाई अंगभंग गर्ने, जिउँदै जलाउने, दोस्रो विवाहको धम्कि दिने, जिउ मास्ने जस्ता पारिवारिक हिंसाहरू पनि हुने गरेका छन् भने अर्कोतर्फ वर र वधुको परिवार बीच विवाहमा दाइजो लिने र दिने व्यवहार सौहार्द्र रूपमा सम्पन्न भई दुवै परिवारका बीचमा सुमधुर सम्बन्ध स्थापित भएको पनि पाइन्छ ।

समाजमा आफ्नो आर्थिक हैसियत देखाउने वाहानाका रूपमा उच्च वर्गका व्यक्तिहरूले छोरीको विवाह खर्चिलो गर्ने प्रकृति बढेको छ भने मध्यम र न्यून वर्गहरू यस्तो व्यवहार चलाउन असमर्थ भएका छन् जसले गर्दा छोरा र छोरीमा फरक दृष्टिकोण रहेको तितो यथार्थ छ । पुरुषको तुलनामा महिलाहरूको सामाजिक, शैक्षिक, राजनीतिक अवस्था नाजुक रहेको छ त्यसमा पनि महिलाको स्रोत र साधनमा पहुँच नहुँदा आर्थिक पक्षमा परनिर्भर हुनुपर्ने बाध्यता रहेको छ । त्यसैले दाइजोबाट महिलालाई कुन क्षेत्रमा कस्तो सहयोग मिलेको छ भन्ने बारेमा अध्ययन गर्न खोजिएको छ । विवाहमा दिएको दाइजोले महिलाका आधारभूत वा रणनीतिक कुन प्रकृतिका आवश्यता पूरा भएको छ होला भन्ने कुरा पनि चासोको विषय बन्न पुगेको छ र दाइजो प्रथाले सामाजिक जीवनमा खेलेको भूमिका र देखा परेका समस्याका विषयमा खोज गरिनु नितान्त आवश्यक देखिएको छ । माथि

उल्लेखित समस्याहरूले यस अनुसन्धानलाई निर्देशित गर्ने छन् । साथमा यस अध्ययनले निम्न अनुसन्धान प्रश्नहरूको उत्तरहरू खोजि गर्ने जमर्को गरेको छ ।

क) ग्रामीण महिलाहरूमा दाइजो प्रथाप्रतिको धारणा कस्तो रहेको छ ?

ख) विवाहमा दाइजो ल्याउने र दाइजो नल्याउने महिलाहरूको धारणा कस्तो रहेको छ ?

ग) के कसरी दाइजोप्रति महिलाहरू सकारात्मक वा नकारात्मक धारणा बनाउँदा रहेछन् ?

घ) दाइजो प्रथाले महिलाहरूमा कस्तो प्रभाव परेको छ ?

ङ) दाइजोको कारणले छोरीहरूप्रति आमाबाबुको सोचाइ कस्तो बनेको छ ?

च) छोरीका अभिभावकहरूले छोरीको शिक्षामा खर्च गर्छन् वा उसको विवाहमा दिइने दाइजोमा खर्च गर्छन् ?

छ) महिलाहरूलाई सम्पत्तिमा अधिकार दिनु ठीक हो कि दाइजो दिनु ठीक हो ? वा कुनै ठीक होइन ?

ज) विवाहमा दिइएको दाइजोले महिलाहरूले कस्तो उपलब्धी गर्न सकेका छन् ?

झ) छोरीलाई दाइजो आवश्यकता हो कि बाध्यता हो ?

ञ) विगतदेखि वर्तमानसम्म दाइजो प्रथाको धारणामा के - कस्ता परिवर्तनहरू देखिएका छन् ?

झ) दाइजो प्रथाप्रति मानिसहरूको भनाइ र व्यवहार उस्तै होला कि फरक होला ?

## १.३ अनुसन्धानका उद्देश्यहरू


यस अध्ययनमा नेपाली हिन्दू समाज र संस्कृतिमा प्रचलित दाइजो प्रथाका बारेमा विश्लेषण गरिएको छ । दाइजो प्रथाप्रति रहेको धारणा र दृष्टिकोणलाई बुझ्नुको साथै महिलाहरूको सामाजिक, आर्थिक, शैक्षिक अवस्थाको बारेमा पनि विश्लेषण गरिएको छ । यस्तै दाइजो प्रथाप्रति धारणामा आएको परिवर्तनका बारेमा पनि विश्लेषण गरिएको छ । जसमध्ये यस अध्ययनको सामान्य उद्देश्यमा दाइजो प्रथाप्रति महिलाहरूको धारणा बुझ्ने र विश्लेषण गर्ने रहेको छ भने विशिष्ट उद्देश्यअन्तर्गत निम्न उद्देश्य रहेका छन् ।

क) दाइजो प्रथा र महिलाको अवस्थाका बारेमा अध्ययन र विश्लेषण गर्नु ।

ख) दाइजो प्रथाप्रतिको धारणामा आएको परिवर्तन बारे अध्ययन र विश्लेषण गर्नु ।

## १.४ अध्ययनको अवधारणात्मक खाका

यस अनुसन्धानमा दाइजो प्रथाप्रतिको धारणा बुझ्ने क्रममा दाइजोसँग सम्बन्धित अन्य चलहरूबीचको अन्तरसम्बन्धलाई पनि विश्लेषण गरिएको छ । यस अध्ययनमा व्यक्तित्व, विवाह, परिवार र समुदाय स्वतन्त्र चलको रूपमा सामाजिक संरचना र पारिवारिक संरचनाका विभिन्न स्वरूपहरू हस्तक्षेपी चलको रूपमा दाइजो प्रथाप्रतिको सकारात्मक र नकारात्मक धारणा आश्रित चलहरूका रूपमा लिएर चलहरूको अन्तरसम्बन्धलाई विश्लेषण गर्ने जमर्को गरिएको छ ।




प्रस्तुत खाकामा रहेका व्यक्तित्व, विवाह, परिवार र समुदाय स्वतन्त्र चलहरू हुन् । यी स्वतन्त्र चलहरू माथि सामाजिक संरचनाका रूपमा रहेका सामाजिक मूल्य मान्यता र दृष्टिकोण, सांस्कृतिक प्रथा र परम्परा, लैङ्गिक सामाजिकीकरण र पारिवारिक संरचनाका रूपमा रहेका व्यक्तिहरूको प्रवृत्ति, पुरुष सदस्यको धारणा, महिला सदस्यको धारणा, स्रोत

साधनमा पहुँच आदि हस्तक्षेपी चलहरूले प्रत्यक्ष प्रभाव पार्दछन् र दाइजो प्रथाप्रति सकारात्मक धारणा र दाइजो प्रथाप्रति नकारात्मक धारणाले अप्रत्यक्ष प्रभाव पार्दछन् र यिनै स्वतन्त्र, हस्तक्षेपी र आश्रित चलहरूबीचका आपसी अन्तरक्रियात्मक अन्तरसम्बन्ध विकसित हुँदा दाइजो प्रथाप्रतिको धारणामा सकारात्मक वा नकारात्मक धारणाको परिणाम देखिएको छ ।

## १.५ अध्ययनको औचित्य र महत्त्व

आजको सन्दर्भमा लैङ्गिक मुद्धा राष्ट्रिय र अन्तराष्ट्रिय रूपमा बहसको विषय बनेको छ । नेपालमा मात्र होइन संसारभरि नै लैङ्गिक असमानताका कुनै न कुनै रूपहरू पाउन सकिन्छ । त्यसैले आजको परिप्रेक्ष्यमा लैङ्गिक समानताका लागि अध्ययन अनुसन्धान गर्नु समस्याको पहिचान गर्नु र त्यसको समाधानको बाटो खोज्नु अवश्य पनि औचित्यपूर्ण रहेको छ ।

समाजशास्त्रीय अध्ययन भएको हुँदा निश्चय नै यो अध्ययन समाजका घटनासँग बढी सम्बन्धित हुनुपर्दछ । सामाजिक परम्परा, रीतिरिवाज, भाषा, धर्म, चालचलन र प्रथाहरू समाज संचालनका महत्त्वपूर्ण आधारहरू हुन् । त्यसैले यस्ता पक्षमा अध्ययन हुनु आवश्यक छ । हाम्रो समाजमा लैङ्गिक अध्ययनभित्र रहेर विभिन्न अध्ययनहरू हुने गरेको पाइन्छ । लैङ्गिक असमानताका विषयलाई पनि उठाउने गरिन्छ । तर किन लैङ्गिक असमानता रहेको छ र यो असमानताको सुरूआत कहाँबाट भएको छ भन्ने कुरामा ती अध्ययन मौन रहेका छन् । यसरी सतहमा गरिने अध्ययनले लैङ्गिक असमानतालाई उजागर त गर्छ तर त्यसको समाधानको खोजी गर्न सक्दैनन् । लैङ्गिक दृष्टिकोणबाट गरिने अध्ययनको सन्दर्भमा महिलामाथि हुने गरेका भेदभाव र महिलासँग सम्बन्धित सतीप्रथा, बाल विवाह, बहुविवाह प्रायजसो हटिसकेका छन् भने दाइजो प्रथाले समाजमा प्रश्रय पाउँदै गइरहेको छ । यसले महिलाहरूको अवस्थामा कस्तो प्रभाव पारेको छ र आम महिलाहरूमा दाइजो प्रथाप्रति कस्तो धारणा बनेको छ भन्ने यस अध्ययनको चासो रहेको छ ।

हाम्रो सोचाइ, भोगाइ र देखाइमा दाइजो प्रथाले समाजमा विनाशकारी र द्वन्द्वात्मक भूमिका खेलेको पाएका छौं । हिन्दू संस्कारले अन्तरजातिय विवाह, विधवा विवाह, सम्बन्ध विच्छेदमा निषेध लगाएको छ । महिलाको स्वतन्त्रता र एकल अस्तित्व स्वीकारेको छैन । महिलाले आफूखुसी आफ्ना जीवनका कुनै पनि निर्णय गर्न पाउँदिनन् । प्रेम विवाहलाई समाजमा नराम्रो दृष्टिले हेरिन्छ । जसले गर्दा मागी विवाह बढी हुने र त्यस्ता विवाहमा दाइजोको लेनदेन हुने गरेको पाइएको छ । दाइजोको लेनदेनमा केटा र केटी पक्ष दुवै संलग्न भएता पनि यसको प्रत्यक्ष

असर महिलामाथि परेको छ । त्यसैले महिलासँग सम्बन्धित अहिलेको सान्दर्भिक र अति संवेदनशील अवस्थामा रहेको दाइजो प्रथा सम्बन्धी अध्ययन, अनुसन्धान आवश्यक ठानेकी छु । यो अध्ययनले पछि हुने कुनै पनि लैङ्गिक दृष्टिकोणबाट गरिने अनुसन्धानलाई सहयोग गर्नेछ । त्यस्तै स्थानीय वा राष्ट्रिय स्तरमा नीति, नियम, ऐन र कानुन निर्माण गर्नमा नीति निर्मातालाई सहयोगी भूमिका खेल्ने छ । साथै यो समस्यासँग चासो राख्ने सरकारी / गैरसरकारी संस्था वा एजेण्टलाई आवश्यक सूचना र तथ्याङ्क उपलब्ध गराउने छ । समग्रमा भन्नुपर्दा यो अध्ययनले दाइजोसम्बन्धी गरिने अध्ययनलाई सघाउने छ ।

## १.६ अध्ययनको सीमा

यो अध्ययन शैक्षिक उद्देश्यले गरिएको हुँदा सम्पूर्ण महिलाहरूको धारणालाई समेट्न समय र स्रोतले नभ्याउने कारणले गर्दा पुम्दी भुम्दी गा.वि.स. अन्तरगत रहेर अध्ययन गरिएको छ । भिन्न क्षेत्र, धर्म, जातिअनुसार दाइजो प्रथाको प्रचलन, मान्यता र प्रकृति फरक हुने हुँदा सबैलाई समेट्न खोज्दा अध्ययनको सार्थकता नहुने हुँदा पुम्दी भुम्दी गा.वि.स. को २ र ३ नं. वडाहरूलाई समेटिएको छ । यस अध्ययनमा ब्राम्हण जातिका विवाहित महिलाहरूलाई प्रतिनिधिको रूपमा छानिएको छ । नेपाल विविधतायुक्त राष्ट्र भएको हुँदा सम्पूर्ण नेपालभरि यसको सामान्नीकरण गर्न भने नसकिएला ।

## १.७ संगठनात्मक ढाँचा

यस शोधपत्र जम्मा सात अध्यायमा विभाजित गरिएको छ । जसअन्तर्गत पहिलो अध्यायमा अध्ययनको पृष्ठभूमि, समस्याको कथन, अनुसन्धानका उद्देश्यहरू, अवधारणात्मक खाका, अध्ययनको औचित्य र महत्त्व, अध्ययनको सीमा आदि समेटिएको छ भने दोस्रो अध्यायमा सैद्धान्तिक आधारहरूको विश्लेषण र यस अध्ययनसँग सम्बन्धित पूर्व साहित्यहरूको समीक्षा गरिएको छ ।

यस अध्ययनको तेस्रो अध्यायमा अध्ययन क्षेत्र छनौटको औचित्य, अनुसन्धान ढाँचा, समग्र र नमूना छनौट, तथ्याङ्कको प्रकृति र स्रोतहरू, तथ्याङ्क संकलन विधिहरू र तथ्याङ्कको विश्लेषण एवं प्रस्तुतीकरणलाई समावेश गरिएको छ । अध्याय चारमा अध्ययन क्षेत्रको सामाजिक र आर्थिक अवस्थाको बारेमा चित्रण गरिएको छ । त्यस्तै गरी अध्याय पाँचमा दाइजो प्रथा र महिलाहरूको अवस्था विश्लेषण गरिएको छ भने अध्याय छ मा दाइजो प्रथाप्रतिको धारणामा परिवर्तनका बारे विश्लेषण गरिएको छ र अन्तमा अध्याय सातमा अध्ययनको मूल सार र निष्कर्षलाई उल्लेख गरिएको छ ।

# अध्याय - दुई

# साहित्यिक पुनरावलोकन

## २.१ सैद्धान्तिक समीक्षा

**लिङ्ग र सामाजिक लिङ्गको अवधारणाः**

समाजले महिला र पुरुषलाई कस्तो प्रकारको भूमिका, अधिकार, स्रोत साधन दिन्छ,उनीहरूलाई कस्तो किसिमले व्यवहार तथा मानसिकता विकास गर्न सिकाउँछ त्यसको अर्थ बोध गर्नुलाई सामाजिक लिङ्ग(जेण्डर) भनिन्छ (भासिन,२००३) ।

लिङ्ग शब्दले महिला र पुरुष शरीरको भौतिक भिन्नतालाई जनाउँछ र लैङ्गिक शब्दले मनोवैज्ञानिक, सामाजिक र सास्कृतिक भिन्नता लाई बुझाउँछ (गिडेन्स-२००१) हरेक समाजमा महिला र पुरुषले निर्वाह गर्नुपर्ने भूमिका अलग-अलग हुने गर्दछ भने लिङ्गको आधारमा महिला र पुरुष दुवैबाट समाजले अपेक्षा गरेको भूमिका नै लैङ्गिक हो । लैङ्गिकले महिला र पुरुषको सामाजिक, साँस्कृतिक, अतिरिक्त आर्थिक विशेषतालाई पनि जनाउँछ । जसरी लिङ्ग अर्न्तरगत महिला वा पुरुष भनी जन्मजात निर्धारण भएर आउछ, त्यसैगरी जेण्डर पनि लिङ्गका आधारमा व्यक्तिसंग जोडिएर आउने सास्कृतिक मूल्य, मान्यता, भूमिका तथा विशेषताहरूको समष्टिगत रूप हो । प्रत्येक व्यक्तिमा स्त्रीत्व र पुरुषत्वको गुण हुन्छ तर समाजले केटीभित्र लुकेको पुरुषत्व र केटाभित्र लुकेको स्त्रीत्वलाई बाहिर आउन अर्थात मौलाउन दिँदैन (भासिन, २००३) ।

लैङ्गिक भूमिका भन्नाले सामाजिक परम्परा, मूल्य, मान्यता अनुसार महिला पुरुषको काम, सोचाईलाई बुझाउँछ । महिला र पुरुषले समाजको अपेक्षा अनुसार सम्पादन गर्ने उत्तरदायित्व र जिम्वेवारी हो । समाजको अपेक्षा अनुसार महिला र पुरुषका लागि विभाजन गरिएको कार्य नै लैङ्गिक श्रम बिभाजन हो । विभिन्न स्रोत र साधनमा महिला तथा पुरुषको अधिपत्य तथा नियन्त्रण रहनुलाई लैङ्गिक पहुँच र नियन्त्रण भनिन्छ । महिला र पुरुष बीचमा रहेको शक्ति सम्बन्धले गर्दा यी दुईले सम्पादन गर्ने कामको मूल्य फरक हुन्छ । शक्तिले लैङ्गिक भूमिकालाई निरन्तरता दिन सहयोग पुऱ्याउछ । भाषा, नातेदारी, धर्म, प्रविधि जस्तै लैङ्गिक पनि मानव आविष्कार हो । लैङ्गिकले मानिसको सामाजिक जीवनलाई सांस्कृतिक

ढाँचा अनुरूप संगठित गर्दछ । यो विगतमा परिवर्तन भएको थियो, वर्तमानमा परिवर्तन भएको छ  र भविष्यमा पनि परिर्वतन हुनेछ (अर्याल, २०६२: ७) ।

यसरी लैङ्गिक अध्ययनले आर्थिक, राजनीतिक, शैक्षिक, सामाजिक, सांस्कतिक र प्राविधिक आदि पक्षहरूमा महिला र पुरुषको अवस्था तथा स्थितिको विश्लेषण गर्दछ । मानवीय अस्तित्व तथा सामाजिक  व्यवस्थापन र निरन्तरताका लागि समाजमा महिला र पुरुषले विभिन्न कार्यहरू सम्पादन गर्दछन् । तर हाम्रो देशमा महिला तथा पुरुषको स्थान समान छैन । महिला तथा पुरुषले सम्पादन गर्ने भूमिकाको कार्यभार, प्रतिफल, सामाजिक मूल्याङ्कन असमान रहेको छ । त्यसैले लैङ्गिक  अध्ययनले महिला र पुरुषका बीचमा रहेका सामाजिक, आर्थिक, राजनीतिक, सास्कृतिक, मनोवैज्ञानिक पक्षको अवस्था, सम्वन्ध, अर्न्तक्रिया, समानता, विभेद, असमानता आदिको विश्लेषण गर्दै महिला र पुरुषको समानताको खोजी, अध्ययन, अनुसन्धान गर्दछ । प्राकृतिक रूपमा महिला र पुरुषको संरचना फरक भए पनि महत्त्व समान रहेको र सामाजिक तथा साँस्कृतिक रूपमा शक्ति सम्बन्धको असमान अभ्यासले गर्दा स्तरीकरणको सिर्जना भएको हो । त्यसैले यस अध्ययनले महिला र पुरुष दुवैको सहयात्राद्वारा लैङ्गिक समानतामूलक, उन्नत र दिगो समाजको निर्माण गर्न खोज्दछ (मार्सल, १९९८: २५१) । लैङ्गिक अध्ययन विभिन्न पूर्वाग्रह दुराग्रहबाट माथि उठेर दिगो मानवहित खोज्ने विषय हो । यो एकपक्षीय र मनगढन्ते दृष्टि, अध्ययनवाट टाढा रही सर्वपक्षीय (महिला र पुरुष) हित र भलो खोज्ने विषय हो । यसको उद्देश्य पितृसत्तात्मक समाजलाई ध्वस्त पारी मातृसत्तात्मक राज्य स्थापना गर्नु होइन लैङ्गिक रूपमा सन्तुलित सामाजिक संरचनाको वकालत गर्ने विषय हो । वर्तमान समयमा लैङ्गिक अध्ययन महिला केन्द्रित रहनु स्वाभाविकै हो किनभने संसारका विकसित वा  अविकसित सवै मुलुकमा कम मात्रामा होस या बढी मात्रामा महिलाहरू विभिन्न पक्षमा भेदभाव गरिएका, असमान स्थितिमा रहेका, शोषण गरिएका छन । कमला भानिसले भनेजस्तै नेपाली महिलाको उत्पादन, पुर्नउत्पादन, यौनिकता, गतिशिलता, स्रोत तथा सम्पत्तिमा पहुँच आदि सवै पक्षमा पुरुषको नियन्त्रण रहेको छ । पितृसत्तालाई कायम राखिराख्नका लागि महिलाप्रति लक्ष्य गरेर धर्मको अपव्याख्या गरिएको छ । महिलालाई सीमित क्षेत्रमा राख्न विभिन्न चाडपर्व , उत्सव, जात्रा, मेला, प्रथा, संस्कारमा, महिलाप्रति भेदभाव गरिएको छ । महिलालाई गहना, पोते तथा अन्य मनोरञ्जनका साधनमा सीमित गरी अप्रत्यक्ष रूपमा महिलाको स्वतन्त्र अस्तित्वलाई नियन्त्रण गरिएको छ (अर्याल, २०६२: ११) ।

**महिलावादी अवधारणाः**

मानव सभ्यताको प्रारम्भमा महिला र पुरुषबीच विभेद र असमानताका दूरीहरू ज्यादै सीमित थिए । जब समाज दास युग हुदै अगाडि बढयो तव पितृसत्तात्मक व्यवस्था संस्थागत रूपमा विकसित हुदै आएको पाईन्छ । समाजका हरेक क्रियाकलापहरूमा महिलाको भूमिकालाई कम महत्वका दृष्टिले हेर्दै आएको पाईन्छ । महिला भन्दा पुरुषले बढी अवसर र प्राथामिकता पाउँदै जाँदा महिला विभिन्न हक अधिकारबाट बञ्चित बन्दै गए । समाज भनेको विभिन्न संस्था, मूल्य, मान्यता, नियम, परम्परा, मान्यताहरूको गतिशील सन्तुलित व्यवस्थाको सञ्जाल भएको हुँदा महिला र पुरुषलाई निश्चित मूल्य मान्यता, भूमिका र पदहरू दिईएको हुन्छ । यिनै मूल्य मान्यता कतिपय अवस्थामा पुरुष केन्द्रित रहेका छन् भने कतिपय महिला केन्द्रित रहेका छन् । मानव इतिहासको सुरुआतसँगै महिला र पुरुषबीच असमान शक्ति सम्वन्ध विकसीत भएको पाईन्छ । तर विभिन्न कालखण्डमा महिलाको स्थिति र अवस्थाको वारेमा जागृत भई महिला हक, हित र अधिकारको आवाज उठ्दै आएको पाईन्छ । त्यसैले महिलावाद समाज र संस्कृतीको व्याख्या गर्ने एक वैकल्पिक दर्शन एवं सिद्धान्त हो साथै सशक्त आन्दोलन पनि हो । यसले महिलाका हक, हित, अधिकार, र समानतालाई जोड दिन्छ । यसले महिलाको दृष्टिबाट समाजका हरेक पक्षको विश्लेषण र व्याख्या गर्दछ । वास्तवमा नारीवाद महिलाहरूको पुरुष सरह समान अवसर, अधिकार र शक्तिको चाहना हो । यो पुरुष विशेषको विरोध कदापि होईन । किनकि महिला शोषण र अत्याचारको विरूद्धमा कतिपय पुरुषहरू पनि लागि परेका थिए र छन पनि जस्तै नेपाल र भारतमा सती प्रथा र दाइजो प्रथाको विरोध, चीनमा केटीहरूका खुट्टालाई बाँधेर बढ्न नदिने चलनको बिरोध आदि । नारीवादको सुरुआत १८औं शताब्दी देखि सुरू भएर पहिलो, दोस्रो र तेस्रो धार हुँदै अगाडि बढेको छ (चौलागाईंसमेत, २०६०: १६) ।

**महिलावादमा पहिलो धार :**

महिलावादी आन्दोलनको क्रमलाई केलाउँदा महिलावादको पहिलो धारको सुरुआत अमेरिकामा दासताको विरूद्ध महिलाद्वारा गरिएको आन्दोलनका साथै एलिजावेथ स्टान्टन र लुर्सिया मटद्वारा न्यूयोर्कमा गरिएको महिला सम्मेलनले महत्त्वपूर्ण भूमिका खेलेका छन् । महिला आन्दोलनको यो धार महिलाको राजनीतिक, कानुनी र व्यक्तिगत स्वतन्त्रतामा आधारित भएको पाइन्छ । यो आन्दोलनले दासताको विरूद्धमा मतदान गर्ने अधिकार, महिलाका आधारभुत अधिकार, रोजगारी र शिक्षा आदि विषयलाई जोड दिएको पाइन्छ ।

सन् १९५३ मा प्रकाशित सिमोन द वोउवारको “दी सेकेन्ड सेक्स ”पुस्तक नै महिलाको बारेमा लेखिएको पहिलो ऐकेडमिक पुस्तक थियो । महिला मुक्ति आन्दोलनलाई सैद्धान्तिक आधार प्रदान गर्ने युगान्तकारी दस्तावेजको रूपमा अगाडि आएको थियो । “स्त्री पैदा हुन्न बरू उसलाई बनाइन्छ” भन्ने धारणाका साथ पुस्तक लेखिएको थियो । यो धार सन् १९५० मा सुरू भएर सन् १९६० को प्रारम्भसम्म अस्तित्वमा रह्यो (मार्सल, सन २००४: २२८) ।

**महिलावादमा दोस्रो धार :**

महिलावादमा दोस्रो धारको विकास १९६० को दशकमा  भयो । सन् १९६३मा वेटी फ्रीडानले “दी फेमीनीजम मिस्टिक्यू” पुस्तकमा महिलालाई श्रम विभाजनबाट केवल घरभित्रका कामहरू जिम्मा लगाउने भएकाले महिला सीमित दाएरामा बाँधिन्छन् त्यसैले महिलालाई सार्वजनिक कामको  क्षेत्रमा पहुँच दिइएको खण्डमा महिला स्वस्फूर्त रूपमा स्वतस्त्र हुने थिए भनिएको छ । यो नै दोस्रो धारको विकासमा कोसेढुङ्गा सावित भयो । सन १९६० मा सुरू भएको महिला आन्दोलन विश्वका विभिन्न क्षेत्रमा प्रभाव पार्न सफल भयो । विभिन्न ठाँउमा महिला संगठनहरू स्थापना भए । त्यसै गरी धेरैजसो समसामयिक नारीवादी सिद्धान्तहरूले सामाजिक साँस्कृतिक पक्ष लगायत महिला असमानता र विकासको व्याख्या गरे । यसरी महिलावादी दोस्रो धारमा महिलाविरूद्धको दमन शोषणको अन्त्य र महिला स्वायत्ततालाई जोड दिएको पाइन्छ (मार्सल, सन २००४: २२९) ।

**महिलावादमा तेस्रो धार :**

महिलावादमा तेस्रो धार १९८० को दशक पछाडि सुरू भएको मानिन्छ । तेस्रो धारको महिलावादले महिलामाथि हुने दमनलाई फरक किसिमले व्याख्या गरेको छ । यसले मुलत नारी-नारी बीचमा हुने फरकपनको विश्लेषण गर्दछ । सबै महिला (दमित, शोषित, पीडित) को पीडा समान रहेको हुन्छ तर समाज, स्थान, उमेर, जाति संस्कृति, वर्ग, अवस्थितीअनुसार फरक-फरक रहेको छ । यो धारले जटिल अवस्थामा रहेका महिलाको समस्या उजागर गर्ने प्रयत्न गरेको छ । समाजमा निर्मित वस्तु तथा सेवाको असमान वितरणले गर्दा महिला महिलाबीच फरक भएको निष्कर्ष निकालेको छ । यस धारले ८० को दशकभन्दा अगाडि महिलाका सम्बन्धमा गरिएका अध्ययन, अनुसन्धान मनगणन्ते र यथार्थभन्दा टाढा रहेको भन्दै लैङ्गिक दर्शन र सिद्धान्तहरूलाई तीव्र आलोचना गरिएको छ । नारीवादी तेस्रो धारको सुरुआत भएपछि महिला आन्दोलन केवल पश्चिम समाजमा मात्रै

सीमित नभई तेस्रो विश्वमा समेत फैलियो । नारीवादमा यो धार पहिलो धार भन्दा धेरै आलोचनात्मक खालको छ । नारीवादी तेस्रो धारको मूल जरा उत्तरआधुनिकतावाद हो । उत्तर आधुनिकतावादले विविधता र पुनः संरचनाको व्याख्या गर्दछ । यस समयमा महिलाहरूमा सामाजिक, राजनीतिक, कानुनी तथा सास्कृतिक सुधार भएको छ । त्यसैले वर्तमान समयमा पनि विभिन्न सिद्धान्त विषय अर्न्तगत समेटिएका र स्वतन्त्र महिलावादीहरू विभिन्न संघसंस्थाहरू, महिला हकहित, अधिकार, स्वतन्त्रता, स्वायत्तताका लागि आन्दोलनरत छन् (मार्सल, सन २००४) ।

यसरी विगतदेखि वर्तमानसम्म महिलावादका सम्बन्धमा विभिन्न विचार, अवधारणा, उपागम तथा सिद्धान्तहरू देखापरेका छन् । यीमध्ये समसामयिक महिलावादी सिद्धान्तले सामाजिक जीवन र मानवीय अनुभवहरूको विकासका कममा देखा परेका व्यापक तहका विचारहरूलाई महिला केद्रित दृष्टिबाट प्रष्ट्याउने प्रयास गरेको छ । वास्तवमा महिलावादी सिद्धान्त महिला केद्रित छन् जसमा निम्न आधार रहेका छन :

- समाजमा महिलाका अवस्था र अनुभवहरूको अनुसन्धान गर्नु, अनुसन्धानको उद्देश्य र सम्पूर्ण अनुसन्धानको प्रारम्भिक विन्दु महिला नै रहनु ।
- सामाजिक विश्वलाई महिलाको फरक दृष्टिबाट हेर्ने प्रयास गर्नु
- महिलावादी सिद्धान्त महिलाको चुनौती र सक्रियताको प्रतिनिधित्व गर्ने सिद्धान्त हो, जसले महिलाका लागि सुन्दर संसार निर्माण गर्न खोजिरहेको छ ।

महिलाका बारेमा के त ? महिलाको अवस्था किन यस्तो छ ? महिलाहरूका बीचमा हुने फरक बारेमा के त ? अवस्थाहरूमा सुधार कसरी गर्ने त ? भन्ने आधारभूत प्रश्नहरूमा महिलावादी सिद्धान्तका प्रकारहरू आधारित रहेका छन (रीटजर, १९९६: ४४४) ।

जसमा पहिलो प्रश्नको उत्तरमा महिलाको अवस्था, अनुभव र स्थान पुरुषको भन्दा फरक रहेको छ भन्दै लैङ्गिक विभिन्नताको सिद्धान्तद्वारा व्याख्या गर्ने प्रयास गरिएको छ । दोस्रो प्रश्नको उत्तरमा महिलाको अवस्था पुरुषको भन्दा फरक मात्र नभई कम विशेषाधिकारयुक्त अथवा पुरुषको भन्दा असमान छ जसको व्याख्या लैङ्गिक असमानताको सिद्धान्त मार्क्सवादी र उदारवादी कोणबाट गरिएको छ । तेस्रो प्रश्नको उत्तरमा महिला र पुरुषबीचमा रहेको प्रत्यक्ष शक्ति सम्बन्धबाट महिलाको अवस्था बुझ्नुपर्छ । महिलाहरू दमित भएका छन्, उनीहरू पुरूषद्वारा नियन्त्रीत गरिएका, अधीनमा राखिएका, प्रयोग गरिएका, दुर्व्यावहार गरिएका, च्यापिएका छन् यसको व्याख्या लैङ्गिक दमनका सिद्धान्तले गर्ने प्रयास

गरीएको छ । नारीवादमा तेस्रो धारको केन्द्रीय सोधले चौथो प्रश्नको सम्भाव्यतालाई समाधान गर्ने प्रयास गरेको छ (रीटजर, १९९६: ४४५) ।

यसरी महिलावादी आन्दोलन अगाडी बढ्ने प्रकृयामा विभिन्न धारमा विभिन्न महिलावादी दृष्टिकोण / सिद्धान्त / अवधारणाहरूको विकास भएको पाइन्छ । जसमध्ये केही निम्नानुसार छन :–

**क) उदार महिलावाद वा सुधारात्मक महिलावाद :**

महिला मुक्ति र स्वतन्त्रता सम्बन्धमा उदार महिलावादी सैद्धान्तिक विश्लेषणले निकै महत्त्व राख्दछ । जसले महिलाको स्वतन्त्रता र विकासलाई जोड दिएको छ । महिलालाई सामाजिक सांस्कृतिक मान्यताले समाजमा निर्दिष्ट कार्य विभाजनको स्वरूप निर्धारण गर्छ भन्ने मान्यता यसमा रहेको छ । उनीहरू पुरुषसरह सबै प्रकारका कार्य गर्न स्वतन्त्र छैनन त्यसैले उनीहरूको स्वतन्त्रतालाई बढावा दिन सके महिला मुक्तिका प्रयासहरू सार्थक रहन सक्छन् भन्ने मान्यता राख्दछ (रीटजर, १९९६: ४५५) ।

उदार महिलावादीहरूले महिलाहरूलाई स्वतन्त्रता उपलब्ध गराउन सकिएमा समान अवसरहरू प्रदान गर्न सकिएमा महिला प्रतिका गलत मान्यता र सामाजिकीकरणको प्रक्रियाबाट समाजलाई मुक्त गर्न सकिएमा मात्र महिला विकासको अवस्था सफल हुन सक्छ भन्ने व्याख्या र विश्लेषण गर्दछन् । महिलामा प्रजनन् अधिकार, समान शिक्षा, समान काममा समान ज्याला, समान घरयासी उत्तरदायित्व, समान आर्थिक अवसर, राजनीतिक अधिकार आदिमा पहुँच हुनुपर्ने व्याख्या गरिएको छ । उदार महिलावादीहरूले महिलाको अवस्था सुधार गर्न कानुनी र सास्कृतिक बन्देजको खारेजीको खाँचो ठान्दछन् (आचार्य, २०६१: ३२४) ।

उदार महिलावादले महिला समानता, स्वतन्त्रता, विकास र विभेदको अन्त्यलाई जोड दिन्छ । महिला तथा पुरुषहरूबीच रहेको लैङ्गिक विभेदयुक्त कार्य विभाजन, यौन व्यवहार, पारिवारिक संरक्षण तथा सामाजिक भूमिका र उमेरको विभेदका विरूद्धमा स्वतन्त्रताको आवाज उठाउने कार्य उदार महिलावादबाट भएको थियो । लैङ्गिक असमानताका कारण उत्पन्न सबै खाले बन्देजहरूका विरूद्धमा यो महिलावाद खडा भएको देखिन्छ । व्यक्तिगत स्वतन्त्रतालाई नैसर्गिक स्वतन्त्रता मानिएको छ । प्राकृतिक रूपमा नै महिला र पुरुषमा फरक स्थिति रहेकोले त्यसै अनुरूपको व्यवहारलाई गर्न दिइन्छ जसका कारण बच्चापनदेखि नै महिलाहरू परनिर्भर बन्ने प्रक्रिया सुरू हुने भएकोले प्राकृतिक आधारमा रहेको लिङ्ग

अवस्थालाई आधारित गरेर सामाजिक भूमिका निर्धारण हुने सामाजिक विश्वास र परम्परालाई गलत ठान्दछन् । त्यसै गरी विवाह, परिवार, नातासम्बन्ध, धार्मिक संस्था आदिमा समेत लैङ्गिक विभेदको स्थिति रहेकोले त्यसबाट महिलाहरू शक्तिहीन बनेका हुन्छन् । महिलाहरूको स्वतन्त्रता हट्छ र परनिर्भरता बढ्दै जान्छ । त्यसैले उदार महिलावादले ज्याला, अवसर तथा स्वतन्त्रताका सवालमा महिलाको स्वतन्त्रतालाई जोड दिदै नीतिगत रूपमा कानुनी सुधार र गलत लैङ्गिक सामाजीकरणको सच्चाइमा जोड दिएको छ । यसका साथै हरेक पक्षमा महिलालाई स्वतन्त्रता प्रदान गर्नुपर्ने तर्क राख्दै महिलाको पहुँचमा जोड दिन्छ । वर्तमान सामाजिक संरचनामा नै बसेर महिला मुक्तिको सम्भावना यस व्याख्याले देख्दछ । समष्टिमा भन्नुपर्दा यो व्याख्या  सुधारात्मक छ (रिटजर, १९९६) ।

**ख) मार्क्सवादी महिलावाद :**

मार्क्सवादी महिलावादको उत्पत्ति र विकासको सन्दर्भलाई हेर्दा कार्लमार्क्स र फ्रेडरिक एन्गेल्सको कृति “ओरिजिन अफ दी फ्यामिली, प्राइभेट प्रोपटी एण्ड दी स्टेट” (१८८४) लाई लिन सकिन्छ । जसमा समाजमा रहेको लैङ्गिक विभेदको कारक  तत्त्वहरू र विश्लेषणका तरिकाहरूको उल्लेख गरिएको छ । यस महिलावादले मार्क्सवादी धरातलमा टेकेर मार्क्सलाई आलोचना गर्दै मार्क्सकैधारमा बसेर विश्लेषण गर्दछ ।  समाजको इतिहास भनेको नै वर्ग सङ्घर्ष मात्र हो त भन्ने सवाल गर्दै समाजमा वर्ग-वर्ग बीच मात्र सङ्घर्ष नभएर शोषित र शोषण गर्ने समूहबीच मात्र संघर्ष नभएर महिला र पुरुषबीच पनि असमान शक्ति सम्बन्ध रहेको छ भन्दछन् । माक्सवादी महिलावादले वर्गीय आधारमा समाजको  व्याख्या र विश्लेषण गर्न सकिएमा महिला माथिको दमन, विभेद, असमानता जस्ता पक्षलाई हटाउन सकिन्छ भन्ने सोचाइ राख्दछ । यसप्रकारको महिलामाथिको दमन, अत्याचार तथा शोषण खास गरी पितृसत्ता र पूँजीवादी संरचनावाट भएको निष्कर्ष मार्क्सवादी महिलाहरूको रहेको छ । निजी सम्पत्तीको अवधारणाको विकाससंगै उत्पादन व्यवसायमा पुरुषका सहयोगीका रूपमा महिलालाई परिभाषित गरियो । सम्पत्तिको निरन्तर हस्तान्तरण र संम्वद्धनका लागि छोरा जन्माउने मेसिनको रूपमा महिलालाई  लिन थालियो । महिलाहरू घरभित्रकै धन्दामा सीमित गरिए या त कमसल कार्यमा कम ज्यालामा लगाए । जसलाई मलजल गर्ने कार्य समाजमा रहेको पितृसत्ताले गऱ्यो । पूँजीवादी समाजको उदयसँगै महिलाहरूले असमानता, दमन, अत्याचार सहनुपर्थ्यो । कार्लमार्क्सले महिला र पुरुषबीच रहेको असमान शक्ति सम्वन्धलाई विश्लेषण गर्दै भनेका छन् कि पूँजीवादी

समाजमा जसरी पूँजीपतिहरूले स्रोतमाथि नियन्त्रण गरे त्यसरी नै महिलाहरू श्रमजीवी जस्तै हुन्छन् । जहाँ स्रोतमाथिको नियन्त्रण पुरुषहरूको हातमा केन्द्रित भएको हुन्छ (आचार्य, २०६१: ३२८) ।

मार्क्सवादीहरू महिला र पुरुष बीचको सम्बन्ध वैज्ञानीक आधारमा विश्लेषण गर्दछन । जसमा महिलाहरूमाथि रहेका सामाजिक आर्थिक तथा सांस्कृतिक विभेदको अन्त्य गरी उत्पादन शक्तिमाथिको पहुँच बढी मजबुत पार्नुपर्ने तथ्यमा जोड दिन्छन । महिलाहरूमा भएको ज्ञान, सीप र क्षमताको प्रयोग गर्नुपर्छ भन्छन । मार्क्सवादी महिलावाद अनुसार समाजको विश्लेषण जसरी वर्गीय आधारमा गर्न जरूरी छ त्यसरी नै लैङ्गिक आधारमा पनि विश्लेषण गर्न आवश्यक ठान्दछन् । समाजको पूँजीवादी ढाँचामा परिवार स्तरबाटै श्रमको शोषण भएको छ । महिलालाई गलत सामाजिकीकरण गरिएको छ । कमवेतनमा कमसल काम लगाएको छ । घरयासी कार्यलाई उत्पादनशील कार्यका रूपमा गणना गरिएको छैन । विद्यमान पितृसत्तालाई कायम राखीराख्न त्यस्तै किसिमका मूल्य र मान्यताहरू पूँजीवादी समाजमा बनाएका छन । त्यसैले मार्क्सवादीहरू वर्तमान संरचनालाई सुधार नगरी आमुल परिर्वतनबाट लैङ्गिक विभेद हटाउन सकिन्छ भन्ने मान्यतामा विश्वास गर्छन् तर पनि उनीहरू वर्तमान संरचनामा समान ज्याला, काममा समानता, न्यायपूर्ण दृष्टिकोण, कार्यको मूल्याङ्कन, व्यावहारिक श्रम विभाजन आदिलाई जोड दिन्छन् (रीटजर, १९९६) ।

### ग) आमूल महिलावाद /क्रान्तिकारी महिलावाद :

आमूल महिलावादले समाजका प्रत्येक तहमा महिलाहरू देखिएका छन् त्यसैले सामाजिक सांस्कृतिक तथा आर्थिक सर्न्दभमा महिलाको विश्वव्यापी अवमूल्यनलाई निर्मूल पार्न महिलाको सामाजिक मूल्यको खोजी गर्नुपर्ने तथ्यमा जोड दिन्छ । यो आमूल महिलावाद सन् १९६० को दशकको अन्त्यतिरबाट बढी प्रभावशाली बन्यो । यसले समाजका प्रत्येक जात, वर्ग, संरचना, संस्थामा दमन, विभेद, र असमानता रहे पनि लैङ्गिक विभेदको जटिलतालाई विशेष जोड दिन्छ । यस्ता लैङ्गिक विभेदको महत्त्वपूर्ण कारक तत्त्व भने पितृसत्ताअर्न्तगतको सामाजिक सम्बन्ध हो भन्ने बुझाई आमूल महिलावादीहरूको रहेको छ । यिनीहरूका अनुसार महिला विभेद र दमनको प्रारम्भिक थलो नै परिवार हो । जहाँ प्राकृतिक लिङ्गका आधारमा श्रम विभाजन र यस्तै अनुरूप सामाजिकीकरण तथा भूमिका हस्तान्तरण हुने गर्छ । आमूल महिलावादी सम्प्रदायले विश्वब्यापी रूपमा रहेको पितृसत्तात्मक परिवारमा सामाजिक, साँस्कृतिक, आर्थिक मनोवैज्ञानिक क्षेत्रमा पुरुषहरूवाट

हुने प्रत्येक विभेद, असमानता, दमन, हिंसा, आदि पक्षलाई निकै ब्यापक उठाएको छ । महिला विरूद्धका हिंसाका घटनाहरू पितृसत्तात्मक परिवारमा  पुरुष र पुरुषको प्रभुत्व र नियन्त्रण रहेका संस्थाबाट हुने गर्दछ । त्यसैले समाजमा प्रत्येक तह र निकायमा रहेको यौनजन्य शोषण र दमनमा परिर्वतन गर्न सकिएमा पनि लैङ्गिक समानता हुन सक्ने भन्दछन (आचार्य, २०६१) ।

आमूल नारीवादले बच्चा जन्माउने वैकल्पिक वैज्ञानिक प्रविधिको  प्रयोगलाई जोड दिदै परम्पराबाटै रहँदै आएको  पारिवारिक स्वरूपलाई चुनौती दिन खोजेका छन् । महिला मुक्तिका लागि क्रान्तिकारी सोच र संरचनागत परिर्वतनमा यसले जोड दिन्छ । किन र कसरी पितृसत्तात्मक ढाँचाबाट महिलाहरूको शोषण भएको छ यसका कारक तत्त्व खोज्दै जनचेतना जगाउने, पुरुषसँगको निर्भरता घटाउने, महिलाप्रतिको सकरात्मक दृष्टिकोणको विकास गर्ने, महिलाको नेतृत्वमा रहने कार्यक्रम संचालन गर्ने, घरयासी झन्झटपूर्ण कार्यबाट छुटकारा दिलाउने सवालमा जोड दिन्छ । यसरी आमूल महिलावादीहरूले पितृसत्तालाई महिलाविकासको बाधक मान्दछन् । महिला विरूद्धका जतिपनि हिंसाजन्य घटनाहरू घट्छन् त्यसको कारण पितृसत्तात्मक परिवारमा पुरुष र पुरुषको प्रभुत्व र नियन्त्रण रहेका संस्थाबाट हुने गर्दछन् भन्दै महिलाको छुट्टै  संसारको  कल्पना  गर्दछन् (रीटजर, १९९६: ४६३) ।

### घ) **समाजवादी महिलावाद** :

यस समाजवादी महिलावादलाई मार्क्सवादी तथा उदार महिलावादको राम्रा पक्षलाई समेटिएको संश्लेषणको रूपमा लिइन्छ । जसले समाजको विविध पक्षलाई समेटेर लैङ्गिक विश्लेषण गर्ने प्रयास गरेको छ । मार्क्सवादअर्न्तगतको वर्ग दमन र आमूल नारीवादअर्न्तगतको लैङ्गिक उत्पीडन/दमनलाई संश्लेषणात्मक विश्लेषण गरी महिलाले भोग्नु परेको अधीनता विभिन्न ठाँउ तथा परिवेशमा के कति समान वा असमान छ भन्ने सोको मापन गर्न चाहन्छ । यसलाई महिलावादीहरू महिलाको दमन र पूँजीवादी पितृसत्ताका नाममा सङ्केत गरेको पाइन्छ । वास्तवमा समाजवादी नारीवादले वर्ग एवं लैङ्गिक दमनलाई मात्र हेरिनु हुँदैन किनकि समाजमा दमनका विभिन्न स्वरूपहरू विभिन्न वर्गमा फरक-फरक ढङ्गबाट अन्तर्निहित भएर रहेका हुन्छन् । त्यसैले समाजमा विभिन्न जातीय, प्रजाति, धर्म, उमेर, लिङ्ग, यौनिक रुचि  विश्वव्यापी एवं शब्दीय तहको स्थिति आदिका आधारमा व्याख्या एवं विश्लेषण गरिनुपर्छ भन्ने कुरालाई समाजवादी महिलाहरू

जोड दिन्छन । यसप्रकार समाजवादी महिलावादले सामाजिक दमन र लैङ्गिक दमन साथै वर्ग दमनलाई दमन प्रणालीको खोज गर्ने आधारका रूपमा लिई महिलामाथि हुनेगरेका विभिन्नताहरूलाई पूँजीवादी पितृसत्ताले भन्दा बढी राम्रो संग चरीतार्थ  गरेको छ दमित महिलाले अर्को महिलालाई कसरी दमन गर्न पुग्छन् भन्ने कुरामा पनि जोड दिएको छ (रीटजर, १९९६: ४६७) ।

समाजवादी नारीवादको सम्वन्ध वा सरोकारको विषय नारी एवम् पुरुष दुवैद्वारा गरिएको सबै प्रकारको उत्पीडनको अनुभवसँग देखिन्छ । यिनीहरूले एउटी नारी जो स्वयं उत्पीडित भएकी छन्, अर्की नारीको उत्पीडनमा कस्तो प्रकारले भागीदार हुन्छिन् भन्ने कुरा जान्ने प्रयास गर्छन् । उदाहरणका लागि कसरी एउटी नारी जो दाइजोको कारणले उत्पीडित हुँदै सासूको अवस्थामा  आइपुग्दा कुन प्रकारले आफ्नी बुहारीलाई दाइजो ल्याउनका लागि वा नल्याएको कारण देखाउँदै उत्पीडित गर्नमा सहयोग गर्दछिन् ? यसरी समाजवादी नारीवादका पक्षधरहरूले कसरी नारीहरूले आफू दमित एवं उत्पीडित भइसकेको हुँदाहुँदै पनि अन्य नारीहरूमाथि दमन एवम् उत्पीडन गर्छन् भन्ने तथ्यको खोजी गर्दछन् । अतः समाजवादी नारीवाद स्त्रीहरूका प्रति पाइने वा देखिने पूर्वाग्रहहरू र दमनकारी रीतिरिवाज एवम् प्रथाहरूसँग मुकाविला गर्ने पक्षमा देखिन्छन् ।

यस प्रकारले समाजवादी महिलावादले समाजमा पाइने विस्तृत स्तरको प्रभुत्व वा आधिपत्यको अध्ययन गर्दछ र त्यसमा निहित रहेका उत्पीडित एवम् दमित व्यक्तिहरूको अनुभवहरूलाई खोज्दछ । समाजवादी नारीवादले ठूला र साना सबै प्रकारका उत्पीडित एवम् दमित समूहलाई शोषणबाट मुक्ति दिलाउनमा रुचि राखेको देखिन्छ । यिनीहरूले दमनका विभिन्न रूपहरूको विरूद्धमा आन्दोलन हुनुपर्दछ भन्ने मान्यता राखेको  देखिन्छ । समाजमा नारी र पुरुषको समान भूमिका हुनुपर्छ । अतः नारी र पुरुषको सहमतिद्वारा नै नयाँ समाजको सिर्जना गर्न सकिन्छ । नारीहरूसँग सहमतिद्वारा नै विभिन्न वर्गहरूको अन्त्य हुन सक्दछ । यस वादले पितृसत्ता र यसका कार्यहरूको विश्लेषण गर्दछ । पितृसत्ता आर्थीक प्रणालीको एउटा भाग हो र यो नीजि स्वामित्वको उत्पत्ती हुनुभन्दा पहिले नै अस्तित्वमा आएको हो । निजी सम्पत्तिको अन्त्यसँगै पितृसत्ता लोप हुन्छ भन्ने कुरामा सहमति राख्दैनन् । तर महिला विकास एवं सशक्तीकरणमा बाधक तत्त्वका रूपमा पितृसत्तात्मक संरचनाले विशेष भूमिका खेलेको मान्दछन् । जसलाई महिलामाथिका दमनका विभिन्न रूपहरू जस्तै वर्ग, जाति महिला द्वारा महिला माथि हुने दमनका बारेमा व्याख्या गर्न नसकेको भन्ने

आरोपबाट भने समाजवादी महिलावादीहरू बच्न भने सकेका छैनन् (भण्डारी, २०६०: १७९) ।

नारीवादी सिद्धान्तमा महिला विविधता तथा भिन्नताका सबालहलाई सन १९८० तथा १९९० को दशकमा आएको उत्तरआधुनिक धारले अर्को ढङ्गले पनि अघि बढायो । उत्तरआधुनिक महिलावादका मुख्य स्थापनाकारहरू इतिहास, भाषाशास्त्र, सौन्दर्यशास्त्र, तथा मनोविश्लेषणशास्त्र जस्ता विषयहरूका फ्रान्सेली नारी वौद्धिकहरू थिए । उत्तर आधुनिकतावादी दृष्टि अपनाउन र नारीवादमा लागू गर्नमा उनीहरू यी वैचारिक प्रवृत्तिहरूवाट विशेष प्रभावित थिए । डेरिडाको विनिर्माण सिद्धान्त, वार्थको सङ्केतविज्ञान विश्लेषण, फुकोको ज्ञानको छलफल खाकाको विश्लेषण तथा लियोटार्डको आधुनिकतावाद । विभिन्न वर्ग, वर्ण तथा सस्कृतिका महिलाहरूका विविध अनुभवहरू तथा वास्तविकताहरू भएका अवस्थामा पितृसत्ता मात्र होइन कि 'नारीवाद' तथा महिला भन्ने अवधारणासमेत नै विविधतालाई दबाउने अवधारणाहरूको रूपमा निर्माण भएका छन् भन्ने उनीहरूको विश्लेषण छ । यस विश्लेषण अनुरूप उत्तरआधुनिकतावादी नारीहरूले महिलाहरूका ठोस वास्तविकताभन्दा पनि महिलाहरू वरिपरि बुनिएका छलफलका खाकाहरूलाई ध्यान दिन्छन् । विशेष गरी इतिहासका विभिन्न कालखण्डमा र विभिन्न सभ्यता तथा सास्कृतिक परिवेशमा निर्मित नारीत्व तथा पुरुषत्वसम्वन्धी छलफलका खाकाहरूका तत्त्वहरू केलाएर विविधतालाई दवाउने 'महिला' भन्ने अवधारणालाई कसरी र केबाट निर्मित भएको छ भन्ने कुरा उदाङ्ग गर्न खोज्छन् (तामाङ, २००४ : ५३५) ।

यसरी विभिन्न नारीवादी सिद्धान्तहरूले नारीवादी चिन्तनको विविधतालाई प्रष्ट देखाउँछन् । 'महिलाहरू शोषित छन् र दृढताका साथ त्यस शोषणलाई समाप्त गर्नुपर्दछ' भन्ने कुरामा मात्रै नारीवादको सहमति छ भने पनि हुन्छ । नारीवादको ऐतिहासिक विकासमा तीनओटा साझा तत्त्वहरूलाई ध्यान दिनु जरूरी छ । एक, उदार नारीवाददेखि मार्क्सवादी नारीवाद हुँदै उत्तरआधुनिक नारीवादसम्मका विचारहरू सामान्यतया पश्चिमी बौद्धिक क्षेत्रमा निर्मित सिद्धान्तहरूलाई महिला सवालहरूमा लागू गर्ने क्रममा नारीवादी सिद्धान्तहरू सिर्जना भएको देखिन्छ । दुई, नारी आन्दोलनलाई निर्णायक ऐतिहासिक रूपान्तरणका क्षणहरूमा र अन्य सवालहरूमा केन्द्रित आन्दोलनहरूका बीचबाट जन्मिने प्रकृति देखिन्छ । तीन, समग्रमा भन्दा नारीवादी सिद्धान्तहरूले खास वर्ग र कहिले खास

जातिका महिलाहरूको स्वार्थहरू र दृष्टिकोणलाई अभिव्यक्त गरेका छन (तामाङ, २००४ :५३६) ।

**लैङ्गिक विकासका रणनीतिहरू**

विश्वमा विकास भएका विभिन्न समयका विभिन्न प्रकृतिका महिला आन्दोलनहरूले महिलाको भूमिका र अवस्थाका  विभिन्न पक्षबारे व्याख्या र विश्लेषण गर्दै समग्रमा महिला पिछडिएका तथा असमानताको अवस्थामा रहन पुगेको निष्कर्ष निकालेको सन्दर्भमा र विकासका लागि अगाडि बढाईएका  विभिन्न रणनीतिहरूका परिणाम स्वरूप पनि आशातित सफलता हासिल गर्न नसकिएको सन्दर्भमा सामाजिक लिङ्गलाई विकासको मुद्दाको रूपमा लिइएको छ । लैङ्गिक विषयलाई जोड दिँदै स्रोत तथा अवसरहरूतर्फ महिलाको पहुँच बढाउनुपर्ने, सम्पत्तिमा अधिकार, सशक्तीकरण, समान ज्याला तथा निर्णय प्रक्रियामा महिलाको उल्लेख्य भूमिकाका बारेमा पनि लैङ्गिक विकासमा जोड दिइएको छ (एफ डब्लु एल डी, २०५८) । सामाजिक लिङ्गलाई विकासका मुद्दाका रूपमा प्रतिस्थाति गर्ने कार्य तथा यसको आवश्यकताको बोधको सर्न्दभलाई हेर्दा सन १९५० पछिको विकासका रणनीतिको इतिहासलाई विश्लेषण गर्नुपर्ने हुन्छ ।

**विकासमा महिला अवधारणा (वीड)**

सन् १९७० सम्मको विकासको लामो इतिहासले महिलाको खरो योगदानलाई अस्वीकार गरे पनि ७० को दशकसँगै विकास प्रक्रियामा महिलाको समानुपातिक सहभागिता र विकास हुनुपर्ने दरो आवाज उठ्यो । सन् १९७० मा अमेरिकामा सोसीओलोजी फर इन्टरनल डेभलमेन्टको स्थापनाले विकासमा महिला सहभागिताको आवाजलाई अझ बुलन्द गर्‍यो र सन् १९७० मै इस्टर वोसरपको “आर्थिक विकासमा महिलाको भूमिका” नामक पुस्तक प्रकाशित भएपछि मात्र महिलाको भूमिकालाई मूल्याङ्कन गर्न प्रेरित गर्‍यो ।

खासगरी १९५० पछाडि आधुनिकीकरणको सिद्धान्तले विकासका नाममा धेरै विभेद र असमानताहरू बढ्दै गएको पाइयो । विकासको प्रक्रियामा माथिबाट तल जाने रणनीति अपानाएकोले समाजमा सन्तुलित विकास हुन सकेन । त्यसैले विकासलाई पुरुषको आँखाबाट मात्र नहेरेर महिलाको आँखाबाट पनि विश्लेषण गर्नुपर्ने कुरालाई जोड दिइयो (जुसिया क्लेभेज मोस्से, सन १९९३) ।

विकासमा महिला अवधारणाअनुसार महिलाको भूमिकालाई यथोचित स्थान दिनका लागि उनीहरूलाई पुर्नउत्पादन क्षेत्रबाट निकाली उत्पादन क्षेत्रमा समावेश गर्नुपर्छ । उत्पादक क्षेत्र भनेका बजार, श्रमशक्ति, आम्दानी सिर्जनाका क्षेत्र हुन् । यस्ता क्षेत्रमा महिला सहभागितालाई उच्च प्राथमिकता दिँदै उत्पादन र पुर्नउत्पादनका सम्बन्धमा देखिएको विभाजनलाई हटाउनु यसको अवधारणात्मक पक्ष हो । महिलालाई विकासको मूल प्रवाहमा ल्याउन निम्न पक्षमा जोड दिनुपर्ने मान्यता राख्दछ । कानुनी समानता, रोजगारीमा पहुँच, शिक्षा र स्वास्थ्यमा अवसर, सम्पत्तिमा पहुँच महिलालाई सहयोग गर्ने उपयुक्त प्रविधि आदि । यसरी वीड अवधारणाले अर्थतन्त्रमा महिलाको भूमिकालाई मूल्याङ्कन गर्दै घरायसी क्षेत्रबाट उत्पादन क्षेत्रमा जान प्रेरित गरेको पाइन्छ (एफ डब्लु एल डी, २०५८) ।

**महिला र विकास अवधारणा (वाड)**

विकासमा महिला अवधारणले महिलाको वास्तविक उन्नति गर्न नसकेको र विकासको मूल प्रवाहमा उनीहरूलाई समाहित गर्न नसकेको भन्ने आलोचना गर्दै सन् १९७० को उत्तरार्द्धमा महिला र विकास नामक अवधारणा देखा पर्‍यो । आधुनिकीकरणको सिद्धान्तअनुसार सञ्चालित विकासको रणनीतिले अविकसित मुलुकमा नकारात्मक असर पर्‍यो । केन्द्रबाट पृष्ठतर्फ अर्थात् माथिबाट तलतर्फ जाने विकासको रणनीतिले गरिब राष्ट्रको विकासले गति लिन सकेन यिनै पृष्ठभूमिलाई आधार मानेर परनिर्भरताको सिद्धान्त देखा  पर्‍यो । यस सिद्धान्तले धनी र गरिब राष्ट्रबीच केन्द्र र पृष्ठको सम्बन्ध रहने कुरालाई उल्लेख गरेजस्तै यसैलाई आधार मानी वाड अवधारणले समाजमा पुरुष र महिलाबीच केन्द्र र पृष्ठको सम्बन्ध रहने अवधारण सार्‍यो । महिला र पुरुषबीच असमान सम्बन्ध रहको हुँदा महिला र पुरुषको विचमा शोसित र शोषक, पीडित र पीडकको सम्बन्ध कायम रहेको छ । जाति, वर्ग, स्थान र समाजअनुसार सम्बन्ध पनि फरक रहेको छ  (श्रेष्ठसमेत, २०५६) ।

विकास प्रक्रियामा महिलाहरू सहभागी हुँदै आए पनि पुरुषले महिलाको यौनिकतामाथि नियन्त्रण गरेको र सम्पत्तिमा महिलाको पहुँच नभएको कारण महिला अधीनस्थ अर्थात् निम्न अवस्थामा रहेका छन् । समाजमा महिलामाथि विभिन्न किसिमका हिंसाहरू : बालविवाह, बहुविवाह, कुटपिट, यौन शोषण, यौन दुराचार, बेचबिखन, भेदभाव, दासप्रथा, सतीप्रथा, झुमा प्रथा, कुमारी प्रथा विद्यमान छन् । यी प्रथाहरूले महिलालाई प्रत्यक्ष र अप्रत्यक्ष रूपमा शारीरिक तथा मानसिक प्रभाव पारिरहेका छन् । जीवनका अवसरहरूको सदुपयोग गर्न बाधा पुर्‍याएका छन् । सार्वजनिक जीवनमा सहभागी हुन बाधा

पुऱ्याएका छन (अर्याल २००५: २२६) । त्यसैले महिला विरूद्धको सबैखाले हिंसाहरूको अन्त्य गर्नुपर्दछ । महिलाको सबै किसिमका भूमिकाको पहिचान गरिनुपर्दछ । सम्पत्तिमा महिलाको पहुँच हुनुपर्ने, सम्पत्तिको पूर्णवितरण हुनुपर्ने जोड यस अवधारणले दिएको छ ।

**जेन्डर र विकास अवधारण (ग्याड)**

वीड र वाड अवधारणाले महिलाको अवस्थालाई सुधार र वास्तविक विकास गर्न सकेनन् । विकास प्रक्रियामा महिलालाई मात्र समाहित गर्दा महिलाको दिगो विकास नभएकाले महिला र पुरुष दुवैलाई विकास प्रक्रियामा समतामूलक ढङ्गले समाहित गर्न सकेमा मात्र दिगो विकास हुन्छ भन्ने अवधारणा देखा पऱ्यो । यो ग्याडको अवधारण हो जुन सन् १९८० को दशकमा उत्पत्ति हुन पुग्यो । यो समाजवादी महिलावादबाट प्रभावित उपागम हो । यसले महिला र पुरुषको सम्बन्धलाई सर्वाङ्गीण पक्षबाट विश्लेषण गर्दछ । महिला तथा पुरुषको समतामूलक विकासका लागि यो अवधारणा अन्य अवधारणा भन्दा बढी व्यवहारिक, सान्दर्भिक, चर्चित र शाश्वत रहेको छ (एफ डब्लु एल डी, २०५८) ।

समाजमा महिला र पुरुषको विद्यमान शक्ति सम्बन्ध असमान रहेको र पितृसत्ताका कारण महिला र पुरुषबीच सुमधुर सम्बन्ध नभएकाले सामाजिक असन्तुलन देखिएको हो । त्यसैले महिला वा पुरुष कसैप्रति पनि पक्षपात र पूर्वाग्रहपूर्ण विचार दृष्टिलाई अस्वीकार गरी निम्न असमान अवस्थामा रहेका महिला वा पुरुष जो कोहीलाई समानताको स्थितिमा पुऱ्याउनु पर्दछ । महिला र पुरुषले पारिवारिक वा सामुदायिक दुवै क्षेत्रका तनाव, समस्या र अवसरहरूलाई समान रूपले वितरण गर्नुपर्दछ । महिला र पुरुषको समन्वय, सह अस्तित्व र समझदारीमा लैङ्गिक समातामूलक समाजको निर्माण गर्नुपर्ने कुरालाई जोड दिन्छ । समग्रमा महिलाको उत्पादन, पुनउत्पादन, सामाजिक, सांस्कृतिक, राजनीतिक जस्ता पक्षमा सहभागिता गराउँदै महिलालाई पारिवारिक क्षेत्रबाट माथि उठाएर, सामाजिक क्षेत्रमा सरिक, कानुनी सुधार, वंशगत मान्यता, प्रभावकारी महिलासंगठनको गठन गर्नमा र दिगो, समतामूलक, सहभागितामूलक विकासलाई यस उपागमले जोड दिएको छ । यो अवधारणाले महिला र पुरुषको घरायसी/वाह्य क्षेत्रको भूमिकालाई प्रस्ट्याउँदै/मूल्याङ्कन गर्दै महिला पुरुष दुवै समान छन् । दुवैलाई समानताको मार्गमा अगाडि बढाउनुपर्दछ भन्ने सैद्धान्तिक एवं व्यवहारिक मान्यताको विकास गर्न उल्लेखनीय योगदान पुऱ्याएको छ । वर्तमान समयमा यो चर्चित र लोकप्रिय अवधारणाको रूपमा रहेको छ (श्रेष्ठ समेत, २०५६) ।

## महिला अधिकारको ऐतिहासिक पृष्ठभूमि र अन्र्तराष्ट्रिय प्रयास

मानव अधिकारको अवधारणाभित्र महिला हक अधिकारको विषय पनि समाहित भएकाले मानव अधिकारको अवधारणाको विकास सँगसँगै महिला हक, अधिकारको पनि विकास भएको मान्न सकिने भएता पनि महिला अधिकारको विषयमा संस्थागत प्रयास २०औं शताब्दीको प्रारम्भसम्म हुन सकेको पाइँदैन । २०औं शताब्दीमा आएर मात्र पुरुषसरह महिलाले पनि आर्थिक, सामाजिक, राजनीतिक, शैक्षिकलगायतका राष्ट्रिय जीवनका समग्र क्षेत्रमा सहभागी हुने समान अवसर प्राप्त गर्न पाउनुपर्छ भनी औपचारिक रूपमा महिला अधिकारको सम्बन्धमा प्रयासको प्रारम्भ भएको मान्न सकिन्छ । सन् १९४५ मा संयुक्त राष्ट्र संघ स्थापना हुँदा तयार भएको वडापत्रमा अन्र्तराष्ट्रिय समुदायबाट महिला र पुरुषबीच समानता एवम् मानव अधिकारप्रति सम्मान कायम हुनुपर्दछ भन्ने उल्लेख छ । यसलाई सन् १९४८ को मानव अधिकारको विश्वव्यापी घोषणा पत्रले अझ सशक्त  तुल्यायो । महिला वर्गको सामाजिक, आर्थिक एवं राजनीतिक स्थितिमा सुधार गर्ने उद्देश्यले सन् १९४६ मा संयुक्त राष्ट्रसंघले महिलाको स्थितिसम्बन्धी आयोगको गठन गऱ्यो । शताब्दीयौं देखि विद्यमान महिला र पुरुष कामदारको बीचको असमान ज्यालासम्बन्धी प्रथा हटाउने उद्देश्यले सन् १९५१ मा समान ज्याला सम्बन्धी महासन्धि १९५१ अन्तराष्ट्रिय श्रम संगठनद्वारा पारित भयो । त्यस्तै सन् १९५२ मा महिलाले मत दिन पाउने राजनैतिक अधिकार सम्बन्धी महासन्धि यू.एन.ओ. बाट पारित भयो । महिलाको नागरिकताको अधिकारसम्बन्धी महासन्धि, १९५७ पनि जारी गरियो । सन् १९६० मा महिलामाथि हुने गरेको रोजगारी र पेशागत भेदभावलाई उन्मुलन गर्ने सम्बन्धमा अन्तर्राष्ट्रिय श्रमसंगठनद्वारा पेसा र रोजगारीको भेदभाव उन्मूलनसम्बन्धी महासन्धि पारित गरियो । यसको दुई वर्षपछि सन् १९६२ मा विवाह, विवाहका लागि न्यूनतम उमेर तथा विवाह दर्ता सम्बन्धी महासन्धि पारित भयो (इन्सेक, २०६१) ।

महिलामाथि हुने सबैप्रकारको भेदभाव उन्मूलन गर्ने सम्बन्धमा सन् १९६७ मा अन्तर्राष्ट्रिय सहमति कायम भयो । महिलाको उत्थान र विकास सम्बन्धमा जोड दिँदै सन् १९७५ मा यू.एन.ओ.ले सन् १९७५ लाई अन्तर्राष्ट्रिय महिला वर्षको रूपमा मनाउने घोषणा गऱ्यो । यसैको परिणाम स्वरूप सन् १९७५ मा पहिलोपल्ट मेक्सिकोमा अन्तर्राष्ट्रिय महिला सम्मेलनको आयोजना गरी त्यसै सम्मेलनले समानता, विकास र शान्तिलाई मूल नाराको

रूपमा पारित गर्दै सन् १९७५ देखि १९८५ को दशकलाई अन्तर्राष्ट्रिय महिला दशक मनाउने निर्णयसमेत गऱ्यो ।

संयुक्त राष्ट्र संघको महासभाद्वारा महिला विरूद्धका सबै भेदभाव निर्मूल गर्ने सम्बन्धमा अन्तर्राष्ट्रिय सहमति भएको १२ वर्षपछाडि सन् १९७९ मा महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि पारित भयो । प्रथम पटक अन्तर्राष्ट्रिय महिला दशक मनाउने निर्णय गरिएको सन् १९७६ - १९८५ को मध्यावधि समीक्षा गर्ने उद्देश्यले सन् १९८० मा डेनमार्कको कोपेनहेगनमा दोस्रो अन्तर्राष्ट्रिय महिला सम्मेलन आयोजना गरियो । महिलाका लागि शिक्षा, स्वास्थ्य र रोजगारी भन्ने नारासहित विकासमा महिलाको सहभागिताको निम्ति अधिकार, उत्तरदायित्व र अवसरको समानता प्रदान गर्ने र सो अवसरबाट प्राप्त लाभ पनि महिलाले नै पाउनु पर्ने कुरालाई जोड दिइएको थियो । साथै कानुनी समानताको कुरालाई पनि उठाइएको थियो र यसैगरी प्रत्येक तहमा हुने दमन शोषण र विभेदका कारक तत्त्व खोज्ने प्रयत्न यो सम्मेलनले गऱ्यो (चौलागाइ समेत, २०६०) ।

सन् १९८५ मा नैरोवीमा तेस्रो विश्व महिला सम्मेलनको आयोजना गरियो जसमा महिला समानता, विकास र शान्ति जस्ता महिला दशकका लागि तोकिएका उद्देश्यहरू उपर पुनरावलोकन तथा मूल्याङ्कन गरिएको थियो । यस सम्मेलनमा १५७ देशले भाग लिएका थिए भने यस सम्मेलनले महिला विकासका लागि अपनाएका रणनीतिहरू निम्न थिए । समानता, विकास, शान्ति, विशेष सरोकारका विषयहरू, अन्तर्राष्ट्रिय क्षेत्रीय सहयोग । यसैगरी नैरोवी सम्मेलनले पारित गरेका निर्णयहरूमा महिलाहरूलाई रोजगारीको अवस्थामा सम्बर्द्धन, महिलाहरूलाई पुरुषसरह शिक्षा, कानुनी भेदभाव हटाउने र महिलाहरूको स्वास्थ्यको अवस्थामा सुधार गर्ने रहेको थियो ।

विकासका निमित्त सामाजिक, राजनीतिक, आर्थिकलगायतका सम्पूर्ण क्षेत्रमा महिलालाई सक्रिय सहभागी गराउँदै महिला सशक्तीकरणको अभियान प्रारम्भ गर्नुपर्ने कुरामा जोड दिँदै सन् १९९४ मा इजिप्टको कायरोमा जनसंख्या र विकास कामसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनको आयोजना भयो । महिला अधिकारसम्बन्धी पछिल्लो महत्त्वपूर्ण अभियानको रूपमा सन् १९९५ मा चीनको बेइजिङ्गमा चौथो विश्व महिला सम्मेलनको आयोजना भयो । यो विश्व सम्मेलनमा पहिलेका तीन विश्व सम्मेलन लगायत अन्य राष्ट्रसंघीय घोषणपत्र र महासन्धिहरूलाई पुनरावलोकन गरियो भने यस सम्मेलनले मुख्य

गरेर वेइजिङ्ग घोषणापत्र, वेइजिङ्ग कार्यमञ्च, नाजुक सरोकारका क्षेत्रहरू र रणनीतिक लक्ष्य/कार्यहरू जस्ता दस्तावेजहरू तयार पारेको थियो (अर्याल २०६२)।

यसरी सन् १९०१ देखि २००० सम्मको एक शताब्दी भित्र महिला समानता र सशक्तीकरणको अभियानले औपचारिक रूपमा लामो फड्को मारेको छ । अन्तराष्ट्रिय समुदाय द्वारा पारित महिला अधिकारसम्बन्धी विभिन्न लिखतहरूमध्ये महिला उत्थान र महिला सशक्तीकरणको सन्दर्भमा 'महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि १९७९' महत्त्वपूर्ण रहेको छ (इन्सेक, २०६१)।

## महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि

सम्पूर्ण मानव मात्रको मानवअधिकार स्थापनाको लागि महत्त्वपूर्ण कार्य भैसकेको भएतापनि विद्यमान मानव अधिकार सम्बन्धी दस्तावेजहरू विशेष रूपमा समीक्षात्मक रूपबाट महिलाको मात्रै समस्या पहिचान र परिलक्षित गर्न पर्याप्त नभएको तथ्यलाई हृदयङ्गम गर्दै महिलाका सरोकारका विषयलाई केन्द्रीकृत गरेर एउटा छुट्टै विशेष महासन्धिको आवश्यक महसुस भई प्रस्तुत महासन्धि यू.एन.ओ.को ऐतिहासिक महिला दशकको मध्यतिर सन् १९७९ मा पारित भएको थियो । महिलाको राजनीतिक, नागरिक, सामाजिक तथा आर्थिक अधिकार समेटेर अस्तित्वमा आएको प्रस्तुत 'महासन्धि' लैङ्गिक समता र समानताका लागि महत्त्वपूर्ण कोशेढुङ्गा साबित भएको छ (इन्सेक, २०६१)।

महासन्धिले महिलाले राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, नागरिक वा अन्य कुनै क्षेत्रको मानव अधिकार तथा स्वतन्त्रतालाई आफ्नो वैवाहिक स्थिति जेजस्तो रहेको भए तापनि पुरुष र महिलाको समानताको आधारमा उपभोग वा प्रयोग गर्नमा लिङ्गको आधारमा हुने कुनै पनि भेदभाव वा प्रतिबन्धलाई "महिला विरूद्धको भेदभाव" भनी परिभाषित गरेको छ (इन्सेक, २०६१: २६)।

लैङ्गिक भूमिका र पारिवारिक सम्बन्धलाई निर्माण गर्ने संस्कृति र परम्पराको महत्त्वलाई प्रकाश पार्ने प्रस्तुत महासन्धि एउटै मात्र त्यस्तो मानव अधिकारसम्बन्धी महासन्धि हो जसले महिलाको अधिकारलाई सार्वजनिक र निजी क्षेत्रमा स्वीकार गर्नुका साथै नागरिकता, सम्पत्ति तथा प्रजनन अधिकारलाई समेत निश्चितता प्रदान गरेको छ । समाजमा रहेका विभेदपूर्ण संरचनात्मक अवरोध हटाउनु पर्छ भनी औल्याएको छ। सी ई डी ए डब्लु मा जम्मा छ भाग र तीस धाराहरू रहेका छन् जसअन्तरगत धारा तीनमा पुरुषले जस्तै महिलाहरूपनि मानव अधिकार र आधारभूत स्वतन्त्रताहरूको उपयोग गर्न पाउन

सक्ने उद्देश्यका लागि महिलाको पूर्ण विकास र प्रगतिका लागि राष्ट्रहरूले सक्रिय रूपमा लाग्नुपर्ने आवश्यकतामा जोड दिन्छ भनी उल्लेख गरिएको छ । त्यस्तैगरी धारा ५ मा महिलाको रूढिवादी र परम्परागत भूमिका वा लिङ्गका आधारमा उत्कृष्टता वा निकृष्टता प्रवद्धनमा जोड दिने सामाजिक, सांस्कृतिक पद्दतिलाई राष्ट्रहरूले सम्बोधन गरी परिवर्तन गर्नुपर्ने आवश्यकतामा जोड दिइएको छ । धारा १४ ले सबै राष्ट्रहरूलाई विशेष गरी दुर्गम क्षेत्रमा महिलाहरूको सेवा, तालिम, रोजगारीका अवसरहरू र सामाजिक समानताका योजनाहरूमा पहुँच सम्बन्धी आवश्यकता पूरा गर्न लगाउँछ । धारा १६ मा पारिवारिक सम्बन्धहरू अन्तर्गत राष्ट्रहरूले महिला र पुरुषलाई पतिपत्नी रोज्न वा विवाह गर्न समान अधिकार सुनिश्चितता प्रदान गर्नुपर्ने आवश्यकतामा जोड दिन्छ (नेपालमा महिलाहरूको कानुनी स्थिति, २०५९) ।

### लैङ्गिक समानताप्रति नेपालको प्रयास

लैङ्गिक समानता कायम गर्ने सम्बन्धमा नेपालमा राज्यको तर्फबाट भएका प्रयासहरू हेर्दा प्राचीन र मध्यकालमा शासन व्यवस्था शास्त्र र परम्परामा आधारित पद्दतिबाट सञ्चालन भएको देखिन्छ कुनै पनि संहिताबद्ध कानुनको तर्जुमा भएको पाइदैन । पहिलो औपचारिक संहिताबद्ध कानुनको रूपमा वि.सं. १९१० को मुलुकी ऐनलाई लिन सकिन्छ । राणाकालको अन्त्यतिर पहिलो संबैधानिक लिखतको रूपमा जारी भएको नेपाल सरकार बैधानिक कानून, २००४ ले प्रथम पटक सीमित मात्रामा भएता पनि आधारभूत मौलिक हक प्रदान गऱ्यो । त्यसपछि जारी भएका वैयक्तिक स्वतन्त्रतासम्बन्धी ऐन २००६, अन्तरिम शासन विधान, २००६, बन्दी प्रत्यक्षीकरण सम्बन्धी ऐन, २००८ र नागरिक अधिकार ऐन, २०१२ जस्ता केही महत्त्वपूर्ण कानूनद्वारा नागरिक अधिकारलाई संस्थागत गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ । नेपाल अधिराज्यको संविधान, २०१५ नेपालको संविधान, २०१९ र नेपालको अधिराज्यको संविधान, २०४७ द्वारा लिङ्गको आधारमा भेदभाव नगरिने प्रत्याभूति र वालिग मताधिकारको व्यवस्थागरी महिला अधिकारलाई संबैधानिक र कानूनी संरक्षण दिने महत्त्वपूर्ण प्रयास भएको पाइन्छ (नेपाल अधिराज्यको संविधान, २०४७) ।

वि.सं. २०२० सालमा जारी भएको मुलुकी ऐनले बालविवाह, बहुविवाह र अनमेल विवाह जस्ता प्रथालाई रोक लगायो । पुराना कुरीति, कुप्रथा, अन्धविश्वास र परापूर्वकालदेखि चली आएका कानूनी प्रावधानको उन्मूलन गऱ्यो । वि.सं. २०५९ मा भएको एघारौं संशोधनले पैतृक सम्पत्तिको समान अधिकारको व्यवस्था गरेको छ । त्यसैगरी महिलाको

अधिकारलाई सुनिश्चित गर्न विकासको मूल प्रवाहमा समावेश गरी समानतामूलक समाजको निर्माण गर्नका लागि छैटौं योजनादेखि नै राष्ट्रिय विकासको अभियानमा महिलाको भूमिकालाई अपरिहार्य ठानी उनिहरूका लागि रोजगारीको सृजना, क्षमता, विकास, आय आर्जन जस्ता कार्यक्रम समावेस गरी कार्यान्वयनसमेत भए । सातौं योजनामा ग्रामीण महिलाहरूका लागि उत्पादन कर्जा र साना किसान विकास परियोजना जस्ता कार्यक्रमहरू सञ्चालन गर्नुका साथै स्थानीय विकास मन्त्रालयअन्तर्गत महिला विकास शाखा स्थापना गरी दीर्घकालीन महिला विकास कार्य योजना तयार गरी लागू गरियो ।

वि.सं. २०४६ सालको जनआन्दोलनपश्चात प्रजातन्त्र पुनर्स्थापनापछिका दशकमा सरकारले आठौं योजना अवधिदेखि नै लैङ्गिक मूल प्रवाहीकरणको नीतिलाई अवलम्बन गरी महिलासम्बन्धी विषय हेर्ने छुट्टै मन्त्रालय, महिला विकास निर्माण, महिला विकास महाशाखा जस्ता संरचनात्मक सुधारका प्रयासहरू भए । नवौं योजनाले राजनीति, आर्थिक र सामाजिक क्षेत्रमा महिलाको पहुँच बढाउन कानुनी सुधारका प्रयासहरू गर्ने नीति अवलम्बन गरेअनुरूप महिला सशक्तीकरणमा बाधक बन्ने कानूनी व्यवस्थालाई सुधार र संशोधन गर्ने प्रतिबद्धता व्यक्त भएको पाइन्छ । दशौं योजनामा समेत नेपाल सरकारले महिला सशक्तीकरण र लैङ्गिक मूल प्रवाहीकरणको नीतिलाई विभिन्न कार्यक्रमहरूमार्फत् लागू गराई लैङ्गिक समानता कायम गर्ने उद्देश्य राखेको छ । साथै वर्तमान राष्ट्रिय महिला आयोगको गठनलाई पनि नेपाल सरकारले महिला सशक्तीकरणको पक्षमा चालेको ठोस कदमको रूपमा लिन सकिन्छ (रा यो आ, २०५९) ।

नेपालले सन् १९७५ लाई अन्तर्राष्ट्रिय नारी वर्षको रूपमा मनाउने र १९७६-८५ को दशकलाई महिला दशकको रूपमा मनाउने संयुक्त राष्ट्र संघको आव्हानलाई स्वीकार गर्‍यो । नेपालले सन् १९९५ को वेइजिङ घोषणापत्र र वेइजिङ कार्यमञ्चलाई पनि मान्यता प्रदान गरी सोको प्रभावकारी ढङ्गले कार्यान्वयन गर्न "लैङ्गिक समानता तथा महिला सशक्तिकरण" राष्ट्रिय कार्य योजना लागू गरेको छ । वर्तमान महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयको स्थापना लैङ्गिक समता तथा समानताप्रति सरकारको ठोस प्रतिबद्धताको एउटा सशक्त उदाहरण हो ।

वि.सं. २०६२/०६३ को बृहत जनसहभागितामा भएको आन्दोलनबाट नेपालको राजनीतिमा युगान्तकारी परिवर्तन भएको छ । देशको शासन व्यवस्थामा राजतन्त्रको आधिपत्य अन्त्य भई गणतन्त्रको स्थापना भएको छ र देशमा विद्यमान वर्गीय, जातिय,

क्षेत्रीय, लैङ्गिक समस्याहरूलाई समाधान गर्न राज्यको अग्रगामी पुर्नसरचना गर्नको लागि संविधान सभाबाट नयाँ संविधान नबनेसम्मका लागि राजनैतिक सहमतिबाट नेपालको अन्तरिम संविधान, २०६३ जारी भएको छ । जसमा विभिन्न धाराहरूमा महिलासम्बन्धी कानुन बनाइएको छ । जस्तै धारा १३ मा 'समानताको हक' अन्तर्गत सबै नागरिक कानुनको दृष्टिमा समान हुन्छन । कसैलाई पनि कानुनको समान संरक्षणबाट वञ्चित गरिने छैन । सामान्य कानूनको प्रयोगमा कुनै पनि नागरिकमाथि धर्म, वर्ण, लिङ्ग, जात, जाति, उत्पत्ति, भाषा वा वैचारिक आस्थाका आधारमा भेदभाव गरिने छैन । राज्यले लिङ्गका आधारमा भेदभाव गर्ने छैन । समान कामका लागि महिला र पुरुषका बीच पारिश्रमिक तथा सामाजिक सुरक्षामा भेदभाव गरिने छैन भनिएको छ । धारा २० मा 'महिला हक' अन्तर्गत महिला भएकै कारणबाट कुनै पनि किसिमको भेदभाव गरिने छैन । प्रत्येक महिलालाई प्रजनन् स्वास्थ्य तथा प्रजनन्सम्बन्धी हक हुनेछ । कुनै पनि महिला विरूद्ध शारीरिक, मानसिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य गरिने छैन र त्यस्तो कार्य कानूनद्वारा दण्डनीय हुनेछ र पैतृक सम्पत्तिमा छोरा र छोरीलाई समान हक हुनेछ भनिएको छ । धारा २१ मा 'सामाजिक न्यायको हक' मा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यको संरचनामा सहभागी हुने हक रहेको छ भने धारा २९ मा 'शोषण विरूद्धको हक' मा प्रत्येक व्यक्तिलाई शोषणविरूद्धको हक हुनेछ । प्रथा, परम्परा र प्रचलनको नाममा वा कुनै पनि किसिमले कसैलाई शोषण गर्न पाइने छैन भनिएको छ ( नेपालको अन्तरिम संविधान, २०६३) ।

नेपाली समाजको रूपान्तरण प्रक्रियामा ध्यान दिनुपर्ने पक्षहरूमध्ये लैङ्गिक विभेद एक प्रमुख पक्ष हो । हुन त यो पक्षमा केही दशकअघि देखि नै राष्ट्रिय र अन्तराष्ट्रिय स्तरबाट सरकारी एवम् गैरसरकारी निकाय तथा वैदेशिक संघसंस्थाहरूमार्फत् केही प्रयास नभएका पनि होइनन् । महिला जागृति अभियान, महिलाहरूको हकहितविरूद्धका नीति-नियम तथा कानुनहरूको खारेजी, महिला अधिकार र महिलासम्बन्धि विकासका लागि तर्जुमा भएका नियम, कानुन तथा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय स्तरमा गरिएका प्रतिवद्धता, शिक्षा, स्वास्थ्य, स्थानीय तहको विकास निर्माण कार्य र रोजगारीमा महिलाको सुनिश्चितता, घरेलु हिंसा विरूद्धको आवाज, राज्य संचालनको संयन्त्रमा महिलाको समावेशी, आमाको नामबाट पनि नागरिकताको सुनिश्चितता, सम्पत्तिसम्बन्धी अधिकारको सुनिश्चितता आदि यसका केही

उदाहरण हुन् । निश्चय पनि यस किसिमका प्रतिबद्धतालाई लैङ्गिक समानता र विकासका उपलब्धि मान्न सकिन्छ ।

विगतका प्रयासहरूका बाबजुत पनि पितृसत्तात्मक सामाजिक संस्कार एवं अन्धविश्वासमा समेत आधारित सामाजिक प्रचलन र यस्तै पृष्ठभूमिबाट परिपोषित देशको आर्थिक, सामाजिक, राजनैतिक, धार्मिक आदि पक्षसँग सम्बन्धित विविध समस्याका कारण आजसम्म पनि लैङ्गिक समस्या मुलुकको एक गम्भीर समस्याका रूपमा खडा छ । संसारले एक्काइसौ शताब्दीमा कोल्टे फेरिसक्दा पनि हाम्रो देशमा दाइजो प्रथा जस्ता सामाजिक कुरीतिलगायत घरगृहस्थीदेखि राज्य संचालनका तहसम्म लैङ्गिक विभेद र समावेशीका मुद्धाहरू सशक्त रूपमा अघि बढिरहेका छन् । यसबाट हाम्रो समाजको लैङ्गिक समस्या एवं यससँग सम्बन्धित उत्पीडनहरू टड्कारो रूपमा प्रतिबिम्बित भएको अनुभव हुन्छ । यस अर्थमा विद्यमान सबै किसिमका लैङ्गिक विभेदहरूको अन्त्य गरी देशको आधा आकाश ओगट्ने महिलाहरूको हक अधिकारको सुनिश्चित गर्दै विकास निर्माण र कल्याणकारी कार्यहरूमा उनीहरूको समावेशीबाट मात्र नयाँ नेपालको कल्पना सार्थक हुनसक्छ भन्ने आम मान्यता स्थापित भैसकेको छ । यी सबै प्रयास र प्रतिबद्धताका बाबजुद पनि छोरा र छोरीमा गरिने फरक सामाजिकीकरण र भेदभावले लैङ्गिक असमानता विद्यमान रहेको छ । समाजमा पितृसत्ता विभिन्न प्रथा, परम्परा र अन्धविश्वासले जरा गाडेको छ । हिन्दू ब्राम्हण जातिगत समाज दाइजो प्रथाबाट अछूतो रहन सकेको छैन । त्यसैले दाइजो प्रथा र यसको संवेदनशीलतालाई बुझ्री उचित अध्ययन अनुसन्धान गर्ने सोच बनाइएको छ । जसका आधार स्तम्भका रूपमा सैद्धान्तिक समीक्षा र साहित्यिक पुनरावलोकनलाई लिइएको छ ।

## २.२ पूर्वसाहित्य समीक्षा

नेपाली समाज बहुजाति, बहुभाषी, बहुसंस्कृति, बहुधार्मिक र भिन्न भौगोलिक अवस्थाको अनुपम सङ्गम स्थल हो । जहाँ भिन्न भाषा, जात, धर्म, संस्कृति र भौगोलिक अवस्था रहेअनुरूप भिन्न चाडपर्व, संस्कृति र संस्कारहरू रहेका छन् जसका आ-आफ्नै मूल्य रहेका छन् । 'विवाह' एक सर्वव्यापी संस्कार भएको हुँदा भिन्न परम्परा र मूल्य मान्यताका साथ संसारका हरेक समाजमा सम्पन्न हुने गर्दछ । जसबाट निरन्तर मानवीय जीवनले जीवन्तता पाएको छ । तरपनि वैवाहिक संस्कारमा भने भिन्नता देख्न सकिन्छ । पूर्वी सीमान्त क्षेत्रका लेप्चाहरूमा अझै पनि 'केटाको पाइन हेर्ने' प्रथा रहेको छ भने पश्चिमी

सीमान्त क्षेत्रका व्यासीहरूमा 'कन्या अपहरण र क्षतिपूर्ति' प्रथा देख्न सकिन्छ । बराल, (२०५७) अनुसार आयमुलका हिन्दू नेपालीहरूमा ऐतिहासिक क्रममा प्रयोग र अभ्यासमा देखिएका तथा बूढापाकाहरूले सुनाएका बयानहरूमा आधारित रहेर विभिन्नखाले वैवाहिक संस्कारलाई प्रस्तुत गरेका छन् । भौतिक अभ्यासका आधारमा छोरी वेच्ने प्रथा देखि दाइजो प्रथासम्मका संस्कारहरू बरालको शोधपत्र पोखरा उपत्यकाका विवाह शैलीका सन्दर्भमा समीक्षायोग्य मान्न सकिन्छ ।

आजभोलि मुलुकमा अधिकांश भागमा छोरी बेच्ने प्रथा हराउँदै गए पनि छोरीसँगै विवाहमा प्रशस्त दाइजो दिने प्रवृत्ति बढ्न थालेको छ । समाजमा छोरीको लागि योग्य वर पाउन धेरै दाइजो दिएर ज्वाइँ खरिद गर्ने वा छोरो बेचेर बुहारी भित्र्याउने प्रथाको उदयसँगै पारिवारिक वैमनस्यता र कुटुम्बसँगको सुमधुर सम्बन्धमा असन्तुष्टिको बादल मडारिएको छ । दाइजो प्रथाकै कारण परिवारमा जिउँदै बुहारी जलाएको घटना, कुटपिट र सम्बन्ध विच्छेदका घटनाहरू समाजमा देखिएका छन् (बराल, २०५७) ।

बराल २०५७ ले 'सम्बन्ध विच्छेदका कारण-असर' शोधपत्रमा हिन्दू धर्म मान्ने तागाधारी जातिको विवाह र त्यसबाट सिर्जित सम्बन्ध विच्छेदका बारेमा अध्ययन अनुसन्धान गरेका छन् । सम्बन्ध विच्छेद हुनुको कारण र सम्बन्ध विच्छेदबाट व्यक्तिगत जीवनका साथै सामाजिक जीवनमा पर्ने असरका बारेमा अध्ययन अनुसन्धान गरेका छन् । जसमा सम्बन्ध विच्छेद हुनुका कारणहरूमध्ये दाइजो प्रथा पनि एक प्रमुख घटक भएको व्याख्या गरिएको छ । विवाहमा दिने र लिने दाइजो कारण भएको र यसबाट कुल कुटुम्बमा विवाहपश्चात् सुमधुर सम्बन्धको साटो वैमनस्यता हुन गई अन्त्यमा श्रीमान् श्रीमतीको सम्बन्ध विच्छेद भएका घटनाहरूलाई उल्लेख गरिएको छ । कुनै पनि सामाजिक घटना तात्कालीन परिस्थितिको मात्र उपज नभई त्यसको सम्भावनालाई अन्य सामाजिक तत्त्व र कृत्यहरूको अस्तित्वले गम्भीर प्रभाव पारेको हुन्छ । सामाजिक जनजीवनमा अस्तित्व निरन्तरताका लागि जीवन्त रहेको विवाह संस्थामा विघटन हुनुको प्रमुख कारण दाइजो लिने र दिने प्रक्रियामा असन्तुष्टि उत्पन्न हुनु हो ।

सामाजिक व्यवहार सुधार ऐन २०२८ ले विवाहमा तिलक, दाइजो, जन्त, भोज आदिमा प्रतिस्पर्धा, तडकभडक र फजुल खर्च बढ्न गएकोले मुठीभर धनी वर्गबाहेक अरू मध्यम वर्ग र निम्न वर्गमा यस प्रकारको व्यवहार चलाउन कठिन हुन गएको तथ्यलाई बुझेको देखिन्छ । यसै कारणले सामाजिक व्यवहार सुधार ऐन २०३३ लागू भएको पाइन्छ (

सुवेदी, २०५६) । सामाजिक व्यवहार सुधार ऐन, २०३३ अनुसार, सामाजिक व्यवहार भन्नाले विवाह, व्रतबन्ध, चूडाकर्म, पास्नी, न्वारन, जन्मदिवस, छैटी, बूढो-पास्नी र पितृ-कार्यसमेतलाई जनाउँछ । जहाँ सामाजिक व्यवहार सम्बन्धमा विवाह हुँदा दफा ३ मा तिलक लिन दिन नहुने र त्यस कार्यमा संलग्न हुनेलाई सजायसमेत तोकिएको छ । त्यसैगरी दफा ४ मा दुलही पक्षले छोरीको विवाह हुँदा केटा पक्षबाट कुनै नगदी वा जिन्सी लिन नहुने र लिएमा सजाय उल्लेख गरिएको छ । दफा ५ अनुसार, दाइजोमा नियन्त्रणका लागि विवाह हुँदा वा विवाहपछि दुलही पक्षबाट यति नगद, जिन्सी दाइजो, दान, बकस, भेटी, विदाइ उपहारसमेत जुनसुकै रूपमा दिनुपर्छ भनी दुलहा पक्षले कर लगाउन वा यति लिने दिने भनी दुवैले तय गर्न नहुने उल्लेख गरिएको छ । विवाह हुँदाजिउमा लगाएको एकसरो गहनाबाहेक आफ्नो कुल परम्पराअनुसार राजीखुशीले दिनेले पनि बढीमा दश हजार रूपैयासम्मको मात्र दाइजो लिन हुन्छ भनिएको छ । दफा ६ मा दुलहा पक्षको अन्य कुनै आर्थिक दायित्व व्यहोर्नमा दुलही पक्षलाई प्रतिबन्ध लगाएको छ । दफा ७ अनुसार, विवाहमा जन्तसम्बन्धी नियन्त्रणका लागि बाजावालालगायत एकाउन्न जनाभन्दा बढी जन्त वा बरियात लान नहुने उल्लेख छ । त्यसैगरी दफा ८ अनुसार, विवाह भोजमा नियन्त्रण र सजाय उल्लेख गरिएको छ । दुलहा तथा दुलही पक्षबाट आयोजित भोजमा नजिकको नातेदारबाहेक अरू छरछिमेक इष्टमित्रहरूमध्येबाट एकाउन्न जनाभन्दा बढी व्यक्तिलाई आमन्त्रण गर्न हुँदैन भनिएको छ र दफा ११ मा दाइजो आदि प्रदर्शन गर्न निषेध र सजाय उल्लेख गरिएको छ । सामाजिक व्यवहार सम्बन्धमा लैजाने वा पठाउने दाइजोलगायत कुनै पनि व्यवहार वा उपहार भडकिलो रूपमा प्रदर्शन गरी लैजान वा पठाउन नहुने उल्लेख छ । यसरी सामाजिक व्यवहार सुधार ऐनका विभिन्न दफामा विवाह वा विवाहपश्चात् दिने लिने दाइजो सम्बन्धमा नियम र मापदण्ड उल्लेख भएका छन् जसअनुसार सामाजिक व्यवहार नभएमा दण्ड वा सजाय पनि उल्लेख गरिएको छ । तर पनि सामाजिक व्यवहारमा भइरहेको र बढ्दो प्रतिस्पर्धात्मक, तडकभडक र फजुल खर्चमा नियन्त्रण गर्न जारी भएको ऐनको उद्देश्य र भावना अनुसार यस ऐनलाई प्रभावकारी रूप दिन सकेको पाइँदैन (श्रेष्ठ, २०६२: ३२३, ३२४, ३२५) ।

समाजिक व्यवहार सुधार ऐन २०३३ लागू भए पनि यसले तोकेअनुसार कार्य हुन सकेको छैन र निश्चित मापदण्डभन्दा बढी दाइजो लिने दिने, फजुल खर्च, तडकभडक गर्नेलाई कुनै किसिमको सजाय हुन नसकेको अवस्थामा दाइजो सम्बन्धमा बनाइएका ऐन,

नियम र कानुन हात्तीको देखाउने दाँत जस्तै भएका छन् । राइजिङ्ग नेपाल, फेब्रुअरी २०, १९७८ मा सामाजिक परम्पराको रूपमा सुसम्पन्न हुने विवाहमा गरिने अनावश्यक खर्चलाई कटौती गर्न विभिन्न ऐनहरू लागू नभएको कुनै पनि निगरानी र चासो नदेखिएकोले सामाजिक व्यवहार सुधार ऐन सफल हुन नसकेको जानकारी गराउँदै वागमती अञ्चलमा "वाचडग" समूहले प्रहरी र स्थानीय पञ्चायतको सहायता लिई विवाहमा वा विवाह पश्चात लिने दिने तिलक वा दाइजोको प्रत्यक्ष निगरानी गरी सामाजिक व्यवहार सुधार ऐनअनुसार काम भएको छ कि छैन भनी यो समूह क्रियाशील भएको उल्लेख गरिएको थियो (वेनेट, १९९८) ।

नेपालमा २०६२/०६३ को विशाल जन आन्दोलनपश्चात् गणतन्त्रको स्थापना भयो । गणतान्त्रिक नेपालका पहिला प्रधानमन्त्री पुष्पकमल दहाल प्रचण्डबाट देशवासीका नाममा गरिएको सम्बोधनमा नेपालमा महिलाहरूको अवस्था नाजुक रहेको ठहर गर्दै त्यो देश कसरी कसरी समुन्नत हुन्छ जहाँ आधाभन्दा बढी जनसंख्या भएका महिलालाई सामान्य मानवसरह व्यवहार गरिन्न ? निश्चितै रूपमा धेरै जसो महिलाहरूका लागि घरहरू अझै पनि यातना गृहसरह छन् । दाइजो जस्तो अमानवीय कुप्रथाका कारण कतिपय बाबुआमा छोरीको जन्मलाई नै निषेध गर्ने कल्पना गर्न विवस छन् भन्दै महिलामाथि विविध किसिमका हिंसाहरू हुने गरेका र त्यस्ता हिंसाको कारण मध्ये दाइजो प्रथा जर्जर रूपमा रहेकोले १ साताभित्र दाइजो प्रथालाई पूर्णतः निषेध गरिने छ । दाइजो लिने र दिने गर्न नहुने साथै विवाहमा निश्चित मात्रामा भोज गर्ने र जन्ती जाने नियम र यसको कडा कार्यान्वयन गरिने बताइएको छ (माघ १२, २०६५, ने.टे.भि.) ।

महिला, कानुन र विकासमञ्च, (२०५८: ९६) अनुसार महिला अधिकारका कुरा महिलासँग मात्र सम्बन्धित नरही बालबालिका, परिवार, समाज, राष्ट्र र विश्व समुदायकै उन्नति र हितका विषयहरू हुन् भन्ने उल्लेख गरिएको छ । जसको सही अनुभूति आज पनि हुन सकिरहेको छैन । महिला अधिकार र समानताका कुराहरू कागजी रूपमा मात्र सीमित रही अझै परिणाममुखी हुन नसकेको र संयुक्त राष्ट्र संघले सहस्राब्दी सम्मेलन गरिसक्दासमेत राष्ट्रद्वारा निर्मित कानुनहरूले नै महिलाविरूद्ध प्रत्यक्ष रूपमा भेदभावपूर्ण व्यवहार भइरहेको उल्लेख गरिएको छ । सरकारका नीति र कार्यक्रममा केही मात्रामा प्रगति भए पनि महिलाको अवस्था चुनौतिपूर्ण नै देखिएको छ । छोराको चाहनाको कारण स्त्री भ्रूणको हत्या, बलत्कार, बेचविखन, मानसिक यातना, बालविवाह, बहुविवाह, बहुपति प्रथा,

दाइजो प्रथा, दुलहीलाई जलाउने कार्य, दुर्वचन र यौनजन्य दुर्व्यवहार आदि नेपालमा विद्यमान महिला हिंसाका केही स्वरूपहरू हुन । नेपालमा परम्परागत सांस्कृतिक हिंसाका रूपहरू जस्तै देउकी, वादी र झुमा प्रथाहरू पनि प्रचलनमा छन् । दाइजोका नाममा महिलालाई दिने शारीरिक यातना र मानसिक तनावहरू पनि पटकपटक प्रकाशमा आउने गरेका छन् । माहिला विरूद्ध हुने कैयौं अपराधहरू प्रकाशमा नै नआउने र यस्ता पीडित महिलाहरूको विश्वसनीय तथ्याङ्क प्राप्त नहुने साथै प्रभावकारी कानुनी र सामाजिक समर्थनको अभाव रहेको छ । सामाजिक न्यायको अभावले महिलामाथि हिंसा हुने गरेको समेत उल्लेख गरिएको छ ।

दाइजो, विवाह र लैङ्गिक सम्बन्धलाई हेर्दा मानव इतिहासको प्रारम्भिक कालमा समाज मातृसत्तामा आधारित थियो तर पछि सामाजिक परिवर्तनको प्रक्रियामा पितृसत्तात्मक ढाँचामा समाजको रूपान्तरण भएको देखिन्छ । विवाह र लैङ्गिक सम्बन्धलाई हेर्दा विवाहपछि महिलाको हैसियत अधीनस्थ भएको पाइएको छ । विशेष गरी हिन्दू सामाजिक व्यवस्था भएका समाजमा वर्तमानमा समस्याको रूपमा देखिएको दाइजो प्रथाले विशेष गरी महिलाहरूको सामाजिक जीवनमा नकारात्मक असर परेको छ । प्रशस्तै दाइजो दिन नसके छोरीको विवाह हुन नसक्ने अवस्थाको सिर्जना भएको छ । दाइजोकै कारण छोरीको भ्रूण हत्या, विवाहपछि बुहारीको हत्या, हिंसा र कुटपिटका घटना घटेका देखिन्छन् । दाइजोकै कारण श्रीमान् श्रीमतीबीच सम्बन्ध विच्छेद भएका घटनाहरू पनि त्यतिकै छन् । समाजमा दाइजो प्रथा विकास हुनुभन्दा अघि बधूमूल्य प्रथा थियो । जहाँ छोरी कसैलाई विवाह गरी दिएवापत केटा पक्षबाट केही नगद तथा जिन्सी भेटी वा दक्षिणा लिने प्रचलन थियो । त्यसबेला पनि महिलाको मोलतोल हुने गर्दथ्यो । त्यसैगरी परम्परादेखि बालविवाह प्रचलनमा थियो जुन क्रमिक रूपमा घट्दो छ । अर्कातिर नेपाली समाजमा विगतमा प्रचलनमा रहेका सतीप्रथा र दास प्रथामा महिलाको शोषण र हिंसा उत्कर्षमा पुगेको थियो । यसैगरी अनमेल विवाह हुने र बिधवा विवाहको बन्देजले महिलाहरूको जीवन प्रणालीमा नकारात्मक असर गरेको छ (आचार्य, २०६१: ३००) ।

कालिदासले रचना गरेको नाटक अभिज्ञान शाकुन्तलको शम्भुप्रसाद ढुङ्गेलद्वारा अनुवाद गरिएको अंशमा उल्लेख छ ।

हुन माल छोरी अरूलाई दिने
राखी धरौटी सरि जानि लिने

आनन्द छ आज गरी विदाई

हल्का भए नै अऋणी कहाई

आदिकवि भानुभक्त आचार्यले बधू - शिक्षामा बुहारीको कर्तव्य, आदर्श र दिनचर्याको वर्णन गर्दै "हाँस्नु हुदैन कदापि नारीहरूले वेश्या हुन्या हाँस्तछन् वेश्या लौ नहूनन् तथापि घरको काम त्यो सबै नास्तछन्" भन्ने उल्लेख गरेका छन् (अर्याल, २०६२: ३३३) ।

महिलाहरू ऐतिहासिक कालदेखि भेदभावबाट पीडित छन् भन्ने कुरा सर्वविदितै छ । भेदभावका असरहरू यति व्यापक छन् कि तिनीहरू स्वाभाविकभैं लाग्दछन् । त्यसैले समानता र विभेदको अन्त्य नै महिलाको पहिलो मुद्दा हो भन्ने लाग्दछ । भेदभावका असरहरू निरन्तर र व्यापक रहने तर त्यसको उपचार नहुने हो भने समानता त्यसै प्रतिस्थापित हुन सक्दैन । त्यसैले भेदभाव र त्यसका असरहरूलाई समाप्त गर्ने, महिलाले हालसम्म भोगी आएका अन्याय र भेदभावको क्षतिपूर्ति गर्ने र यथार्थमा धरातल खडा गर्ने नै हाम्रो समानताको लडाइका मुख्य मार्गनिर्देशक तत्त्व हुन् (मल्ल, २०६५: ८८) ।

अन्तरिम संविधान, २०६३ ले पहिलोपल्ट महिलालाई हिंसाविरूद्धको अधिकार दिएको छ । "कुनै पनि महिलालाई हिंसा वा हिंसाजन्य कार्य गर्न पाइने छैन । त्यस्तो कार्यलाई कानुनद्वारा दण्डनीय व्यवस्था गरिनेछ" (अन्तरिम संविधान, धारा २०) तर सरकारले कानुन नल्याउँदा सो संवैधानिक अधिकार प्रयोजनविहीन भएको छ । कुटपिट र दुर्व्यवहारका त कुरै छाडौं, दाइजो वा अरू निहुँमा जिउँदै जलाउनेलाई कारवाही गर्नसमेत कानुन छैन । कडा कानुन नहुँदा घरेलु हिंसाका घटना घट्नुको सट्टा बढ्दै गइरहेका छन् । प्रष्ट कानुन नहुँदा दोषी उम्किरहेका छन् भने सामाजिक अपराधले प्रश्रय पाइरहेको छ । २०६४ कार्तिक २० गते कसगढ टोलकी हासरून इद्रिसीलाई लोग्ने र सासूले मट्टीतेल खन्याएर आगो लगाए । मुख, घाँटी, छाती, हात र खुट्टा हेर्नै नसकिने गरी जलेको थियो । हासरूनका पति बसिमले विवाहपश्चात् ससुरालीसँग ५० हजार रुपैयाँ मागेका थिए जो पूरा नहुँदा हासरूनले चरम हिंसा भोग्नुपऱ्यो । त्यस्तै कार्तिक १५ गते सेतु विक चोकका इम्तिहाद हल्वाईले पत्नी साकिरा खातुनलाई जलाउने प्रयास गरे । शरीरभरि मट्टीतेलले भिजेकी साकिरा भागेर ज्यान जोगाइन । साकिरालाई दाइजोको निहुँमा महिनौदेखि चरम शारीरिक यातना दिइएको थियो । परिवारले मोटरसाइकल र तीन लाख रुपैयाँ दाइजो माग्दै आएका थिए । त्यस्तै फुल्टेक्राकी जहिरा बानो सात वर्षअघि भारतीय पति सिराजद्वारा दाइजो नल्याएको भन्दै आगो

लगाइएकी थिइन् (नेपाल पत्रिका मंसिर, २०६४ : १८) । दाइजो नल्याएको आरोपमा ९ वर्षअघि बिहे भएकी रौतहटकी २५ वर्षीय संगीता देवीलाई दुई वर्षअघिदेखि चरम यातना सहित बन्दी बनाएकोमा माइती पक्षले न्यायका लागि जिल्ला प्रहरी कार्यालय गौरमा निवेदन गराएका छन् । यस्ता घटनाहरूबाट जोगिन छोरी नै नजन्मियोस भन्ने चाहना राख्नेहरू पनि प्रशस्त भेटिन्छन् ।

नेपालका कतिपय अनुसन्धानकर्ताहरूले दाइजो प्रथालाई पारिवारिक तनाव र घरेलु हिंसाका कारक तत्त्वका रूपमा प्रस्तुत गरेका छन् । उनीहरूको भनाइमा दाइजो वा तिलक कम भएका कारण घरेलु हिंसा सृजना हुने गरेको पाइन्छ । सामन्तवादी पितृसत्तात्मक समाजको कु-प्रथाको रूपमा रहेको दाइजो र तिलकप्रथा समाजको विकासक्रम र परिवर्तन सँगै घटनुपर्ने हो तर उल्टो चक्र घुमिरहेको छ । समाज रूपान्तरणको क्रममा वर्ग विभाजनसँगै महिलाहरू आर्थिक उत्पादनका साधनबाट वञ्चित भए जसले गर्दा सामन्त र जमिन्दारहरूले आफ्नी छोरीको विवाहमा अधिक धन, सम्पत्ति साथै सुसारे पठाउन थाले । समयको क्रमसँगै केटा पक्षबाट अनिवार्य सर्तको रूपमा माग गर्ने प्रंचलन बढ्दै गयो । जुन प्रथाका कारण हाम्रो समाजमा थुप्रै नेपाली चेलीहरू घरेलु हिंसाका सिकार भएका घटना हामीसामु छर्लङ्ग छन् । यति मात्र होइन दाइजो दिन नसक्नुको पीडा कम गर्न गर्भमा नै छोरीको भ्रूण हत्या गरी जन्मनै नपाई मृत्यु दिन अभिभावक विवस छन् । यसबाट स्पष्ट हुन्छ कि सामाजिक जीवन धर्म, परम्परा, आर्थिक संरचनासँग दाइजोप्रथा सम्बन्धित रहेको छ । समाजमा रहेको गलत परम्परा, धर्म संस्कृति, मूल्य मान्यता र प्रथाले महिलाहरूको अवस्थालाई थप नाजुक बनाएको छ (नवयुवा, पौष २०६५: ४०) ।

नेपाली कानुनी व्यवस्था पितृसत्तामा आधारित रहेको छ । विशेष गरी महिला र बालिकाहरू विभिन्न किसिमका भेदभाव र शोषणका विषय भएका छन् । महिलामाथि हुने लैङ्गिक भेदभाव घरबाटै सुरू हुने र संस्कृतिको रूपमा संस्थागत बनेको देखिन्छ । बालिकाहरूलाई जन्मैदेखि अरू कसैको नासोको व्यवहार गर्ने शिक्षा र व्यक्तिगत विकासमा लगानी गर्न नचाहेको देखिन्छ । महिला र पुरुषलाई समान सुरक्षा दिन नसक्नुमा परिवार समाज मात्र नभएर कानुन पनि त्यतिकै जिम्मेवार रहेको उल्लेख गरिएको छ । नेपालको संविधानले महिला र पुरुषलाई समान अधिकार दिएता पनि पैतृक सम्पत्ति, विवाह, सम्बन्ध विच्छेद, महिला विरूद्ध हुने हिंसा आदि पक्षका कानुनहरू पुरुष केन्द्रित रहेका छन् । कतिपय संशोधन गरिएका कानुनहरू कार्यान्वयनको अभावमा कागजी रूपमा नै थन्किएका छन् ।

एक्काइसौं शताब्दीको संघारमा आइपुग्दा महिला र पुरुष समान अधिकार र विकास निर्माण प्रक्रियामा सहभागिताको विकल्प छैन । महिलाका व्यक्तिगत समस्या र मुद्धाहरू महिलाका मात्र नभएर राष्ट्रिय समस्या र मुद्धाका रूपमा लिनु जरूरी छ । लैङ्गिक समानतामा अगाडि बढ्न सकेमात्र राष्ट्रले विकासको नयाँ बाटो फेर्न सक्ने छ । त्यसैले नेपालको कानुनी अवस्थालाई हेर्दा पितृसत्ताको छाप परेको देखिन्छ भने जति पनि कानुनमा अधिकार दिइएको छ त्यसको पनि पूर्ण उपयोग महिलाले गर्न सकिरहेका छैनन् । जबसम्म लैङ्गिक असमानता र भेदभाव कायमै रहन्छ तबसम्म सुशासन र स्वस्थ प्रजातन्त्र प्रायः असम्भव नै छ (मानन्धर र भट्टचन, २००१: ५९) ।

झा, (१९९७: ३२) ले महोत्तरी जिल्लामा दाइजो प्रथा सम्बन्धमा अध्ययन अनुसन्धान गरेका छन् । महोत्तरीका महिलालाई समाजमा आमा, श्रीमती र बहिनीको रूपमा सम्मान गरिएको तर त्यसको विपरीत महिलामाथि भेदभावपूर्ण व्यवहार पनि गरिएको छ । महिलालाई सामाजिक, आर्थिक, धार्मिक, शैक्षिक पक्षमा तल्लो स्थान दिइएको छ । छोरीको इच्छा र रोजाइलाई वेवास्ता गर्दै विवाहलाई नियन्त्रण गरिन्छ । महिलालाई जन्मेदेखि मृत्युसम्म कुनै न कुनै रूपमा भेदभाव गर्दै अधिकारविहीन बनाइन्छ । मिथिला क्षेत्रमा जसले विवाहमा प्रशस्त दाइजो आदानप्रदान गर्न सक्छ त्यसको सामाजिक स्थान उच्च रहने भएकोले व्यक्तिगत क्षमताको प्रदर्शन गरी उच्च हैसियत र प्रभुत्व देखाउनका लागि केटीको बाबुले दाइजो दिन नसके जग्गा जमिन बेचेर वा ऋण लिएर भए पनि दाइजो दिने गरेको पाईन्छ । कुनै जनावर वा वस्तुको मूल्य तोकेजस्तै कुनै पनि केटाको पैतृक सम्पत्ति, शिक्षाको अवस्था र जागिरको प्रकृतिअनुसार तिलक तोक्ने गरेको उल्लेख गरेका छन् ।

वेनेट (१९८३) ले उच्च ब्राम्हण क्षेत्री परिवारका महिलाको सामाजिक सांस्कृतिक पक्षलाई आधार मानी अध्ययन गरेकी छन् । जहा हिन्दू धर्म प्रभावित पितृसत्तात्मक परिवारको आर्थिक, सामाजिक, सांस्कृतिक, धार्मिक पक्षमा महिलाको हैसियत विश्लेषण गरिएको छ । पितृप्रधान समाजका नियम, चलन र संस्कारहरूको विश्लेषण गरिएको छ । महिलालाई देवी वा दासीको रूपमा, शुद्धता र अशुद्धताको रूपमा पवित्र र अपवित्रताको रूपमा, कामुक वा खतराको रूपमा, मातृवात्सल्य र घर भडुवा जस्ता द्वैध भूमिकाभउका भनी व्याख्या गरिएको छ । विवाहपूर्व छोरी वा बहिनीको रूपमा माइतीमा पवित्र मानिएकी विवाहपश्चात् खतरा, निम्न र हेयको रूपमा लिने गरेको पाइन्छ । यसरी हिन्दू धर्मको उच्च ब्राम्हण परिवारमा महिलाको द्वैध भूमिका हुने, महिला, पुरुषद्वारा नियन्त्रित हुने, विभिन्न

अवसरबाट महिलाहरू वञ्चित रहने जस्ता लैङ्गिक असमानता र भेदभावलाई स्पष्ट पार्दै छोरा पैतृक सम्पत्तिको उत्तराधिकारी हुने र छोरीलाई कन्यादान दिँदा दाइजो दिने गरेको उल्लेख गरेकी छन् ।

मेहता (१९९६: १२, १५) ले भारतमा महिलाको अवस्था र कानुनका बारेमा विश्लेषण गरेका छन् । दाइजो प्रथा, सम्पत्तिको अधिकार, विवाहसम्वन्धी कानुनको व्याख्या गरेका छन् । भारतीय महिलाको अवस्थालाई सबल बनाउन, पीडित दुर्बल र शोषित भारतका नारीको उत्थान, विकास र जीवनस्तर उकास्नका लागि कानुनी अधिकारको जानकारी गराउँदै विद्यमान अधिकार लिनका लागि सङ्घर्ष गर्न आग्रह गरेका छन् । हिन्दू धर्ममा आधारित पितृसत्तात्मक समाज भएकाले पुरुषका तुलनामा भारतका महिलाको अवस्था कमजोर रहेको छ । संविधान र कानुनमा समानता भए पनि लैङ्गिक भेदभाव यथावत नै छ । सन् १९६१ मा तत्कालीन प्रधानमन्त्री जवाहरलाल नेहरूले दाइजो एक सामाजिक समस्या तथा मानवमात्रकालागि कलंक र कुप्रथा मान्दै “दहेज प्रतिषेध अधिनियम १९६१” पारित गराए । विद्यमान दाइजो प्रथा र यसबाट महिलाहरूमा परेको नकरात्मक असरलाई अंकुश लगाउन उक्त कानुन लागु गरिएको थियो र आवश्यकताअनुसार संशोधन पनि गर्दै लगियो । तरपनि महिलाहरूमा जागरूकताको कमी, जानकारीको अभाव, अधिकार लिनको लागि नलड्ने पुरानो वानीले दिन प्रतिदिन दाइजो प्रथा नियन्त्रणको वदला उल्टो विकसीत हुँदै गइरह्यो । त्यसैले दाइजो प्रथा जस्तो समस्या समाप्त गर्नका लागि कानुन भन्दा पनि नैतिक आन्दोलन जरूरी भएको, महिला र पुरुषको समान सहभागिताबाट सही निकास पाउन सकिने अन्यथा ऐन  कानुनले महिलाको अवस्था सुधार हुनुको साटो पेपर टाईगरको रूपमा रहिरहने बताइएको छ ।

मजपुरीया (१९८९) ले नेपालमा रहेका  जातजाति अनुसार वैवाहिक परम्परा भिन्न भिन्न प्रकृतिको रहेको उल्लेख गर्दै खासगरी हिन्दू विवाहका बारेमा अध्ययन र विश्ष्लेषण गरेका छन् । विवाहमा प्रचलित दाइजो प्रथाको बारेमा विश्लेषण गर्दै सामाजिक व्यवहार सुधार ऐन व्यवहारमा लागू हुन नसकेको उल्लेख गर्दै भारतको देखासिकीमा नेपालमा दाइजो प्रथा भित्रिएको बताइएको छ ।

पण्डित (१९९८) ले भारतीय महिलाको अवस्थाका बारेमा अध्ययन गर्दै महिलाको विवाह, शिक्षा, उच्च शिक्षा, अनौपचारिक शिक्षाको अवस्थालाई  विश्लेषण गरेकी छन् । शिक्षा, स्वास्थ्य, सम्पत्तिमा अधिकार आदि पक्षमा महिलाको पहुँच, महिलाका लागि

बनाइएका कानुन र महिला गतिशीलताका बारेमा अध्ययन गर्दै भारतीय समाजमा प्रचलित दाइजो प्रथाले महिलाको अवस्थामा पारेको प्रभावका बारेमा विश्लेषण गरिएको छ । उनले गरेको अध्ययनमा दाइजो प्रथाको पक्षका महिलाले विवाहमा अधिकारका रूपमा दाइजोलाई लिएका छन् । छोरा सरह समान अधिकार पाउने कुरा सिद्धान्त मात्र हो यथार्थ यही हो जो महिलाले भोगिरहेका छन् त्यसैले दाइजो अधिकार छोड्न चाहँदैनन् भने दाइजो प्रथा विपक्षका महिलाले दाइजोले असमझदारी बढाउने र सामाजिक समस्या ल्याउने तर्क राखेको अनुसन्धानबाट उल्लेख गरेकी छन् ।

थापा (१९८५: २८) अनुसार, दक्षिण एसियाका विभिन्न मुलुकहरूका महिलाको अवस्थालाई चित्रण गर्दै नेपाली समाजमा सामाजिक विभेद र असमानताहरू विद्यमान रहेको विश्लेषण गरिएको छ । विगतदेखि नै नेपाली महिलाको स्वतन्त्रतालाई सामाजिक, आर्थिक, धार्मिक, कानुनी र राजनीतिक तत्त्वहरूले प्रभाव पार्दै आइरहेको पाइएको छ । सतीप्रथा, बालविवाह, अनमेल विवाह, बहुविवाह, बोक्सी, बिधवा, बेचबिखन, दाइजो प्रथा आदि सामाजिक तत्त्वहरूले नेपाली समाजका महिलाको हैसियत कमजोर बनाएको पाइएको छ ।

गुडे (१९९४: ५१) अनुसार, विवाह व्यक्तिगत घटना नभएर सामाजिक घटनाको रूपमा लिने गरिन्छ र नातेदारीहरूबीच चासोको विषय बन्दछ । त्यसैले विवाह ठूलो भव्य रूपमा मनाइने संस्कार बन्दछ । धेरैजसो समाजमा विवाहपश्चात् महिलालाई नयाँ भूमिका र समस्याको सामना गर्नुपर्ने हुन्छ । खासगरी अभिभावकले आफ्नो हैयित अनुरूपको श्रीमान् छोरीको लागि खोज्दछन् । माग र पूर्तिको नियमअनुसार केटीलाई केटा खोज्ने र केटालाई केटी खोज्ने प्रक्रिया चल्दछ । पाश्चात्य समाजमा विवाह र प्रेमलाई नितान्त व्यक्तिगत घटनाको रूपमा लिइन्छ तर हाम्रो जस्तो मुलुकमा प्रेममाथि सामाजिक नियन्त्रण रहेको हुन्छ । प्रेम र विवाह सार्वजनिक घटनाको रूपमा लिइन्छ । त्यसैले मागी विवाहलाई समाजले मान्यता दिएको हुन्छ जहाँ बधूमूल्य र दाइजो प्रथा जस्ता परम्परा केटी वा केटाको मोलतोल हुने गर्दछ तर यसको प्रत्यक्ष प्रभाव महिलामाथि परेको पाइन्छ ।

वोउवार (२०६०: १८८) ले महिलालाई दोस्रो दर्जाको नागरिकको रूपमा गरेको व्यवहारलाई विश्लेषण गरेकी छन् । परम्परादेखि नै महिलाले विवाह गर्नुपर्ने नियति रहिआएको छ । आज पनि अधिकांश महिलाहरू यात विवाहिता छन्, या कुनै बेला थिए या पुनः विवाहको योजना बनाइरहेका छन् भन्दै सामाजिक रूपमा विवाह नै त्यस्तो संस्था हो जसले महिलाको नियन्त्रण गरको हुन्छ । आदिम समाजमा महिलालाई वस्तुको रूपमा दान

गरिन्थ्यो । सभ्यताको विकाससंगै विवाह संस्थाले अनुबन्धको आकार ग्रहण गऱ्यो आज पनि दाइजो र उत्तराधिकारले महिलालाई परिवारमा दासीको रूपमै राखेको पाइन्छ । विवाहमा केटीका अभिभावकद्वारा केही दान दिइन्छ । जबकि केटाले पत्नीलाई ग्रहण गरोस् पुरुषको तुलनामा स्त्रीमाथि विवाहको बन्धन जवरजस्ती लादिन्छ विवाहको अलावा स्त्रीकोसामु अन्य कुनै मार्ग देखाइँदैन र विवाहको निर्धारित उद्देश्य नै महिलालाई बन्धनमा राख्नु हो । महिलाले विवाह र यसबाट हुन आउने उत्तरदायित्वबाट मुक्ति पाउन सक्दिन । त्यसैले लेखिकाले विवाहलाई महिलाको शाोषण, बन्धनको स्रोतका रूपमा विश्लेषण गरेकी छन् । समाजको दृष्टि र घर गृहस्थीबाट महिला सधैं नियन्त्रित भइरहने उल्लेख गरेकी छन् ।

एउटा तितो यथार्थ हो कि मानव समाजको आधा आकाश ढाक्ने महिलाहरूलाई सदैव दोस्रो दर्जाका नागरिकको रूपमा व्यवहार गरिंदै आएको छ । यद्दपि आधुनिक नारीहरू आफ्नो अधिकार र स्वतन्त्रताका लागि संघर्षरत छन् र स्थिति केही सुधारोन्मुख पनि छ , वास्तविकता हो कि हाम्रो पितृसत्तात्मक समाजमा जन्मजात रूपमा नै छोरीलाई भेदभाव गरिन्छ । उनीहरूलाई अरूको सम्पक्ति, अतिरित्त खानेमुख र बोझको रूपमा लिइन्छ । अभिभावकहरू आफ्नी हुर्के बढेकी छोरीलाई विवाह गर्न हतारिन्छन र विवाहपश्चात् छोरीको सुखका लाीग बेहुलालाई धेरै महंगा वस्तुहरू (कपडा, गहना, घडी, रडियो, टि.भि., मोटरसाइकल, कार, फ्ल्याट आदि) दाइजोका रूपमा हस्तान्तरण गर्दछन् (मईत्रा, १९९३: १२) ।

उपरोक्त अध्ययन तथा कृतिहरूले दाइजो प्रथा सम्बन्धमा विभिन्न विधागत पक्षबाट केलाउने प्रयत्न भएको पाइएको छ । महिलाहरूको स्थिति र दाइजो प्रथाकाबारेमा भिन्न भिन्न कोणबाट विश्लेषण गरिएको भए तापनि वास्तविक महिलाहरूमा दाइजो प्रथाप्रतिको धारणा बुझेको देखिदैन । महिलाहरूको दाइजोप्रतिको दृष्टिकोण, सोचाइ र धारणा बुझ्ने क्रममा झा (१९९७) ले महोत्तरी जिल्लामा अनुसन्धान गरेको पाइएको छ । ग्रामीण ब्राम्हण जातिका महिलाहरूमा दाइजो प्रथाप्रतिको धारणा बुझ्ने कुनै पनि त्यस्ता सान्दर्भिक अनुसन्धान नभएको परिस्थितिमा यो शोधकार्य अगाडि बढाउने जमर्को गरिएको छ ।

# अध्याय - तीन

# अनुसन्धान विधि

यस खण्डमा शोधपत्रको अनुसन्धानमा प्रयोग गरिएका विधिहरूका बारेमा उल्लेख गरिएको छ । अनुसन्धानको क्रममा संख्यात्मक र गुणात्मक तथ्याङ्क र सुचना संकलन गर्न विभिन्न विधिहरू अपनाइएका छन् । यस खण्डमा शोधपत्रको अध्ययन क्षेत्र छनौटको औचित्य, प्रकृति र श्रोतहरू, तथ्याङ्क संकलन विधि, तथ्याङ्कको विश्लेषण र प्रस्तुतीकरणलाई प्रस्तुत गरिएको छ ।

## ३.१ अध्ययन क्षेत्र छनौटको औचित्य

ब्राम्हण जातिय विवाहमा दाइजो प्रथा अहिलेको संवेदनशील समसामयिक विषय हो । नेपालका अधिकांश हिन्दू धर्म मान्ने ब्राम्हण जातिहरूमा कुनै न कुनै रूपको दाइजो प्रथा प्रचलित छ । नेपालमा मात्र होइन छिमेकी राष्ट्र भारतमा समेत विवाहमा दाइजो प्रथा कायम रहेको पाइन्छ । विवाहको अवसरमा केटी पक्षबाट दाइजो दिने र केटा पक्षबाट दाइजो लिने प्रचलन वर्तमानमा मात्र होइन विगतदेखि नै प्रथा परम्परा र संस्कारको रूपमा चल्दै आइरहेको छ । नेपाली हिन्दू परिवारमा छोरा र छोरीमा फरक सामाजिकीरण तथा शिक्षा, स्वास्थ्य, पोषणको क्षेत्रमा छोरीलाई भेदभाव गरिन्छ भने सम्पत्तिमा अधिकार स्वतन्त्रता जस्ता क्षेत्रमा छोरीको पँहुच हुँदैन । त्यसैले परनिर्भर र परनिर्देशित जीवन नै उनीहरूको यथार्थता हुन पुग्छ । त्यसैले त हिन्दू ब्राम्हण परिवारमा पुरुषको तुलनामा महिलाको अवस्था कमजोर रहेको छ । त्यस्तै गरी अध्ययन क्षेत्रमा पनि महिलालाई भेदभाव गर्ने, सास्कृतिक परम्परा र संस्कारले महिलाको शैक्षिक, आर्थिक, सामाजिक अवस्था प्रभावित भएको स्वयं शोधकर्ताले अनुभव गरेकी र देखेकी छु । ब्राम्हण जातिमा छोरीहरूको छिटो विवाह गरिदिने, छोरीको सर्वाङ्गीण विकासका लागि लगानी गर्नुभन्दा विवाहमा दाइजो दिने परम्पराले विभिन्न अवसरबाट वञ्चित गरिएको अवस्था रहेको छ । विवाहपूर्व वा विवाहपश्चात् महिलाको सम्पत्तिमा अधिकार नरहने र अझ दाइजोको कारणबाट उनीहरू दमित, शोषित भएको यथार्थता छ । यस्तो परिस्थितिमा कास्कीको पुम्दी क्षेत्रका विवाहित

ब्राम्हण महिलाहरूको दाइजो प्रथाप्रतिको धारणा बारे अध्ययन विश्लेषण गर्नु उपयुक्त ठानिएको हो ।

अन्तर सांस्कृतिक अभ्यासमा लैङ्गिक सम्बन्धलाई हेर्दा भिन्न समय, स्थान र परिस्थिति अनुसार लैङ्गिक सम्बन्ध फरक भए जस्तै शहरी क्षेत्रका महिलाहरूको अवस्थाभन्दा ग्रामीण क्षेत्रका महिलाहरूको अवस्था नाजुक रहेको छ । उनीहरूको शिक्षा, स्वास्थ्य, रोजगार, आय आर्जनको क्षेत्रमा शहरी क्षेत्रका महिलाको तुलनामा कम पहुँच रहेको छ । पोखरा सहरको सेरोफेरोमा रहेको ग्रामीण क्षेत्र पुम्दीमा सहरीकरणका सम्पूर्ण सेवा सुविधा नभए पनि सहरीकरणको प्रभाव रहेको छ । त्यसैले यस क्षेत्रमा गरिने विवाह संस्कार र दाइजो प्रथाप्रतिको धारणामा सहरी क्षेत्र र ग्रामीण क्षेत्रको मिश्रण रहेको छ । सहरोन्मुख ग्रामीण क्षेत्रका ब्राम्हण परिवारका महिलाहरूमा देखिएको दाइजोप्रतिको धारणाले पोखरा क्षेत्रका ब्राम्हण महिलाको धारणाको प्रतिनिधित्व गर्न सक्ने भएकोले यो विषय र अध्ययन क्षेत्रको औचित्यपूर्ण छ ।

## ३.२ अनुसन्धान ढाँचा

यस अनुसन्धानको उद्देश्य प्राप्तिका लागि दुई किसिमका अनुसन्धान ढाँचा प्रयोग गरिएको छ । अध्ययन क्षेत्रको प्रतिनिधिहरूको विस्तृत विवरण लिनका लागि सामाजिक, आर्थिक, शैक्षिक अवस्था, उमेर, पारिवारिक संरचना, किसिम वा कुनै खास स्थिति आदिका सम्बन्धमा वर्णनात्मक अनुसन्धान ढाँचा प्रयोग गरिएको छ भने महिलाहरूको दाइजो प्रथाप्रतिको धारणा बुझ्न र दाइजो प्रथाले महिलाको अवस्थामा पारेको प्रभावको अध्ययन गर्न अन्वेषणात्मक अनुसन्धान ढाँचा प्रयोग गरिएको छ ।

## ३.३. समग्र र नमुना छनौट

यस अनुसन्धानमा कास्की जिल्लाको पुम्दी भुम्दी गा.वि.स. का नौ वटा वडाहरू मध्ये २ र ३ वडाहरूलाई अध्ययन क्षेत्रको रूपमा लिइएको छ । वडा नं. २ र ३ बाट समूह नमुना छनोट विधिबाट ब्राम्हण जातिलाई मात्र छुट्ट्याइएको छ । वडा नं. २ र ३ का घरधुरी क्रमशः १७४ र १३४ गरी जम्मा ३०८ रहेका छन् र जसबाट संयोग नमुना छनोट गरी ७० जना प्रतिनिधिहरूलाई छनोट गरिएको छ । प्रत्येक घरधुरीबाट यस अनुसन्धानका लागि महिलालाई मात्र प्रतिनिधिको रूपमा छनौट गरिएको छ ।

## ३.४ तथ्याङ्कको प्रकृति र स्रोतहरू

प्रस्तुत अनुसन्धानमा विशेष गरी प्राथमिक र द्वितीय स्रोतबाट तथ्याङ्क र सूचनाहरू संकलन गरिएको छ । प्राथमिक स्रोतबाट तथ्याङ्क संकलन गर्दा गुणात्मक र संख्यात्मक दुवै किसिमका तथ्याङ्कहरू संकलन गरिएको छ भने गुणात्मक तथ्याङ्कलाई विशेष प्राथमिकता दिइएको छ र आवश्यकता अनुसार संख्यात्मक तथ्याङ्क पनि संकलन गरिएको छ । प्राथमिक तथ्याङ्क संकलन गर्नका लागि अध्ययन क्षेत्रमा शोधकर्ताले अवलोकन, अन्तवार्ता, प्रश्नावली अनुसूची र समूह छलफल आदि विधिहरू अपनाइएको छ । द्वितीय तथ्याङ्क र सूचनाहरू संकलन गर्न विभिन्न लेख, रचना, समीक्षा, प्रकाशन, अभिलेख, पत्रपत्रिका, गा.वि.स. प्रतिवेदन, प्रकाशित र अप्रकाशित स्रोतहरू तथा अन्य सम्बन्धित साहित्यको सहयोग लिइएको छ ।

## ३.५ तथ्याङ्क संकलन विधि

तथ्याङ्क संकलनको विधि छनौट गर्दा अनुसन्धानको विषय वा समस्याको प्रकृति र उद्देश्यलाई मूल्याङ्कन गर्दै समय, स्रोत र साधनको पर्याप्ततालाई मध्यनजर गर्दै अनुसन्धानको सही परिणाम निकाल्न तथ्य र विश्वसनीय तथ्याङ्क तथा सूचना संकलनमा विशेष जोड दिइएको छ । जसका लागि अनुसन्धानमा प्रयोग गरिएको प्रविधि र औजारको अति होशियारी पूर्वक छनौट गरी निम्न विधिहरूको प्रयोग गरिएको छ ।

### ३.५.१ प्रश्नावली अनुसूची

ग्रामीण महिलाहरूमा दाइजो प्रथाप्रतिको धारणा बुझ्नका लागि सम्बन्धित विषयवस्तुमा आधारित रहेर विभिन्न प्रकारका सूचीबद्ध प्रश्नहरूलाई उत्तरदाता प्रतिनिधिहरू समक्ष पुऱ्याइएको थियो । असंरचित अन्तरवार्ता विधि प्रयोग गरिएको थियो । खुला र बन्द प्रकृतिका प्रश्नहरू रहेका थिए भने बन्द प्रकृतिका प्रश्नहरू बढी प्रयोग भएका छन् । यसरी लिइएको अन्तवार्ताबाट विषयवस्तुसँग सम्बन्धित प्राथमिक सूचनाहरू प्रशस्त प्राप्त गर्न सकिएको छ र त्यस क्षेत्रको सामाजिक, सांस्कृतिक, धार्मिक, लैङ्गिक, शैक्षिक, आर्थिक अवस्थाको जानकारी लिन सकिएको छ ।

### ३.५.२ समूह छलफल

समूह छलफल वडा नं. २ का घुम्ती आमा समूहका सदस्यहरू, घुम्ती युवा क्लवका सदस्यहरू, स्थानीय सामाजिक कार्यकर्ता, समाजसेवीहरू, समाजका बूढापाका व्यक्तिहरूको प्रतिनिधित्व गरी ५-५ जनाको समूहमा ३ वटा छलफल संचालन गरिएको थियो । उक्त छलफलमा अनुसन्धानको विषयलाई लिएर विगतमा दाइजोप्रथा कस्तो ढाँचा, स्वरूप र प्रकृतिको थियो र वर्तमानमा कस्तो अवस्थामा रहेको छ र आम समुदायमा दाइजो प्रथा प्रति कस्तो धारणा छ भन्ने बारेमा छलफल भई संचालन भएको थियो, जसबाट अन्तवार्ताबाट प्राप्त गर्न नसकिएका महत्त्वपूर्ण सूचना प्राप्त गर्न सकिएको थियो ।

### ३.५.३ अवलोकन

कार्य क्षेत्रको समयमा अन्य विधिहरूको प्रयोग सँगसँगै अवलोकन विधिको पनि प्रयोग गरिएको छ । शोधकर्ता पुम्दी भुम्दी क्षेत्रमा दिन-दैनिक अन्तक्रियात्मक रूपमा सम्बन्धित भएकाले त्यस क्षेत्रको विवाह संस्कार, दाइजो प्रथा र महिलाहरूको अवस्थाको बारेमा विभिन्न समय र घटनासँग परिचित रहन र अवलोकन गर्न अवसर पाएकी छु । अझै पनि सही, सत्य र तथ्य सूचना संकलन गर्नको लागि स्थानीय स्तरमा भएका विवाहहरूमा समावेश भई प्रत्यक्ष अवलोकन गर्ने अवसर मिलेको थियो । यसरी यस अनुसन्धान कार्यमा तथ्याङ्क संकलन विधिका रूपमा अवलोकन विधि पनि महत्त्वपूर्ण रहेको छ ।

## ३.६ तथ्याङ्कको विश्लेषण एवम् प्रस्तुतीकरण

संकलित तथ्याङ्कहरूलाई विश्लेषण गरेपछि मात्र अध्ययनको वास्तविकता उजागर हुने हुँदा विश्लेषण पक्षको विशेष महत्त्व रहन्छ। अनुसन्धानबाट प्राप्त भएका तथ्याङ्कहरूलाई संख्यात्मक र गुणात्मक दुवैको छुट्टाछुट्टै विश्लेषण गरिएको छ। तथ्याङ्कहरूलाई सम्पादन गरी सांकेतीकरण, वर्गीकरण र तालिकीकरणपछि स्टाटिष्टिकल प्याकेज फर सोसियल साइन्स (एस.पि.एस.एस.) प्रोग्रामको माध्यमबाट तथ्याङ्कको विश्लेषण गरिएको छ। यसरी विश्लेषित तथ्याङ्कहरूलाई आवश्यकताअनुसार वर्णनात्मक व्याख्याका साथसाथै विविध तालिका, रेखाचित्र, वृत्तचित्रबाट तथ्याङ्क प्रस्तुत गरिएको छ । तथ्याङ्कलाई अझ आनन्दमय बनाउन आवश्यक फोटोग्राफ पनि राखिएको छ ।

## ३.७ पूर्व परीक्षण

महिलाहरूमा दाइजोप्रतिको धारणा बुझ्नका लागि बनाइएका प्रश्नावली अनुसूचीको सही मूल्याङ्कनका लागि के कस्ता प्रश्नहरू सान्दर्भिक हुन्छन् र विश्वसनीय सूचना संकलन गर्न मद्दत गर्दछन् भन्ने थाहा पाउन पुम्दी भुम्दी गा.वि.स.को वडा नं. २ मा अवस्थित कोदी गाउँका सदस्यहरूमा प्रश्नावली अनुसूचीमार्फत् १० जना महिलाहरूको अन्तवार्ता लिइएको थियो । उक्त परीक्षणपश्चात केही प्रश्नहरू जटिल भएको र केही प्रश्नहरू असान्दर्भिक भएको महसुस गरी ती प्रश्नहरूलाई सरलीकृत गर्ने वा हटाउने गरिएको थियो । यसरी अध्ययनका क्रममा आवश्यक पर्ने सूचना भरपर्दो, विश्वसनीय ढंगबाट प्राप्त हुने विश्वासपश्चात् मात्र पूर्व परीक्षण गरिएका प्रश्नावली अनुसूचीलाई प्रयोग गरिएको थियो ।

# अध्याय - चार

## अध्ययन क्षेत्रको सामाजिक, आर्थिक अवस्था

यस खण्डमा अध्ययन क्षेत्रको सामाजिक आर्थिक अवस्थितिको व्याख्या गरिएको छ । अध्ययन क्षेत्रका महिलाहरूको सामाजिक, आर्थिक अवस्थाको संक्षिप्त परिचय दिइएको छ ।

### ४.१ अध्ययन केन्द्रित पुम्दी गाउँको परिचय

शोधपत्रको अध्ययन क्षेत्रको रूपमा पुम्दी गाउँलाई लिइएको छ । पुम्दी भुम्दी गा.वि.स. पोखरा उपत्यकासँग जोडिएको छ । पोखरा उपत्यकादेखि दक्षिण-पश्चिम भू-भागमा अवस्थित पुम्दी भुम्दी करिब २०१६ वर्ग किलोमिटरमा फैलिएको छ । समुन्द्री सतहबाट करिब ७०० देखि १२०० मिटरसम्मको उचाइमा अवस्थित मनोरम प्राकृतिक दृश्यले भरिपूर्ण यो क्षेत्र पूर्वमा पोखरा उपत्यका, पश्चिममा चापाकोट, उत्तरमा फेवाताल, दक्षिणमा कृष्ति नाच्नेचौर, स्याङ्जा जिल्लाको फेदीखोला र आरूखर्क गा.वि.स.का बीचमा रहेको छ ।

समशीतोष्ण हावापानी रहेको यस गाउँमा कुल भू-भागको ३३.३७ प्रतिशत अर्थात् ४०३४ हेक्टर वनजंगल रहेको छ भने प्रत्येक वडाहरूमा कच्ची सडक पुगेको छ । यसै गाउँको मध्य भागबाट सिद्धार्थ राजमार्गले यातायातको सुविधा पुऱ्याउँदै आएको छ । धार्मिक दृष्टिकोणले पुम्दीकोट, भुम्दीकोट, विश्वशान्ति स्तुप र हानासाकियामा (फूल फुल्ने पहाड) आदि प्रख्यात रहेका छन् भने विगतमा पुम्दी र भुम्दी नाम गरेका दुई ठूला गाउँहरू रहेको र यिनै दुईवटा गाउँको नामको समीकरण गरी पुम्दी भुम्दी गा.वि.स. को नामाकरण गरिएको स्थानीय बासिन्दाले वताउँदछन् । अध्ययन क्षेत्र पुम्दी क्षेत्रमा पर्दछ ।

पोखरा उपमहानगरपालिकासँग जोडिएको गाउँ भएकाले पोखरासंगै अन्तरसम्बन्धित भएर यहाँका मानिसहरूले आधारभूत सुविधाहरू उपलब्ध गरेका छन् । सूचना र संचारका लागि ताररहित टेलिफोन र मोवाइल सेवा प्रयोग गरेको पाइन्छ भने विद्युत्को सुविधा रहेको हुँदा रेडियो र टेलिभिजन प्रायः सबैको घरमा देख्न सकिन्छ ।

सामान्यतया खाना पकाउन दाउराको प्रयोग र गोबरग्याँसको प्रयोग गरिएको छ भने थोरै मात्रामा एल.पि. ग्याँसको प्रयोग गर्दछन् ।

वि.सं. २०५८ सालको जनगणनाअनुसार यस गा.वि.स.मा १५५० घरधुरीमा करिव ८१८५ जनसंख्या रहेकोमा पुरुष ३९९१ र महिला ४१९४ रहेका छन् । यस गा.वि.स.मा बसोबास गर्ने जातजातिहरूमा ब्राम्हणको बाहुल्यता रहेको छ । अध्ययन क्षेत्रको रूपमा पुम्दी भुम्दी गा.वि.स.का वडा नं. २ र ३ छानिएका छन् । जहाँ ब्राम्हण जातिकै बाहुल्यता रहेको छ । यस अध्ययनमा पनि ब्राम्हण जातिलाई मात्र समेटिएको छ र त्यसमा पनि महिलाहरूलाई प्रतिनिधिको रूपमा छनोट गरिएको छ । यस अध्ययनमा हिन्दू धर्म मान्ने ब्राम्हण जातिका विवाहित महिलाहरूलाई प्रतिनिधिको रूपमा छनोट गरी हिन्दू धर्म मान्ने ब्राम्हण जातिमा छोरी वा महिलाप्रति रहेको व्यवहार, दृष्टिकोण र धारणालाई अध्ययन गरिएको छ । पुम्दी भुम्दी गा.वि.स. मात्र होइन सम्पूर्ण नेपालभरी नै हिन्दू धर्म मान्ने ब्राम्हण जातिका विवाहित ग्रामीण महिलाहरूको अवस्था र स्थिति प्रायः उस्तै रहेको छ ।

**पुम्दी गाउँको सामाजिक संरचना**

सामाजिक संरचना निर्माणका लागि आधारभूत संस्थाहरू भनेका नै विवाह, परिवार र नातेदार हुन् । यिनै आधारभूत संस्थाका आधारमा सामाजिक, आर्थिक, सांस्कृतिक, राजनैतिक, धार्मिक जस्ता बृहत् संस्थाहरू सक्रिय हुन पुग्छन् । आधारभूत संस्था र बृहत् संस्थाहरू अन्तर सम्बन्धित र अन्तर प्रभावित भएका कारण कुनै एउटा संस्थामा आएको परिवर्तनले अन्य संस्थाहरूमा स्वतः परिवर्तन हुन पुग्दछ । संसारका कुनै पनि समाज, परिवारविना बन्न सक्दैनन् । परिवारको स्थापनाले परिवारका सदस्यको आर्थिक, सामाजिक, मनोवैज्ञानिक र शारीरिक आवश्यकता परिपूर्ति गर्दछ । यही परिवारको संरचनाको लागि विवाह आवश्यक छ । संसारका भिन्न भिन्न समाजमा विवाहको प्रकृति, विवाहप्रतिको सोचाइ, भिन्न-भिन्न खालको पाउन सकिन्छ तर सबैको साझा उद्देश्य भने परिवारको निर्माण गर्नु नै हो ।

पुम्दीको ग्रामीण क्षेत्रको परिवेशलाई हेर्दा यहाँ हिन्दू धर्म मान्ने ब्राम्हण जातिको विवाहमा दाइजो प्रथा प्रचलित रहेको छ । खास गरी पुम्दी गाउँमा मागी विवाह प्रचलनमा रहेको र अभिभावकले नै विवाहको निर्णय गर्ने गरेको पाइएको छ । यसरी हुने मागी विवाहमा लमीको भूमिका रहने र केटापक्ष तथा केटीपक्ष बीचमा दाइजोको लेनदेन हुने गरेको छ । अति थोरै मात्रामा प्रेम विवाह हुने गरेको र अन्तर जातीय विवाहलाई समाजमा

नराम्रो दृष्टिले हेर्ने गरिएको छ । पुनर्विवाहको सवालमा पुरुषलाई सहज भए पनि महिलाको हकमा निषेधित जस्तै छ । किनभने अध्ययन क्षेत्रमा पुर्नविवाह र विधवा विवाह प्रचलनमा देखिएको छैन अध्ययन क्षेत्रमा मनाउने चाडपर्वहरू जस्तै ऋषि पूर्णिमा, तीज, दशै, तिहार, माघे संक्रान्ति, पुसे पन्ध्र, श्रीपञ्चमी, शिवरात्रि, फागु पूर्णिमा, चैते दशैं आदि रहेका छन् । विशेष गरी महिलाहरूले तीजमा आफ्नो पतिको सु-स्वास्थ्य र दीर्घायुका लागि निःराहार व्रत बस्ने गर्दछन् । अध्ययन क्षेत्रमा पितृसत्तात्मक सामाजिक संरचना रहेको छ । छोरी र छोरालाई गरिने सामाजिकीकरणमा नै भेदभावपूर्ण व्यवहार गरेको पाइन्छ । छोरा जन्मदै पैतृक सम्पत्तिको भागीदार बन्दछ र विभिन्न संस्कारहरूमा छोराको आवश्यकता महसुस गरेको पाइन्छ । छोरालाई पढ्नमा बढी प्रेरित गर्ने गरेको र छोरीलाई पढाइको साथसाथै घरको कामधन्दामा लगाएको पाइन्छ । छोरा र छोरीको शिक्षामा गरिने लगानीमा पनि फरक पाइयो भने छोरीलाई १५ देखि २० वर्ष भित्र नै विवाह गरिदिने गरेको पनि पाइयो । विवाहमा अभिभावकको निर्णय नै अन्तिम निर्णय हुने गरेको र विवाहका लागि आवश्यक योग्यता हासिल गरेपछि छोरीलाई विवाह गरिदिनु अभिभावकको दायित्व भएको र आर्थिक सहयोगका लागि विवाहमा दाइजो दिने गरेको पाइन्छ । कानुनमा जेजस्तो प्रावधान भए पनि छोरीलाई सम्पत्तिमा अधिकार दिइएको छैन । छोरी भनेका कुलका र घरका इज्जत हुन् । यिनीहरूलाई इज्जत धान्नको लागि अभिभावकले असल, आज्ञाकारी बन्न सिकाउँछन् । धारणात्मक रूपमा छोरीलाई भेदभाव नगरे पनि व्यवहारिक रूपमा छोरीप्रति भेदभाव हुने गरेको पाइन्छ । छोरालाई उच्च प्राथमिकता र सबै क्षेत्रमा स्वतन्त्रता रहेको पाइयो भने छोरीलाई कम महत्त्व दिने, पेसामा, विवाहमा, शिक्षामा सम्पत्तिमा कम स्वतन्त्रता र कम पहुँच रहेको पाइएको छ । महिलाहरूको स्थिति हेर्दा उनीहरू आर्थिक मामिलामा पुरुषसँग निर्भर हुनुपरेको, बिहानदेखि बेलुका सम्म घरायसी अनुत्पादक काममा सरिक हुँदा पनि कामको मूल्याङ्कन नगरिएको र सानासाना निर्णय प्रक्रियामा समेत हात नरहेको पाइएको छ । यसरी यस अध्ययन क्षेत्रको सामाजिक संरचनामा छोरी वा महिलाको अवस्था कमजोर रहेको देखिन्छ ।

## ४.२ प्रतिनिधिमूलक उत्तरदाताहरूको शैक्षिक तथा उमेरको वितरण

यस अध्ययनमा १५ देखि २० वर्षसम्मका जम्मा ५.७ प्रतिशत उत्तरदाताहरू रहेका छन् भने २१ देखि ३० वर्षसम्मको उमेर रहेका उत्तरदाताहरू ५० प्रतिशत रहेका छन् ।

२५.७ प्रतिशत उमेर समूह ३१ देखि ४० वर्ष सम्मका रहेका छन् भने ४० देखि ५० सम्म ८.७ प्रतिशत र ५० वर्षभन्दा माथिका उमेर समूह १० प्रतिशत रहेका छन् ।


उक्त तालिकाअनुसार निरक्षर महिलाहरू २० प्रतिशत रहेका छन् । साक्षर महिलाहरू ११.४ रहेका छन त्यसैगरी एस.इल.सी भन्दा कम क्रमशः २७.१ प्रतिशत, २५.७ प्रतिशत, १२.९ प्रतिशत, बी.ए भन्दा माथि क्रमशः १.४ प्रतिशत र १.४ प्रतिशत रहेका छन ।

तालिका ४.१ उत्तरदाता महिलाको उमेरगत आधारमा शैक्षिक स्तर

| उमेर समूह ( वर्ष) | निरक्षर | साक्षर | एस.एल.सी भन्दा कम | एस.एल. सी पास | आई.ए पास | बी.ए पास | बी.ए भन्दा माथि | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| १५-२० | - | - | - | ४ | - | - | - | ४ | ५.७ |
| २१-३० | १ | - | १३ | ११ | ८ | १ | १ | ३५ | ५०.० |
| ३१-४० | २ | ६ | ६ | ३ | १ | - | - | १८ | २५.७ |
| ४१-५० | ४ | २ | - | - | - | - | - | ६ | ८.७ |
| ५० भन्दा माथि | ७ | - | - | - | - | - | - | ७ | १०.० |
| जम्मा (%) | १४ (२०.०) | ८ (११.४) | १९ (२७.१) | १८ (२५.७) | ९ (१२.९) | १ (१.४) | १ (१.४) | ७० (१००) | १००% |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६५*

यस तालिकाले महिलाको उमेरगत संरचना र शिक्षाको स्तरलाई देखाएको छ । यस अध्ययनबाट ५० प्रतिशत उत्तरदाताहरू २१ देखि ३० वर्षको समूहमा पर्दछन भने २५.७ प्रतिशत उत्तरदाता ३१ देखि ४० वर्षको समूहमा पर्दछन ।  त्यसैगरी १० प्रतिशत ५० भन्दा माथिको उमेर समूहमा पर्दछन भने ८.७ प्रतिशत र ५.७ प्रतिशत कमशः ४१ देखि ५० र १५ देखि २० वर्षको उमेर समूहमा पर्दछन् । महिलाको शैक्षिक स्तरलाई हेर्दा २७.१ प्रतिशत महिलाहरू एस.एल.सी भन्दा कम पढेका छन् भने २५.७ प्रतिशत एस.एल.सी पास भएका छन । २०.० प्रतिशत महिलाहरू निरक्षरको अवस्थामा रहेका छन भने ११.४ प्रतिशत साक्षर मात्र रहेका छन् त्यसैगरी उच्च शिक्षा हासिल गर्ने क्रममा आई.ए पास १२.९ प्रतिशत रहेको छ भने वि.ए पास र वि.ए भन्दा माथि क्रमशः १.४ र १.४ प्रतिशत रहेका छन्ष ।




चित्र ४.१ उत्तरदाता महिलाहरूको उमेरगत आधारमा शैक्षिक स्तरको वितरण

यो अध्ययनबाट समग्र नेपाली ग्रामीण महिलाहरूको अवस्थालाई चित्रण गर्न सकिन्छ । जति शिक्षाको स्तर बढ्दै गयो त्यति नै महिलाको संख्या कम हुने गरेको छ । धेरैजसो महिलाहरूको स्कुल पढ्दा पढ्दै विवाह हुने र विवाहपश्चात् शिक्षाको अवसरबाट बञ्चित हुनुपर्ने हुँदा धेरै मात्रामा महिलाहरू एस.एल.सी भन्दा कम शैक्षिक योग्यता भएको भेटियो । एस.एल.सी पास हुनेको प्रतिशत २५.७ हुँदा आई.ए पास गर्ने महिलाको प्रतिशत जम्मा आधा १२.९ रहेको छ भने स्नातक तह र सोभन्दा माथि १.४ प्रतिशत मात्र रहनुले महिलाको पहुँच नै रहेको छैन भन्दा पनि हुन्छ ।

## ४.३ परिवारको संरचना


यस अध्ययन क्षेत्रमा एकल र संयुक्त किसिमका परिवारको संरचना रहेका छन् तर अध्ययनको क्रममा उत्तरदाताहरूको बृहत् परिवार भेटिएको छैन ।

तालिका ४.२ उत्तरदाताको पारिवारिक संरचना

| परिवारको संरचना | उत्तरदाता | प्रतिशत |
|---|---|---|
| एकल परिवार | ३३ | ४७.१ |
| संयुक्त परिवार | ३७ | ५२.९ |
| जम्मा | ७० | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६५*

यस अध्ययनवाट जम्मा ७० जना उत्तरदाताहरूको पारिवारिक संरचनालाई हेर्दा ४७.१ प्रतिशत महिला एकल परिवारमा बस्दछन् भने ५२.९ प्रतिशत महिलाहरू संयुक्त परिवारमा बस्ने गर्दछन् ।




चित्र ४.२ उत्तरदाताको पारिवारिक संरचनाको अवस्था

माथिको वृत्तचित्रबाट के देखिन्छ भने अध्ययन क्षेत्रमा एकल र संयुक्त परिवार दुवै किसिमको पारिवारिक संरचना रहेका छन । अझै पनि विवाहपश्चात् एकल परिवारमा भन्दा संयुक्त परिवारमा नै बस्ने गरेको पाइएको छ । झण्डै आधाभन्दा बढी परिवारको संरचना ५२.९ प्रतिशत संयुक्त पाइयो भने ४७.१ प्रतिशत मात्र एकल परिवार पाइएको छ । संयुक्त परिवारमा धेरै बस्ने गरेको भएता पनि एकल परिवारको धारणा पनि विकसित भएको पाइएको छ ।

परिवारमा बस्ने सदस्यहरूको संख्याका आधारमा परिवारको आकारलाइ सानो, मध्यम र ठूलो परिवारमा वर्गीकरण गरिएको छ । जसमा २ देखि ४ सदस्यहरू रहेको

परिवारलाई सानो परिवारका रूपमा, ४ देखि ६ जना सदस्यहरू भएको परिवारलाई मध्यम परिवारको रूपमा र ६ देखि माथिको संख्यामा रहेको परिवारलाई ठूलो परिवारको रूपमा मानिएको छ । अध्ययन क्षेत्रमा ७० जना उत्तरदाताहरूको परिवारको आकारलाई हेर्दा २८.६ प्रतिशत महिलाहरूको सानो आकारको परिवार रहेको, ५४.३ प्रतिशत मध्यम आकारको परिवार रहेको र १७.१ प्रतिशत ठूलो आकारको परिवार रहेको पाइएको छ ।


तालिका ४.३ उत्तरदाताको परिवारिक आकारको आधारमा वर्गीकरण

| परिवारको आकार | उत्तरदाता | प्रतिशत |
|---|---|---|
| सानो परिवार (२-४) | २० | २८.६ |
| मध्यम परिवार (४-६) | ३८ | ५४.३ |
| ठूलो परिवार (६- माथि) | १२ | १७.१ |
| जम्मा | ७० | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६५*

यस अध्ययनवाट जम्मा ७० जना उत्तरदाताहरूको परिवारका सदस्य संख्याको आधारमा परिवारको आकारलाई हेर्दा ५४.३ प्रतिशत महिलाको मध्यम आकारको परिवार रहेको छ भने २८.६ प्रतिशत महिलाको सानो आकारको परिवार रहेको छ । त्यसै गरी १७.१ प्रतिशत महिलाहरूको मात्र ठूलो आकारको परिवार रहेको छ ।

आजको आधुनिक परिवेशमा ठूलो आकारको परिवारको अवधारणा कम हुँदै गएको र सानो परिवारको अवधारणा विकसित हुँदै गएको पाइएको छ । हाम्रो समाजमा मध्यम आकारको परिवार धेरै मात्रामा देख्न सकिन्छ । यस अध्ययन क्षेत्रमा पनि मध्यम आकारको परिवार सबैभन्दा बढी रहेको पाइएको छ । सामान्यतया वर्तमान परिवेशमा हेर्दा सानो परिवारतर्फ उन्मुख भएको पनि पाइएको छ । यो अध्ययन ग्रामीण क्षेत्रमा गरिएको अध्ययन हुँदा अझै पनि  संयुक्त रूपमा बस्ने गरेको र त्यस्तो संरचनामा मध्यम आकारको परिवार पर्दछ ।




चित्र ४.३ परिवारको आकारको आधारमा बनावट

माथिको वृत्तचित्रबाट मध्यम आकारको परिवार, सानो आकारको परिवार र ठूलो आकारको परिवार भन्दा धेरै रहेको देखिएको छ । त्यसै गरी सानो आकारको परिवारभन्दा ठूलो आकारको परिवारको प्रधानता रहेको छ ।

## ४.४ उत्तरदाताको पेसा र वैवाहिक स्थिति


पुम्दी गाउँमा गरिएको यस अध्ययनमा उत्तरदाताको वैवाहिक स्थितिलाई हेर्दा ३७.१ प्रतिशत महिलाहरू नव विवाहित रहेका छन् भने १८.५ प्रतिशत महिलाका श्रीमान् रोजगारीको लागि विदेसिएका छन् । त्यसै गरी सम्बन्ध विच्छेद भएका र विधवा महिलाहरू क्रमशः ४.२ प्रतिशत र ७.१ प्रतिशत रहेका छन् भने परिवारसँग बस्ने महिलाहरू ३२.८ प्रतिशत रहेका छन् ।

तालिका ४.४ उत्तरदाताको पेसा र वैवाहिक स्थितिको संरचना

| वैवाहिक स्थिति | पेशा | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | गृहिणी | व्यापार | मजदुरी | सेवा | अन्य | जम्मा | प्रतिशत |
| नवविवाहित | १९ | ४ | १ | १ | १ | २६ | ३७.१ |
| श्रीमान् विदेश गएको | १३ | - | - | - | - | १३ | १८.५ |
| सम्बन्ध विच्छेद भएको | ३ | - | - | - | - | ३ | ४.२ |
| बिधवा | ५ | - | - | - | - | ५ | ७.१ |
| परिवारसँग बसेको | २१ | २ | - | - | - | २३ | ३२.८ |
| जम्मा<br>प्रतिशत | ६१<br>(८७.१) | ६<br>(८.५) | १<br>(१.४) | १<br>(१.४) | १<br>(१.४) | ७०<br>(१००) | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६५*

उत्तरदाताको पेशागत अवस्थितिलाई हेर्दा ७० जना उत्तरदाताहरू मध्ये ८७.१ प्रतिशत गृहिणी रहेका छन् भने ८.५ प्रतिशतले व्यापार गर्दछन् । मजदुरी, सेवा र अन्यमा १.४ प्रतिशत, १.४ प्रतिशत, १.४ प्रतिशत रहेका छन् ।




चित्र ४.४ उत्तरदाताको पेसा र वैवाहिक स्थितिको वितरण

माथिको रेखाचित्रबाट परिवारसँग बस्ने महिलाहरू ३२.८ प्रतिशत रहेको छ जसबाट परिवारसँग बस्ने महिलाहरूको प्रधानता देखिएको छ भने नव विवाहित ३७.१ प्रतिशत रहेकोमा श्रीमान् विदेश गएका १८.५ प्रतिशत रहेका छन् । हिन्दू धर्म मान्ने पितृसत्तात्मक संरचनामा आधारित ब्राम्हण जातिमा पनि ४.२ प्रतिशत श्रीमानसँग सम्बन्ध विच्छेद गरेको देखिएको छ भने अझै पनि समाजमा महिलाको पुनर्विवाहलाई स्वीकारेको पाइँदैन र श्रीमान्को मृत्यूपछि बिधवाको रूपमा पीडित जीवन बिताउन बाध्य छन् । उत्तरदातामध्ये बिधवा महिलाहरू ७.१ प्रतिशत उत्तरदाताहरू रहेका छन् ।

माथिको ४.४ को रेखाचित्रमा पेशागत आधारमा हेर्दा नव विवाहित महिलाहरू गृहिणीको साथसाथै व्यापार, मजदुरी, सेवा जस्ता क्षेत्रमा पनि नगन्य रूपमा रहेको देखिएको छ भने अन्य वैवाहिक स्थिति भएको महिलाहरू गृहिणी मात्र रहेका छन् । उनीहरूको पेसाको सवालमा वैकल्पिक आधार छैनन् । यसरी हेर्दा ग्रामीण क्षेत्रका महिलाहरू गृहिणी मात्र रहेको देखिन्छ । ब्राम्हण जातिका महिलाहरूको सामाजिक संरचनाले र कमजोर शैक्षिक स्थितिको कारणले पनि उनीहरू घरबाट बाहिर निस्कने अवस्था हुँदैन । निजी तथा सार्वजनिक द्विविभाजनमा निजी क्षेत्रमा महिलाको प्रभुत्व रहेको पाइन्छ । यस क्षेत्रलाई प्राकृतिक, अविवेकी, संस्कृतिहीन, शक्तिहीन, अनुत्पादक क्षेत्रको संज्ञा दिएको पाइन्छ । यस्तो द्विविभाजनका कारण महिलामाथि दुर्व्यवहार र भेदभाव गरिंदै आएको देखिन्छ । छोरी वा महिलालाई गलत सामाजिकीकरण गर्दै घरायसी क्षेत्रमा सीमित र परम्परागत असल श्रीमती वा बुहारी बन्ने पाठ सिकाउनाले विभिन्न कुप्रथा र प्रचलनका कारण महिला निजी क्षेत्रमा नै आफ्नो सम्पूर्ण संसार देख्न बाध्य छन् (अर्याल, २०६२ : ३३९) ।

## ४.५ उत्तरदाताको वैवाहिक उमेर

उत्तरदाताहरूको वैवाहिक आधार हेर्दा ७० जना नै विवाहित महिला रहेका छन् । उनीहरूको विवाह हुँदाको उमेर यहाँ तालिकामा देखाइए अनुसार रहेको छ । ग्रामीण परिवेश भएको हुँदा र ब्राम्हण जातिमा छोरीलाई सकेसम्म छिटो कन्यादान दिई ढुक्क हुने परम्पराले गर्दा सबै उत्तरदाताको विवाह १५ देखि २५ वर्ष भित्र भइसकेको थियो । छोरीलाई अभिभावकले 'अर्काको नासो गलाको पासो' भने झै व्यवहार र सामाजिकीकरण गर्दछन् । त्यसैले त जम्मा उत्तरदाताहरू मध्ये ८२.९ प्रतिशतको विवाह २० वर्ष भित्र भइसकेको


थियो भने बाँकी १७.१ प्रतिशत उत्तरदाताको मात्र २० देखि २५ वर्षभित्र विवाह भएको थियो ।

तालिका ४.५ उत्तरदाताको वैवाहिक उमेरको अवस्था

| विवाहको उमेर (वर्ष) | उत्तरदाता | प्रतिशत |
|---|---|---|
| १५-२० | ५८ | ८२.९ |
| २०-२५ | १२ | १७.१ |
| जम्मा | ७० | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६५*

यसरी हेर्दा छोरीलाई न्यून उमेरमा विवाह गरिदिने प्रथा चलेको देखिन्छ । छोरीलाई अभिभावकले छोरासरह शिक्षा, स्वास्थ्य जस्ता क्षेत्रमा खर्च नगर्ने परिपाटी देखिन्छ । छोरीलाई आत्मनिर्भर बन्न र व्यक्तित्व विकास गर्नको लागि सीप, तालिम, शिक्षाको अवसर भन्दा पनि बढी सान्दर्भिक विवाहलाई मान्ने गरेको देखिन्छ । यसले गर्दा महिला सधैं परनिर्भर बन्नुपर्ने अवस्था रहिरहन्छ । विवाह जस्तो जीवनको अति महत्त्वपूर्ण र संवेदनशील कार्यमा समेत महिलाको निर्णय गर्ने अधिकार र पहुँच नभएकोले आत्मनिर्णयको स्वतन्त्रता नरहेको देखिन्छ ।




चित्र ४.५ उत्तरदाताको विवाहको उमेरगत अवस्था

विवाहको उमेरको सन्दर्भमा धेरै उत्तरदाताहरूको चाडो विवाह भएको देखिएको छ । त्यसैले उनीहरू विवाहपश्चात् शिक्षा, स्वास्थ्य र रोजगार जस्ता क्षेत्रमा सरिक हुन विद्यमान सामाजिक संरचना तगारो बनेको हुन्छ । १५ देखि २० वर्षको अवधिमा विवाह हुने

महिलाहरू ८२.९ प्रतिशत देखिएकोले महिलाको वास्तविक कमजोर स्थितिलाई झल्काएको छ । कतिपय विवाहहरू वर्तमान कानुनबाट दण्डनीय र अवैधानिक समेत रहेको देखिन्छ ।

## ४.६ उत्तरदाताको विवाहको समयमा शिक्षाको स्तर


शिक्षा मानिसको चेतनाको पहिलो आधार हो । शिक्षाले मानिसलाई सचेत र सजीव बनाउँदछ । तरपनि पुम्दी गाउँमा गरिएको यस अध्ययनमा उत्तरदाताहरूको शैक्षिक स्थितिलाई हेर्दा निकै कमजोर रहेको देखिन्छ । तालिका ४.५ अनुसार महिलाहरूको छिटो विवाह गरिदिने परम्परा देखिएको छ त्यसैले उनीहरूको शिक्षामा पनि त्यसको प्रभाव परेको देख्न सकिन्छ । जम्मा ७० जना उत्तरदाताहरूमध्ये १८.६ प्रतिशत महिलाहरू निरक्षर अवस्थामा रहेछन् भने ४१.४ प्रतिशत महिला एस.एल.सी. भन्दा कम पढेका रहेछन् । २० प्रतिशत महिलाले मात्र एस.एल.सी. पास गरेको देखिन्छ भने विवाहको समयमा आई.ए. पढ्दै गरेको संख्या १४.३ प्रतिशत र ४.३ प्रतिशतले वि.ए. पढ्दै गरेको देखिन्छ । सबैभन्दा कम १.४ प्रतिशत महिलाले विवाहको समयमा एम.ए. पढिरहेको देखिन्छ ।

तालिका ४.६ महिलाहरूको विवाहको समयमा शैक्षिक स्तरको अवस्था

| शिक्षाको स्तर | उत्तरदाता | प्रतिशत |
|---|---|---|
| निरक्षर | १३ | १८.६ |
| एस्.एल्.सी.भन्दा कम | २९ | ४१.४ |
| एस्.एल्.सी. पास | १४ | २०.० |
| आइ.ए. पढ्दै | १० | १४.३ |
| वि.ए. पढ्दै | ३ | ४.३ |
| एम्.ए. पढ्दै | १ | १.४ |
| जम्मा | ७० | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६५*

अधिकांश उत्तरदाताहरूको विवाहको समयमा शिक्षाको स्तर एस.एल.सी. भन्दा कम रहेको छ । झण्डै आधा महिला अर्थात् ४१.४ प्रतिशत महिलाहरूको विवाह एस.एल.सी. भन्दा कम पढ्दापढ्दै भएको छ ।




चित्र ४.६ प्रतिनिधि महिलाहरूको वैवाहिक समयमा शैक्षिक स्तरको अवस्था

माथि उल्लेखित ४.६ को चित्रअनुसार शिक्षाको स्तर बढ्दै जाँदा महिलाहरूको संख्या कम हुँदै गएको अवस्था छ । विवाहको समयमा एम.ए. पढ्दै गरेका महिलाहरू १ जनामात्रै रहेका छन् भने वि.ए. पढ्दै गरेका ३ जना रहेका छन् । त्यसैगरी आइ.ए. पढ्दै गरेका महिलाहरू १० जना र एस.एल.सी. पास १४ जना रहेका छन् । यसरी हेर्दा महिलाहरूको शिक्षा लिने समयमा विवाह गर्नुपरेको यथार्थलाई चित्रण गरिएको छ । अभिभावकहरूमा छोरा सरह छोरीलाई शिक्षा दिनुभन्दा विवाह गरिदिने मनस्थिति देखिएको छ । जसले गर्दा महिलाको कमजोर शिक्षा र चेतनास्तरका कारण विवाह पश्चात व्यक्तिगत जीवनमा प्रगति गर्न नसकेको र आधिकांश महिलाहरू विवाह पश्चातको गृहिणी जीवन बिताएको पाइएको छ ।

# अध्याय - पाँच

## दाइजो प्रथा र महिलाहरूको अवस्था विश्लेषण

यस खण्डमा अध्ययन केन्द्रित दाइजो कै विषयमा तथ्याङ्क र चित्रहरूका माध्यमबाट विश्लेषण गरिएको छ । अध्ययन क्षेत्रका महिलाहरूको शैक्षिक, आर्थिक, सामाजिक अवस्थाका बारेमा विश्लेषण गर्न महिलाहरूको धारणा बुझ्ने काम गरिएको छ । उत्तरदाता महिलाहरूको विवाहको प्रकृति, विवाहमा दाइजो ल्याएको वा नल्याएको अवस्था, उत्तरदाताको व्यक्तिगत सम्पत्तिको सम्बन्धमा, उत्तरदाताले सो समयमा विवाह गर्न नचाहनुको पछाडि भावी योजनाका बारेमा उत्तरदाताको धारणा बुझ्ने काम गरिएको छ । जसको आधारमा महिलाको अवस्थाको अध्ययन र विश्लेषण गरिएको छ ।


### ५.१ उत्तरदाताहरूको विवाहको प्रकार

पुम्दी गाउँमा गरिएको अध्ययनमा विवाहसम्बन्धी तथ्याङ्कलाई हेर्दा अधिकांश मागी विवाह हुने गरेको छ । ९४.३ प्रतिशत उत्तरदाताहरूको विवाह मागी विवाह भएको थियो भने अति न्यून ५.७ प्रतिशत उत्तरदाताहरूको विवाह प्रेम विवाह भएको थियो । जसलाई निम्न तालिकामा देखाइएको छ ।

तालिका ५.१ उत्तरदाताहरूको विवाहको प्रकार

| विवाहको प्रकार | उत्तरदाता | प्रतिशत |
|---|---|---|
| मागी विवाह | ६६ | ९४.३ |
| प्रेम विवाह | ४ | ५.७ |
| जम्मा | ७० | १०० |


*स्रोत : स्थलगत सर्वेक्षण, २०६५*




चित्र ५.१ उत्तरदाताहरूको वैवाहिक प्रकृतिको अवस्था

तालिका ५.१ अनुसार अझै पनि समाजमा मागी विवाह नै बढी प्रचलनमा रहेको छ । आफ्नो छोराछोरीको विवाहका लागि अभिभावकले जोडी छनोट गर्ने र अभिभावकको निर्णय नै सर्वोपरि हुने मागी विवाहको चरित्र हो । जोडी छनोट गर्ने सम्बन्धमा महिलाहरूलाई सामाजिक दृष्टिमा स्वतन्त्रता हुँदैन । तरपनि अहिलेको आधुनिकीकरण र सहरीकरणको प्रक्रियाले गर्दा प्रेम विवाह पनि छिटपुट रूपमा प्रचलनमा आएको छ । जसको संख्या ५.७ प्रतिशत रहेको छ । तर पनि हिन्दू धर्ममा आधारित पितृसत्तात्मक संरचना रहेको ब्राम्हण जातिमा प्रेम विवाहलाई नकारात्मक दृष्टिले हेर्ने गरेको यस अध्ययन क्षेत्रमा पाइयो । विवाह भनेको नितान्त व्यक्तिगत बहस नभएको र यो संस्थागत भएको हुँदा सम्पूर्ण नातेदारी, परिवार र सामाजिक पक्ष पनि प्रभावित हुने भएकोले मागी विवाहमा सामाजिक समर्थन उच्च रहेको र प्रेम विवाहमा सामाजिक समर्थन नगन्य रहेको पाइएको छ ।

विवाहको प्रकृतिको आधारमा उत्तरदाताहरूलाई विवाह उनीहरूको चाहेको समयमा भएको थियो कि थिएन भनी गरिएको अध्ययनमा ५२.९ प्रतिशत उत्तरदाताहरूको विवाह आफ्नो इच्छाले नभई बाध्यात्मक भएको जनाएका छन् भने विवाह आफ्नो मन्जुरीमा नै भएको उत्तरदाताको प्रतिशत ४५.७ प्रतिशत रहेको छ ।




चित्र ५.२ विवाह मन्जुरीमा उत्तरदाताको धारणा

माथि उल्लेखित वृत्तचित्रबाट अधिकांश महिलाहरूको विवाह बाध्यात्मक भएको पाइएको छ । महिलाहरूको व्यक्तिगत स्वतन्त्रता नभएको र जीवनको महत्त्वपूर्ण निर्णय घरका पुरुष सदस्यले गर्ने गरेको पाइएको छ । विवाह गर्न नचाहेर पनि विवाहित बन्न पुगेका उत्तरदाताहरूले विवाह गर्न नचाहानुको पछाडि विभिन्न कारणहरू बताएका छन् । उनीहरूका अनुसार विवाहपूर्व नै अध्ययन गर्न चाहनेहरूको संख्या ५४.३ प्रतिशत रहेको छ भने विवाह हुन पूर्व आत्मनिर्भर बन्न चाहानेहरू १७.१ प्रतिशत रहेका छन् त्यसैगरी १७.१ प्रतिशत उत्तरदाताहरूले विवाह स्वेच्छाले गर्न चाहेको वताएका छन् भने ५.७ प्रतिशत महिलाहरू विवाह गर्न नचाहानुको कारण बताउन पनि चाहँदैनन् ।

तालिका ५.२ करकापले विवाह गर्न पुगेका उत्तरदाताको धारणा

| विवाह गर्न नचाहेको धारणा | उत्तरदाता | प्रतिशत |
|---|---|---|
| विवाहपूर्व अरू पढ्ने इच्छा | १९ | ५४.३ |
| स्वेच्छाले विवाह गर्ने | ६ | १७.१ |
| आत्मनिर्भर बन्न चाहाने | ६ | १७.१ |
| अन्य | ४ | ११.४ |
| जम्मा | ३५ | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६५*

माथि उल्लेखित ५.२ तालिकाबाट करकापमा विवाह गर्न पुगेका महिलाहरूमा अध्ययन गर्ने इच्छा राख्नेहरू सबैभन्दा धेरै ५४.३ प्रतिशत रहेको देखिएको छ भने स्वेच्छाले विवाह गर्न चाहने र आत्मनिर्भर भई विवाह गर्न चाहनेहरू क्रमश: १७.१ र १७.१ प्रतिशत रहेका छन् । यसरी समाजमा प्रचलनमा रहेको मागी विवाहमा महिलाहरूको व्यक्तिगत इच्छाको अवमूल्यन गरेको पाइएको छ । शिक्षा जस्तो आधारभूत आवश्यकता समेत पाएका छैनन् भने विवाह कहिले र कसरी गर्ने भन्ने बारेमा व्यक्तिगत स्वतन्त्रता छैन । महिलाहरूलाई वस्तुको रूपमा प्रयोग गरिएको छ । उनीहरू आफ्नो लागि होइन अरूका लागि जीवन बिताइरहेको अनुभव सुनाउँछन् ।

## ५.२ छोरीलाई दाइजो र अंश सम्बन्धी धारणा

मानिसले स्वतन्त्रतापूर्वक बाँच्नका लागि चाहिने सबैभन्दा ठूलो अधिकार उसको आर्थिक अधिकार हो । अरूको दया मायाको भर नपरी आफ्नो जीवन र जीविकाका निम्ति चाहिने आधारभूत आवश्यकता पूरा गर्न पाउनु नै आर्थिक अधिकार हो । यो अधिकार मानिसले पैतृक सम्पत्तिमार्फत् वा असल शिक्षा तालिम र इलमहरूमार्फत् रोजगारीबाट प्राप्त गर्न सक्दछन् । छोराले जन्मनासाथ बाबुको सम्पत्तिमा अंश - हक पाउने, तर छोरीको कुनै अधिकार रहँदैन, विवाहपछाडिको घरायसी सम्पत्तिमा पनि पुरुषकै अधिकार र नियन्त्रण रहने नेपालको कानुनी परम्परा छ । अध्ययन क्षेत्रका उत्तरदाताहरू छोरीका लागि आर्थिक अधिकारका रूपमा दाइजोलाई रोज्ने १० प्रतिशत रहेका छन् भने छोरीलाई अंश उचित ठान्नेहरू ७० प्रतिशत रहेका छन् । दाइजो वा अंश दुवै आर्थिक रूपमा पाउने अधिकारभन्दा असल शिक्षा, तालिम र सीप मार्फत् व्यक्तित्व निर्माण गर्नुपर्छ भन्ने धारणा राख्नेहरूमा २० प्रतिशत रहेका छन् । जसलाई निम्न तालिकाबाट हेर्न सकिन्छ ।


तालिका ५.३ छोरीलाई दाइजो र अंशसम्बन्धी धारणाको वर्गीकरण

| विवरण | उत्तरदाता | प्रतिशत |
|---|---|---|
| दाइजो दिन उपयुक्त | ७ | १० |
| अंश दिनु उपयुक्त | ४९ | ७० |
| अन्य (राम्रो शिक्षा, तालिम, सीप) | १४ | २० |
| जम्मा | ७० | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६५*

उक्त अध्ययनबाट अहिलेको परिस्थितिमा १० प्रतिशत उत्तरदाताहरू छोरीलाई दाइजो दिनुपर्छ भन्ने धारणा राख्दछन् भने ७० प्रतिशत उत्तरदाताहरू छोरीलाई आर्थिक अधिकारको रूपमा छोरासरह पैतृक सम्पत्ति वा अंश दिनुपर्छ भन्ने धारणा राख्दछन् तर २० प्रतिशत उत्तरदाताहरू दाइजो र अंश दुवै स्वीकार गर्दैनन् यी दुवै आर्थिक अधिकारले महिलालाई रणनीतिक आवश्यकता पूर्ति गर्न सक्दैनन् र महिलालाई पीडीत बनाउछ भन्ने मत राख्दछन् । त्यसैले असल शिक्षा, तालिम र सीपबाट महिलालाई आत्म निर्भर बनाउनमा प्रेरित गर्नुपर्छ भन्ने उनीहरूको धारणा छ ।

नेपालका समग्र महिलाहरूको सम्पत्तिमा पहुँच नभए जस्तै अध्ययन क्षेत्रमा अधिकांश (९२.९ प्रतिशत) महिलाहरूसँग आफ्नो व्यक्तिगत सम्पत्ति रहेको छैन, उनीहरू दिनरात घरायसी कामधन्दामा खटिन्छन्, तरपनि उनीहरूको कामको आर्थिक मूल्याङ्कन गरिदैन । जम्मा ७.१ प्रतिशत महिलाहरूसँग व्यक्तिगत सम्पत्तिको रूपमा दाइजो, पेवा वा अंश रहेको छ । यसबाट महिलाको कमजोर आर्थिक स्थितिलाई चित्रण गर्न सकिन्छ ।




चित्र ५.३ महिलाहरूको व्यक्तिगत सम्पत्तिमा पहुँचको अवस्था

महिलाहरूको अवस्थालाई हेर्दा उनीहरूको अधिकारको जननी आर्थिक अधिकार हो । महिलाहरूका लागि आर्थिक अधिकार विनाका सबै अधिकार जगविनाका घरजस्तै हुन् । घर वा माइतीका पुरुष सदस्यहरूलाई मात्र सम्पत्तिको अधिकार हुँदा महिलाको आर्थिक अवस्था सधैँ परनिर्भर रहिरहेको छ । माइतीमा पैतृक सम्पत्तिको अधिकार दाजुभाइले पाउँदछन् भने छोरीलाई जन्म घर छोडेर जाँदाको बखत आर्थिक सहयोग मिलोस् भनी दाइजो दिने गर्दछन् तर त्यही दाइजोमा पनि घरमा गएपछि संयुक्त हक लाग्दछ । धेरैजसो दाइजोको प्रकृति अचल हुने हुँदा त्यसको आर्थिक परिचालन महिलाहरूले गर्न पाएका छैनन् । चल रूपमा ल्याएको दाइजोले पनि घरमा अनावश्यक द्वन्द्व सृजना भएको छ । तथापि कानुनमा छोरा र छोरीको सम्पत्तिमा समान अधिकार दिइएको छ र पैतृक सम्पत्तिमा अंश प्राप्त गर्न पहिले जस्तो ३५ वर्ष अविवाहित हुनु नपर्ने भएको छ । एक खुट्किलो भएपनि महिला विकासका लागि यो पनि राम्रो पक्ष हो । तर विवाहपछाडि अंश फिर्ता गर्नुपर्ने मुलुकी ऐनको प्रावधान कायमै रहेको छ । यसरी महिलालाई सम्पत्तिमा अधिकार दिनुपर्ने कुरा नै विरोधाभाष रहेको स्थिति छ । जतिपनि अधिकार बनेको छ, त्यति व्यावहारमा लागू भै रहेको छैन । प्रयोगको जटिलताले गर्दा कति कानुनी अधिकारहरू कागजी रूपमा सीमित रहेका छन् ।

## ५.३ दाइजोका आधारमा वैवाहिक अभ्यास


यस अध्ययनले महिलाहरूको दाइजोप्रतिको धारणा बुझ्ने क्रममा उनीहरूको विवाहको प्रकार र दाइजोको लेनदेनलाई पनि औलाइएको छ । जसमा अधिकांश महिलाहरूको विवाह मागी विवाह भएको र मागी विवाहमा दाइजो दिएर विवाह हुने अभ्यास छ । यसरी मागी विवाहमा दाइजो ल्याउने महिलाहरूको प्रतिशत ७७.३ रहेको छ भने प्रेम विवाहमा दाइजो दिएर विवाह हुने महिलाहरूको प्रतिशत २५ रहेको छ । मागी विवाहमा २२.७ प्रतिशत महिलाले दाइजो ल्याएका छैनन् भने प्रेम विवाहमा ७५ प्रतिशतले दाइजो ल्याएका छैनन् । यसरी प्रेम विवाहमा भन्दा मागी विवाहमा दाइजोको लेनदेन हुने गरेको निम्न तालिकाले देखाएको छ ।

तालिका ५.४ महिलाहरूको विवाहको प्रकार र दाइजोको विवरण

| विवाहको प्रकार | मागी विवाह | % | प्रेम विवाह | % | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| दाइजो ल्याउने विवाह | ५१ | ७७.३ | १ | २५ | ५२ | ७४.३ |
| दाइजो नल्याउने विवाह | १५ | २२.७ | ३ | ७५ | १८ | २५.७ |
| जम्मा | ६६ | १०० | ४ | १०० | ७० | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६५*


यसरी उत्तरदाताको विवाहको प्रकृति र दाइजोको परस्पर सम्बन्धलाई हेर्दा अध्ययन क्षेत्रमा अधिकांश मागी विवाह हुने र त्यस्ता विवाहमा दाइजोको लेनदेन हुने गरेको छ भने प्रेम विवाहलाई समाजले सहजै स्वीकार नगर्ने भएका कारण प्रेम विवाह कमै हुने र त्यस्ता प्रेम विवाहमा भने दाइजोको लेनदेन निकै न्यून रहेको भेटियो ।




चित्र ५.४ दाइजोका आधारमा वैवाहिक अभ्यासको अवस्था

माथि उल्लेखित चित्रबाट दाइजोको लेनदेन अधिकांश मागी विवाहमा हुने देखिएको छ । समाजमा प्रेम विवाहभन्दा मागी विवाह प्रचलनमा रहेको र मागी विवाहमा महिलाले दाइजो ल्याउने गरेको पाइन्छ । प्रेम विवाह कम प्रचलनमा रहेको र प्रेम विवाह गर्ने महिलाहरूले दाइजो नल्याएको पाइन्छ । मागी विवाह र प्रेम विवाह बाहेक उक्त समाजमा अन्य प्रकृतिका विवाहहरू रहेको पाइएन ।

यसै गरी मागी विवाहमा दाइजोको लेनदेनको सम्बन्धमा अध्ययन गर्दा अध्ययन क्षेत्रमा मागी विवाहमा केटा पक्षबाट २४.२ प्रतिशत महिलाहरूको विवाहमा दाइजो माग भएको रहेछ भने बाँकी ७५.८ प्रतिशत महिलाहरूको विवाहमा केटापक्षबाट दाइजो माग नभएको पाइएको छ भने प्रेम विवाहमा १०० प्रतिशत नै दाइजो माग नभएको पाइयो ।




चित्र ५.५ विवाहमा दाइजो माग भएको र नभएको अवस्था

मागी विवाह र प्रेम विवाहको समग्रमा हेर्दा २२.९ प्रतिशत उत्तरदाताको विवाहमा केटा पक्षबाट दाइजो माग गरिएको थियो भने ७७.१ प्रतिशत उत्तरदाताको विवाहमा केटा पक्षबाट दाइजो माग गरिएको थिएन । यसरी विवाहमा केटा पक्षबाट दाइजोको माग नगर्ने गरेको तर पनि दाइजो परम्परादेखि चल्दै आएको हुँदा यसलाई प्रथाको रूपमा स्वीकार्दै तालिका ५.४ अनुसार ७७.३ प्रतिशतले विवाहमा दाइजो ल्याएको पाइएको छ ।

## ५.४ दाइजो र परिवारको सम्वन्ध

विवाहमा केटी पक्षबाट केटा पक्षलाई दाइजो दिने गरिन्छ । तर दाइजोको मात्रा र यसको स्वरूप भने फरक प्रकृतिको हुने गर्दछ । महिलाहरूको दाइजोप्रतिको धारणा बुझ्ने क्रममा माईतीबाट ल्याएको दाइजो र घरका परिवारका सदस्यहरूसँगको सम्वन्ध एक आपसमा सम्बन्धित हुने गर्दछ । केटा पक्षले आशा गरेबमोजिम केटी पक्षबाट दाइजो नपाउँदा असन्तुष्टि हुने गर्दछ भने केटी पक्षले पनि दाइजो दिन नसक्नाका कारण घरका सदस्यहरूको सम्बन्धमा असर पर्न सक्छ । विवाहपछाडि कुनै पनि महिलाले श्रीमान्को परिवारसँग सम्पूर्ण बाँकी जीवन बिताउनुपर्ने हुन्छ । तर दाइजोको नाममा परिवारमा सम्बन्ध राम्रो वा नराम्रो हुन सक्छ । अध्ययन क्षेत्रमा गरिएको अनुसन्धानमा उत्तरदाताका परिवारसँगको सम्बन्धलाई निम्न तालिकामा देखाइएको छ ।

तालिका ५.५ दाइजो र परिवारको सम्वन्ध

| परिवारको सम्बन्ध | उत्तरदाता | प्रतिशत |
|---|---|---|
| रामो | २५ | ३५.७ |
| नराम्रो | १७ | २४.३ |
| भन्न नचाहने | ८ | ११.४ |
| थाहा नभएको | २० | २८.६ |
| जम्मा | ७० | १०० |

*स्रोतः स्थलगत सर्वेक्षण, २०६५*

तालिका ५.५ अनुसार उत्तरदाताले विवाहमा ल्याएको दाइजोबाट घर परिवारमा राम्रो सम्बन्ध भएको ३५.७ प्रतिशत रहेका छन । परिवारमा सम्वन्ध नराम्रो भएको महसुस गर्नेहरू २४.३ प्रतिशत रहेका छन् भने आफ्नो र परिवार बीचको सम्बन्ध भन्न नचाहने र थाहा नभएको बताउने क्रमशः ११.४ र २८.६ प्रतिशत रहेका छन । उक्त आंकडालाई तुलनात्मक विश्लेषण गरी सक्रिय रूपमा दाइजोको सकारात्मक प्रभाव भएको दावी गर्नेहरू ३५.७ प्रतिशत रहेका छन् भने बाँकी अरू प्रतिशतले नराम्रो भएको वा नराम्रो भन्नुभन्दा नबोल्नु राम्रो भन्ने ध्येयले भन्न नचाहेको अवस्था देखिएको छ । त्यस्तै दाइजोको प्रभाव थाहा नभएको भन्नेहरू पनि सक्रिय रूपमा राम्रो भन्न नसक्ने अवस्थाको परिस्थिति बुझाउने भएकोले अधिक मात्रा ६४.३ प्रतिशतमा दाइजो र परिवारको सम्बन्धले नराम्रो अन्तरसम्बन्ध निर्माण गरेको तथ्य उजागर गरेका छन् ।

## ५.५ दाइजोप्रति परिवारका सदस्यको चासो

अध्ययन क्षेत्रमा महिलाको विवाहमा माइती पक्षबाट घरमा दाइजो लैजाने गरेको पाइएको छ । घरका सदस्यहरू दाइजोप्रति चासो देखाउने गरेको पाइन्छ । हरेक अभिभावकले आफ्नो छोरा वा छोरीको विवाह राम्रो कुलमा होस् भन्ने चाहन्छन्, जसले गर्दा समाजमा उसको राम्रो प्रशंसा हुने गर्दछ । विवाह निजी  मामिला नभएर नातेदार र समाजको पनि विवाहप्रति चासो हुने गर्दछ । सम्पन्न परिवारमा छोरी दिन सक्ने र सम्पन्न परिवारबाट बुहारी ल्याउने व्यक्ति समाजमा प्रतिष्ठित स्थानमा भएको पाइन्छ । छोराछोरीको विवाहमा गरेको कारोबारले उसको सामाजिक हैसियत बन्ने गर्दछ । दाइजोलाई इज्जतको


बैकल्पीक नामको रूपमा लिने गरिन्छ । प्रत्यक्ष रूपमा इज्जत राख्नुपर्छ भन्ने भनाइलाई अप्रत्यक्ष रूपमा दाइजो मागेको बुभ्नु पर्दछ । विवाहका लागि तयार वर वा बधुको व्यक्तिगत स्थान भन्दा पनि परिवार आर्थिक रूपमा कस्तो हैसियतको हो भन्ने चासो लिने गरिन्छ र विवाहमा त्यस्तै किसिमको दाइजोको आशा गर्ने गरेको पाइएको छ । तर परिवारका सबै सदस्यले दाइजोप्रति चासो नराख्ने गरेको केही सदस्य दाइजोप्रति आशक्त भएको पाइएको छ । जसलाई निम्न तालिकामा देखाइएको छ ।

तालिका ५.६ दाइजोप्रति परिवारका सदस्यहरूले देखाएको चासो

| परिवारका सदस्य | उत्तरदाता | प्रतिशत |
|---|---|---|
| सासू | २३ | ३२.८६ |
| ससुरा | १० | १४.२९ |
| श्रीमान् | १ | १.४३ |
| नन्द/देवर | १ | १.४३ |
| थाहा छैन | २६ | ३७.१४ |
| भन्न नचाहेको | ९ | १२.७१ |
| जम्मा | ७० | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६५*

दाइजोप्रति चासो देखाउने परिवारका सदस्यहरूमा विशेष गरी सासू रहेका छन् ३२.८६ प्रतिशत उत्तरदाताका परिवारका सदस्यहरू मध्ये सासूले दाइजोप्रति चासो देखाउने गरेका छन् भने १४.२९ प्रतिशतका ससुराले दाइजो प्रति चासो देखाएका छन् भने १.४३ र १.४३ प्रतिशत क्रमशः श्रीमान् र नन्द/देवरले चासो देखाउने गरेका छन् । आफ्नो परिवारमा दाइजोप्रति कसले बढी चासो देखाउँछन् भन्ने थाहा नभएको ३७.१४ प्रतिशत रहेका छन् भने १२.७१ प्रतिशतले बताउन चाहँदैनन् ।




चित्र ५.६ दाइजो प्रति परिवारका सदस्यहरूको चासोको अवस्था

आफ्नो परिवारका सदस्यहरूमा कसले बढी चासो देखाउँछन् भन्ने नै थाहा नभएको बताउने २६ जना रहेका छन् भने महिला भएर महिलाकै बारेमा बढी चासो देखाउने २३ जना रहेका छन् । बुहारी हुँदा आफूले जे भोग्दछन् सासू भइसकेपछि पितृसत्ताको आडमा बुहारीलाई त्यस्तै व्यवहार गर्दछन् र आफ्नै वर्ग प्रति न्याय गर्न चाहँदैनन् अर्थात् परम्परालाई तोड्न चाहँदैनन् बरू आत्मसाथ गर्नुलाई कर्तव्य ठान्दछन् । त्यसैगरी १० जना ससुराले चासो देखाएको बताए भने ९ जनाले परिवारका सदस्यहरूले चासो देखाए पनि जवाफ दिन चाहँदैनन् । त्यसले पनि महिलाहरूप्रति भएको दमनको अवस्थालाई पुष्टि गर्दछ ।

## ५.६ दाइजो र महिलाको अवस्था

विश्व सृष्टिको आधा स्रोतको रूपमा रहेका नारी शक्ति जसले गर्दा सृष्टिलाई निरन्तर अगाडि बढाउन सम्भव हुन्छ । यद्यपि पुरुष र महिला एक अर्काका पूरक हुन कुनै एकको उपस्थितिबिना विश्व मानवजगत्को कल्पना गर्न सकिँदैन तापनि स्वहितभन्दा बढी बालबच्चा र परिवार आदिप्रतिको सामाजिक दायित्व बोधमा पत्नी, आमा, छोरी आदिको भूमिकासँगै आफूलाई समर्पित गरेका वर्गको रूपमा महिला हाम्रो समाजमा चिनिएका छन् । पुरुष र महिलाको जैविकीय फरकलाई आधार मानेर विगतदेखि महिलाको सामाजिक भूमिका र दायित्वलाई फरक ढंगले परिमार्जित गरिँदै आएको छ । वर्तमान समाजले चाहेको


आदर्श नारी तयार गर्ने नाममा बालिकाहरू माथि विभिन्न मूल्यहरू थुपार्ने क्रम सुरू हुन्छ । विभिन्न धार्मिक, परम्परा, रीतिरिवाज, चालचलनले गर्दा महिलाहरूको छुट्टै अस्तित्व नभएर पुरुषको सहयोगीका रूपमा रहेका छन् । हाम्रो समाजमा महिलाको अवस्था भन्नाले शैक्षिक आर्थिक, सामाजिक - सांस्कृतिक, धार्मिक स्थिति कुन तहमा रहेको छ भन्ने अर्थ लाग्दछ । हाम्रो समाजमा छाराछोरीबीच गर्भधारणदेखि बृद्ध अवस्थासम्म असमान व्यवहार गरिने हुँदा, सामाजिक सास्कृतिक नियम र चलनले महिलालाई निम्न तहमा राखिएको छ । छोरीलाई जन्मनासाथ अर्काको नासोको रूपमा लिएर शिक्षा र स्वास्थ्य जस्ता क्षेत्रमा छोरालाई बढी प्राथमिकता दिइन्छ किनभने छोरा त्यही घर बस्छ र पछिको आम्दानीको स्रोत बन्दछ तर छोरीलाई अर्काको घर जाने जात भनी माइतीमा दुई दिनको पाहुनाको व्यवहार गरिन्छ । 'छोरी अर्काको घर जान्छे अर्काको भित्तो टाल्छे' भन्ने उखान जीवितै छ । त्यसैले छोरीलाई शिक्षा, स्वास्थ्यमा कम लगानी गरिन्छ सम्पत्तिमा अधिकार र विवाहमा स्वतन्त्रता हुँदैन । छोराछोरीबीच खानपिन, लालनपालन, पोषण र कपडाका साथै आदर्श र नियमका कुराहरूमा विभेद तथा असमान व्यवहार गरिएको पाइन्छ । छोरीमाथि समान व्यवहार गर्न नसक्दा आज हाम्रो समाज विशेष गरी ग्रामीण समाजका छोरी वा महिलाहरूको स्थिति नाजुक रहेको छ । दाइजो प्रथा समाजको कलंकको रूपमा विकसित भएको छ । दाइजोका कारण छोरीले विवाहपश्चात विभिन्न समस्याहरू भोल्नु परेको छ । उनीहरूको आफ्नो आयआर्जन गर्ने पेसा, स्रोत साधनमा पहुँच नहुँदा महिलाको अवस्थामा प्रतिकुल असर पर्न गएको छ । अध्ययन क्षेत्रमा पनि दाइजो ल्याउने र दाइजो नल्याउने वा कम ल्याउने महिलाहरूको अवस्था विश्लेषण गरिएको छ ।

तालिका ५.७   दाइजो र महिलाहरूको अवस्थाबारे धारणागत विवरण

| दाइजो | धारणागत विवरण | उत्तरदाता | प्रतिशत |
|---|---|---|---|
| दाइजो ल्याउने महिलाहरूको सकारात्मक अवस्था | सामाजिक प्रतिष्ठाको अनुभव | ४ | ५.७ |
| | आर्थिक उपार्जनमा सहयोग | ५ | ७.२ |
| | शिक्षालाई निरन्तरता दिनमा सहयोग | ४ | ५.७ |
| | घर परिवारबाट राम्रो व्यवहार | ६ | ८.५ |
| दाइजो नल्याउने वा कम ल्याउने महिलाहरूको नकारात्मक अवस्था | सामाजिक रूपमा हेपिएको अनुभव | ५ | ७.२ |
| | आर्थिक स्रोतमा पहुँच नहुनु | १० | १४.२ |
| | शिक्षालाई निरन्तरता दिन नपाउनु | १९ | २७.२ |
| | शारीरिक वा मानसिक तनाव हुनु | १७ | २४.३ |
| जम्मा | | ७० | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६५*

अध्ययन क्षेत्रमा ग्रामीण महिला र दाइजोको सम्बन्धलाई हेर्दा दाइजो ल्याउने र दाइजो नल्याउने वा कम ल्याउने महिलाहरूमा सकरात्मक र नकारात्मक प्रभाव परेको धारणा प्राप्त भएको छ । जसमध्ये दाइजो ल्याउनाले घरपरिवारबाट राम्रो व्यवहार पाउनेहरू ८.५ प्रतिशत रहेका छन् भने आर्थिक उपार्जन गर्नमा सहयोग मिलेको ७.२ प्रतिशत रहेका छन् । त्यस्तै ५.७ प्रतिशत र ५.७ प्रतिशतले भने सामाजिक प्रतिष्ठा पाएको अनुभव र शिक्षालाई निरन्तरता दिनमा सहयोग मिलेको धारणा दिएका छन् । जसलाई निम्न चित्रमा देखाइएको छ ।




स्तम्भ चित्र ५.७ दाइजो ल्याउने र दाइजो नल्याउने वा कम ल्याउने महिलाहरूको धारणात्मक अवस्था

पुम्दी गाउँमा गरिएको यस अध्ययनमा दाइजो ल्याउने सम्पूर्ण महिलाहरू दाइजो ल्याउनेमा नगनिएको अवस्था रहेको छ । किनभने यथेष्ठ दाइजो ल्याउन नसक्नाका कारण कम दाइजो ल्याउनेहरू पनि दाइजो नल्याउनेमा गनिएको अनुभव सुनाउँछन् । दाइजो ल्याउने महिलाहरूमा केही सकारात्मक अवस्था देखिए पनि दाइजो ल्याउने र दाइजो नल्याउने वा कम ल्याउने महिलामा नकारात्मक अवस्था देखा परेको पाइएको छ । जसमा सबैभन्दा बढी २७.२ प्रतिशत महिलाहरू विवाहपश्चात शिक्षालाई निरन्तरता दिन नसकेको धारणा राख्दछन् भने २४.३ प्रतिशत महिलाहरू दाइजोका कारण शारीरिक वा मानसिक तनाव भोग्नु परेको बताउँछन् । त्यस्तै १४.२ प्रतिशत आर्थिक स्रोतमा पहुँच नभएको धारणा राख्दछन् भने ७.२ प्रतिशत सामाजिक रूपमा हेपिएको अनुभव गर्दछन् । यसरी सामाजिक परम्पराको रूपमा रहेको दाइजो प्रथाले महिलाको अवस्थालाई केही हदसम्म सकारात्मक प्रभाव परेको भएता पनि धेरै हदसम्म नकारात्मक प्रभाव परेको देखिएको छ । चल रूपमा दाइजो ल्याउने ले विविध पक्षमा सहज रूपमा प्रयोग गर्न पाएको र अचल रूपमा दाइजो ल्याउनेले प्रयोग गर्न असहज भएको पनि अध्ययनको क्रममा पाइएको छ ।


लैङ्गिक दृष्टिबाट हेर्दा सबैजसो क्षेत्रमा महिलाहरूको पहुँच र नियन्त्रण नभएको अवस्थामा अध्ययन क्षेत्रका महिलाहरूले विवाहमा ल्याएको दाइजो पनि आफ्नो नियन्त्रणमा नभएको र दाइजोबाट खासै उपलब्धिहरू लिन नसकेको अवस्था रहेको छ । छोरा र छोरीलाई पैतृक सम्पत्तिको समान अधिकार नहुनु, छोरीलाई शिक्षामा भन्दा विवाह र

घरायसी कामधन्दामा प्रेरित गरिनु, विवाहपश्चात पनि घरमा गएर आर्थिक रूपमा अधिनस्त बन्नुपर्ने, स्वयं आफूले ल्याएको दाइजोको समेत परिचालन गर्न नमिल्ने र नपाउने जस्ता यथार्थ रहेका छन् ।

यसरी महिलाले विवाहमा दाइजो ल्याउँदैमा आर्थिक, सामाजिक र शैक्षिक पक्ष सुदृढ भएको पाइएन भने दाइजो नल्याउने वा कम ल्याउने महिलाहरूको अवस्थामा झनै प्रत्यक्ष वा अप्रत्यक्ष नकारात्मक प्रभाव परेको देखिएको छ । अधिकांश नेपाली महिलाहरूको अवस्था कमजोर र नाजुक रहेको परिस्थितिमा ग्रामीण महिलाहरूको अवस्थालाई मध्यनजर गर्दा जीवनका कुनै पनि क्षेत्रमा सबल, सक्षम र अधिकार प्राप्त भएको पाइदैन । अध्ययन क्षेत्रमा अन्धविश्वास, रूढिवादी परम्परा, पितृसत्तात्मक संरचना भएको हुँदा महिला वा छोरीलाई सामाजिकीकरण, शिक्षा, स्वास्थ्य, स्वतन्त्रता जस्ता पक्षमा भेदभाव गरेको पाइयो ।

## ५.७ महिलाको अवस्थामा दाइजोको भूमिकासम्बन्धी धारणा

विभिन्न ऐन कानुनमा जे जस्ता प्रावधानहरू रहेता पनि त्यसको उचित परामर्शको अभावमा महिलाको अधिकारमा पहुँच नरहेको अवस्था छ । दाइजो परम्परागत रूपमा विवाहमा माइतीका तर्फबाट पाउने चल वा अचल आर्थिक सहयोग हो । यसमार्फत कतिपय महिलाले सहयोग पाएका छन् भने कतिपय परिस्थितिमा सहयोग नपाएको अवस्था छ । जसलाई चित्रमा देखाइएको छ ।




चित्र ५.८ महिलाको अवस्थामा दाइजोको भूमिका

अध्ययन क्षेत्रमा दाइजो महिलाको अवस्था सुधार गर्न सहयोगी भूमिका खेल्ने धारणा १६ प्रतिशत रहेको छ भने ८४ प्रतिशत महिलाको धारणा दाइजो महिलाको अवस्था सुधार गर्न नभै कमजोर अवस्था हुनुमा सहयोगी भूमिका खेल्ने रहेको छ । यसबाट दाइजोले महिलाको सम्पूर्ण रणनीतिक आवश्यकता परिपूर्ति नगर्ने र दाइजो दिनुपर्ने कारणले गर्दा अभिभावकले छोरीको व्यक्तित्व विकासमा लगानी नगर्ने अवस्थाको पुष्टि गर्दछ । तर अन्य अधिकार नपाएको अवस्थामा दाइजो पनि एक किसिमको आर्थिक र नैसर्गिक अधिकार हो जसको उपयोग गरी महिलाको अवस्थामा सुधार गर्न सकिनेमा १६ प्रतिशत उत्तरदाताको धारणा रहेको छ । तर पनि दाइजो महिलाको अवस्था सुधार गर्नमा भन्दा कमजोर बनाउनुमा बढी भूमिका खेलेको धारणा पाइएको छ ।

## ५.८ दाइजो र समाजका घटनासम्बन्धी धारणा

यस शोधपत्र दाइजो सम्बन्धमा महिलाहरूको धारणा बुझ्ने अभिप्रायले गरिएको हुँदा अध्ययन क्षेत्रका उत्तरदाताहरूसँग उनीहरूबाट देखेका, सुनेका, भोगेका सम्पूर्ण सुचना लिने प्रयासमा दाइजोबाट समाजमा घटेका घटनासम्बन्धी पनि धारणा बुझ्ने जमर्को गरिएको छ ।

समाजमा विवाहमा माइती पक्षवाट दाइजो नल्याएर वा सोचेभन्दा कम ल्याएर महिलाहरू घरमा विभिन्न किसिमका हिंसा भोग्ने गरेका छन् । त्यस्ता घटनाहरू प्रायः बाहिर नआउने र उत्कर्षमा पुगेका घटनामात्र चर्चामा आउने गर्दछन् तर राज्यका सम्बन्धित पक्ष मुकदर्शक भएको पाइन्छ । अध्ययन क्षेत्रका उत्तरदाताहरूले दाइजो नल्याएर धेरै महिलाहरू घरेलु हिंसाका विभिन्न स्वरूपबाट पीडित भएको धारणा व्यक्त गरेका छन् जसमध्ये ३.४ प्रतिशतले दाइजो नल्याएका कारण सम्बन्ध विच्छेद भएको समाजमा घटना सुनेका छन् भने ५.१ प्रतिशतले दाइजोको निहुमा मानसिक हिंसा हुने गरेको धारणा ब्यक्त गरेका छन् । त्यस्तै १०.२ प्रतिशतले कुटपिट हुने गरेको बताएका छन् भने २७.१ प्रतिशतले दाइजोका कारण जगन्य अपराध हत्या नै हुने गरेको वताएका छन । ३३.९ प्रतिशतले दाइजोका कारण महिलामाथि सबै किसिमका हिंसा र घटना हुने गरेको धारणा ब्यक्त गरेका छन् भने २०.३ प्रतिशतले समाजमा घटेका घटनाका सम्बन्धमा समेत बोल्न चाहँदैनन् ।

समग्रमा अध्ययन क्षेत्रमा अधिकांश मागी विवाह हुने गरेको छ । प्रेम विवाहलाई समाज र परिवारले स्वीकार नगरेको पाइएको छ । मागी विवाहमा लमीको भूमिका रहने गरेको पनि पाइएको छ । साथै अधिकांश मागी विवाहमा छोरीलाई अभिभावकले नै निर्णायक

भूमिका खेलेको पाइएको छ । छोरालाई पैतृक सम्पत्तिको हिस्सेदार र छोरीलाई विवाहमा दाइजो दिने गरिएको छ । महिलाको आर्थिक, शैक्षिक, सामाजिक अवस्थाको विश्लेषण गर्दा महिलाको व्यक्तिगत सम्पत्ति निकै न्यून रहेको, दाइजो पेवामा समेत स्वतन्त्र पहुँच नरहेको र दाइजोका कारण परिवारसँगको सम्बन्ध प्रभावित भएको देखिन्छ । विवाहपश्चात अधिकांश महिलाहरू गृहणीको हैसियतमा मात्र सीमित रहेका छन् । घर बाहिरका सार्वजनिक क्षेत्रमा क्रियाशील हुन पाएका छैनन् । त्यस्तै उनीहरूको शैक्षिक, आर्थिक, सामाजिक अवस्था कमजोर रहेको पाइएको छ ।

# अध्याय - छ

## दाइजो प्रथाप्रतिको धारणागत परिवर्तन विश्लेषण

यस अध्यायमा महिलाको बैवाहिक प्रकृतिसम्बन्धी धारणा, दाइजो प्रथाप्रति उत्तरदाताको धारणा, दाइजो प्रथाप्रतिको नकारात्मक धारणाको अवस्था, दाइजो प्रथाप्रति परिवर्तित धारणा, विवाहमा दाइजो लिने वा दिने धारणा, दाइजोप्रथा सम्बन्धमा सुधारात्मक धारणा, दाइजोप्रथा सुधारमा भूमिका, दाइजो प्रथालाई प्रश्रय दिने वर्गसम्बन्धी धारणा, छोरीलाई दाइजो दिनुपर्छ वा दिनुपर्दैन भने सम्बन्धमा उत्तरदाताको धारणा आदि अध्ययन र विश्लेषण गरिएको छ ।

### ६.१ उत्तरदाताको वैवाहिक प्रकृति र धारणा

विवाहलाई केटा र केटीकोबीचमा स्थापित सार्वजनिक रूपमा चिनिएको र सांस्कृतिक रूपमा स्वीकृति प्राप्त सम्बन्धको रूपमा परिभाषित गर्न सकिन्छ । अथवा समाजले स्वीकृति दिने र संस्कृतिले निर्देशन गरेको नीति बमोजिम केटा र केटीका बीचमा सम्बन्ध स्थापित गर्ने कार्यविधि नै विवाह हो । मानिसको जैविक, सामाजिक र सांस्कृतिक आवश्यकताका बाबजुत विवाह गरिन्छ । हिन्दू धर्मअनुसार विवाह मानिसको जीवन पूर्ण बनाउन गरिने महत्त्वपूर्ण संस्कार हो । भिन्नभिन्न अवस्था र परिस्थितिमा विवाहसम्बन्धी धारणा र उपयोगितालाई फरक ढंगले व्याख्या गरिन्छ ।

शोधपत्रमा हिन्दू धर्म मान्ने ब्राम्हण जातिको विवाहमा प्रचलित दाइजो प्रथा सम्बन्धमा अध्ययन गरिएको छ । अध्ययन क्षेत्रमा अधिकांश मागी विवाह हुने गरेको र विवाहमा दाइजोका साथसाथै तडकभडकका रूपमा अन्य खर्च हुने गरेको छ । उत्तरदाता विभिन्न ठाउँबाट विवाह गरी उक्त ठाउँमा आएको भए तापनि उनीहरूको विवाह सोही तरिकाबाट भएको पाइएको छ । उत्तरदाताको विवाहमा गरिएको खर्चको आधारमा खर्चिलो विवाह हुने ४४.२ प्रतिशत रहेका छन् ठिक्कै किसिमले विवाह हुने ३२.९ प्रतिशत रहेका छन्


र सामान्य अथवा कम खर्चिलो विवाह हुने २२.९ प्रतिशत रहेका छन् । जसलाई निम्न तालिकामा देखाइएको छ ।

तालिका ६.१ उत्तरदाताको वैवाहिक प्रकृतिसम्बन्धी धारणा

| वैवाहिक प्रकृति | उत्तरदाता | प्रतिशत |
|---|---|---|
| खर्चिलो | ३१ | ४४.२ |
| ठिक्कै | २३ | ३२.९ |
| सामान्य | १६ | २२.९ |
| जम्मा | ७० | १०० |


*स्रोत : स्थलगत सर्वेक्षण, २०६५*

माथि उल्लेखित तालिकाअनुसार अधिकांश महिलाहरूको विवाह ४४.२ प्रतिशत खर्चिलो हुने गरेको पाइएको छ भने ठिक्कै र सामान्य किसिमको विवाह क्रमशः ३२.९ र २२.९ प्रतिशत रहेको छ । यसबाट पुष्टि हुन्छ कि अध्ययन क्षेत्रका महिलाहरूको विवाह खर्चको आधारबाट हेर्दा खर्चिलो हुने गरेको पाइएको छ । जसलाई चित्रबाट हेर्न सकिन्छ ।




चित्र ६.१ उत्तरदाताको वैवाहिक प्रकृतिको अवस्था

त्यसैगरी खर्चिलो  विवाह हुने उत्तरदाताहरूमा आफ्नो विवाहमा भएको खर्चप्रति खुसी हुने २० प्रतिशत रहेका छन् भने विवाहमा भएको खर्चप्रति खुसी नहुने ८० प्रतिशत रहेका छन् । यसरी महिलाहरू जसको विवाह खर्चिलो प्रकृतिको थियो उनीहरू विवाहमा भएको लगानीप्रति असन्तुष्ट रहेका छन् जसलाई निम्न चित्रमा देखाइएको छ ।




चित्र ६.२ खर्चिलो विवाह प्रति उत्तरदाताको धारणा

अधिकांश महिलाहरू आफ्नो विवाहमा भएको खर्चप्रति खुसी छैनन् । किनभने विवाहमा हुने खर्च महिलाका लागि उपलब्धि मूलक नभएको धारणा पाइएको छ । विवाहमा भएको खर्चप्रति खुसी नहुनाका कारणहरूमा विवाहमा भएको खर्चले पढ्न चाहनेहरू ३३.३ प्रतिशत रहेका छन् त्यसैगरी विवाहमा भएको खर्च कुनै व्यापार गर्न चाहनेहरू १४.३ प्रतिशत रहेका छन् । विवाहमा खर्च गरी अभिभावकलाई आर्थिक भार दिन नचाहनेहरू ४७.६ प्रतिशत रहेका छन् भने बताउन नचाहानेहरू ४.८ प्रतिशत रहेका छन् ।

## ६.२ उत्तरदाताको दाइजो सम्बन्धी धारणा

दाइजो भन्नाले विवाहको अवसरमा केटी पक्षबाट केटा पक्षलाई दिइने नगद वा जिन्सी उपहार हो । ब्राम्हण जातिका माहिलाहरूमा दाइजोप्रतिको धारणा बुझ्न गरिएको यस अध्ययनमा दाइजोप्रति सकारात्मक र नकारात्मक दुवै धारणा रहेको पाइन्छ । महिलाका आर्थिक सुरक्षा र सुनिश्चितता नभएको अवस्थामा दाइजो नै भए पनि अधिकारको रूपमा


प्रयोग गर्न पाइने धारणा एकातिर छ भने दाइजो अवसर मात्र नभएर बाध्यता बनेको परिस्थितिमा दाइजो महिलाका लागि मार्गदर्शनभन्दा पनि अवरोध बनेको धारणा पनि पाइएको छ । यसरी दाइजोप्रति सकारात्मक र नकारात्मक धारणालाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ६.२ उत्तरदाताको शिक्षा र दाइजो प्रति धारणाको अवस्था

| उत्तरदाताको शिक्षा | दाइजोप्रतिको धारणा | | | | | |
|---|---|---|---|---|---|---|
| | सकारात्मक | % | नकारात्मक | % | जम्मा | प्रतिशत |
| निरक्षर | ३ | ३३.३३ | ११ | १८.०३ | १४ | २० |
| साक्षर | १ | ११.११ | ७ | ११.४८ | ८ | ११.४३ |
| एस.एल.सी.भन्दा कम | ३ | ३३.३३ | १६ | २६.२३ | १९ | २७.१४ |
| एस.एल.सी. पास | २ | २२.२२ | १६ | २६.२३ | १८ | २५.७१ |
| आइ.ए.पास | – | – | ९ | १४.७५ | ९ | १२.८६ |
| बी.ए.पास | – | – | १ | १.६४ | १ | १.४३ |
| बी.ए.भन्दा माथि | – | – | १ | १.६४ | १ | १.४३ |
| जम्मा | ९ | १०० | ६१ | १०० | ७० | १०० |
| प्रतिशत | १२.८६ | | ८७.१४ | | १०० | |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६५*

प्रस्तुत अध्ययनबाट दाइजोप्रतिको धारणात्मक अवस्थालाई हेर्दा दाइजोप्रति सकारात्मक धारणा राख्नेहरू १२.८६ प्रतिशत रहेका छन् भने दाइजोप्रति नकारात्मक धारणा राख्नेहरू ८७.१४ प्रतिशत रहेका छन् । दाइजो प्रथा प्रति नकारात्मक धारणा राख्नेहरू अधिकांश एस.एल.सी. भन्दा कम र एस.एल.सी. पास महिलाहरू क्रमशः २६.२३ प्रतिशत र २६.२३ प्रतिशत रहेका छन् । दाइजो प्रथाप्रति सकारात्मक धारणा राख्नेहरू निरक्षर र एस.एल.सी. पास महिलाहरू क्रमशः ३३.३३ र ३३.३३ रहेका छन् । आइ.ए.पास, बी.ए. पास र बी.ए.भन्दा माथिल्लो तहको शैक्षिक अवस्था भएका महिलाहरूले नकारात्मक धारणा व्यक्त गरेका छन् । यसरी जति शिक्षाको स्तर बढ्दै गयो त्यति नै दाइजो प्रथाप्रति सोचाइ नकारात्मक रहेको पुष्टि हुन आउँछ । दाइजो प्रथाप्रतिको सकारात्मक र नकारात्मक धारणालाई निम्न चित्रबाट देखाइएको छ ।




चित्र ६.३ उत्तरदाताको दाइजोप्रति धारणात्मक अवस्था

माथिको तालिका र चित्रबाट दाइजोप्रतिको धारणात्मक अवस्थालाई हेर्दा दाइजो प्रथाप्रति नकारात्मक धारणा राख्नेहरू प्रबल भएको पाइन्छ । समय र परिस्थिति अनुसार दाइजोप्रतिको धारणामा पनि परिवर्तन हुँदै गइरहेको पाइएको छ । कम शिक्षित उत्तरदाताले दाइजोलाई सकारात्मक रूपमा लिएका छन् भने शिक्षा बढ्दै जाँदा उत्तरदातामा चेतना, आत्मविश्वास र आत्मनिर्भरताले गर्दा दाइजो प्रथा नकारात्मक ठानेको पाइएको छ । त्यसै गरी उमेरगत रूपमा हेर्दा कम उमेरका उत्तरदाताले दाइजोलाई नकारात्मक रूपमा लिएका छन् भने बढी उमरेका उत्तरदाताले दाइजोलाई सकारात्मक रूपमा लिएका छन् । यसरी दाइजोप्रतिको धारणामा शिक्षा, उमेर, पेसा आदिले प्रभाव पारेको पाइएको छ ।

## ६.३ उत्तरदाताको दाइजो प्रथा प्रतिको नकारात्मक धारणा


हिन्दू र्धमबाट प्रभावित ब्राम्हण जातिमा दाइजो प्रथा परम्पराको रूपमा चल्दै आइरहेको छ । अध्ययन क्षेत्रमा पनि दाइजो प्रथा चल्दै आइरहेको तर विगत र वर्तमानमा दाइजो प्रथाको ढाँचा र स्वरूपमा परिवर्तन भएअनुरूप धारणा र सोचाइमा पनि परिवर्तन भएको पाइएको छ । दाइजो प्रथाप्रतिको धारणा बुभ्दा अधिकांश उत्तरदाताले दाइजो प्रथाप्रति नकारात्मक धारणा राखेको पाइएको छ । नकारात्मक धारणा राख्नुका पछाडि विविध कारणहरू व्यक्त गरेका छन् । अधिकांश उत्तरदाताले छोरीलाई दाइजो दिनुभन्दा शिक्षा दिनुपर्ने धारणा राखेको पाइएको छ । त्यसैगरी दाइजो प्रथा धनी र गरिब छुट्ट्याउन सामाजिक प्रतिष्ठाको गलत मापनमा प्रयोग हुने गरेको धारणा राखेको पाइएको छ । छोरीले

दाइजो प्रथाका कारण विवाहपश्चात् सामाजिक, मानसिक र शारीरिक हिंसा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा भोग्नुपरेको धारणा राखेको पाइएको छ । त्यसैगरी दाइजो प्रथाका कारण अभिभावकले छोरीलाई छिटो विवाह गरिदिने गरेको धारणा पाइएको छ भने छोरीको भ्रूणहत्यासमेत गर्नुपरेको तितो यथार्थ बताएको पाइएको छ ।

त्यसैगरी दाइजो प्रथाप्रति सकारात्मक धारणा राख्नेहरूले छोरी पनि छोरासरह सम्पत्तिको भागीदार हुने भएकाले विवाहमा दाइजो अधिकार हो भन्ने धारणा राखेको पाईएको छ । त्यसैगरी बाध्यतात्मक रूपमा नभै स्वेच्छाले दाइजो दिने र लिने सामाजिक परम्परा भएको धारणा राख्दछन् । समग्रमा दाइजो प्रथाप्रति सकारात्मक धारणा भन्दा नकारात्मक धारणा नै समाजमा प्रबल रहेको पाइएको छ ।

## ६.४ दाइजो प्रथाप्रति परिर्वतनसम्बन्धी धारणा

विगतदेखि वर्तमानसम्म दाइजो प्रथामा परिर्वतन भएको र नभएको धारणा पाइएको छ । अध्ययन क्षेत्रमा विगतमा दाइजो प्रथा सामान्य अवस्थामा रहेको तर समयको परिर्वतनसँगै दाइजो प्रथामा पनि फेरबदल भएको पाइएको छ । दाइजो प्रथाको स्वरूप, ढाँचा र मात्रामा परिर्वतन भएको धारणा पाइएको छ । सीमित उत्तरदातामा भने दाइजो प्रथामा परिर्वतन नभएको धारणा पाइएको छ । जसलाई निम्न चित्रमा देखाइएको छ ।




चित्र ६.४ दाइजो प्रथामा परिवर्तनको धारणात्मक अवस्था

माथि प्रस्तुत गरिएको चित्रबाट अधिकांश उत्तरदाताहरूमा दाइजो प्रथा परिर्वतन भएको धारणा पाइएको छ भने अति न्यून उत्तरदातामा दाइजो प्रथामा परिर्वतन नभएको धारणा पाईएको छ । ९५.७ प्रतिशत उत्तरदातामा दाइजोप्रति परिर्वतन भएको धारणा पाइएको छ । त्यसैले विगतमा भन्दा वर्तमान अवस्थामा दाइजो प्रथाका स्वरूप, ढाँचा, मात्रा र सोचमा समेत परिर्वतन भएको छ । विवाहमा दाइजो लिनु र दिनु अनिवार्य प्रक्रिया भएको हुँदा छोरी वा महिला सर्वपक्षीय रूपमा प्रभावित भएका छन् । छोरीलाई अभिभावकले हेर्ने दृष्टिकोणमा फरक आएको छ भने व्यक्तिगत विकासमा लगानी गर्नुभन्दा दाइजोमा खर्च गर्ने प्रवृत्ति रहेको पाइएको छ । त्यसैगरी निम्न र मध्यम वर्गका परिवारलाई छोरीको विवाह चुनौती बन्न पुगेको र छोरीको व्यक्तिगत हैसियतभन्दा पनि अभिभावकको आर्थिक स्थिति अनुसार ज्वाइँ खोज्नु परेको अवस्था रहेको छ । विवाहमा अनुत्पादक खर्च बढी हुँदा गरिव बाबुहरू छोरीलाई विवाह गर्दा कि त घरबारी बेच्नुपरेको कि त ऋणी हुनु परेको धारणा पाइएको छ ।

## ६.५ विवाहमा दाइजो लिने वा दिने धारणा

विवाहको अवसरमा केटा पक्षको परिवारले दाइजो लिने र केटी पक्षको परिवारले दाइजो दिने परम्परा रहिआएको छ । केटा पक्षको परिवारको अवस्था र केटाको व्यक्तिगत हैसियत जति उच्च हुन्छ दाइजो राशी त्यति नै धेरै हुने गर्दछ चाहे व्यक्त होस् वा अव्यक्त । तर अहिले हाम्रो समाजमा फाटफुट रूपमा दाइजो विरोधी विवाह (जसलाई नमुना विवाहको नाम दिइन्छ) पनि नदेखिएका होइनन् तर पनि त्यस्ता विवाह ठूलो समुन्द्रमा सानो पानीको बुँदका रूपमा रहेका छन् । धेरै जसो प्रेम विवाहमा दाइजो लिने र दिने व्यवहार नभएको पाइएको छ तर अध्ययन क्षेत्रमा अधिकांश विवाह मागी विवाह  हुने गरेको पाइएको छ र छोराको विवाहमा दाइजो ल्याउने र छोरीको विवाहमा दाइजो दिने गरेको पाइन्छ । तर पनि परिवारको संरचनाअनुसार जुन परिवारमा छोरीहरू मात्र छन तिनीहरू दाइजो नदिने धारणा राखेको पाइयो भने जुन परिवारमा छोराहरू मात्र छन् तिनीहरू दाइजो लिने पक्षमा रहेको पाइयो । त्यसैले छोराछोरी दुवै हुने परिवारमा पनि छोरीलाई दाइजो नदिने तर छोराको विवाहमा दाइजो लिने चाहना रहेको पाइएको छ । उत्तरदातासँगको धारणा बुझ्ने क्रममा छोरीको विवाहमा दाइजो दिन नखोज्नेले छोराको विवाहमा दाइजो ल्याउने चाहना भएको वा नभएको निम्न तालिकामा देखाइएको छ ।

तालिका ६.३ दाइजो लिने र दिने धारणात्मक अवस्था


| विवरण | उत्तरदाता | प्रतिशत |
|---|---|---|
| दाइजो लिने चाहने धारणा | ४७ | ६७.१४ |
| दाइजो लिन नचाहने धारणा | १२ | १७.१४ |
| थाहा नभएको धारणा | ११ | १५.७१ |
| जम्मा | ७० | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६५*

प्रस्तुत तालिकाअनुसार अधिकांश उत्तरदाताले छोरीको विवाहमा दाइजो दिन नचाहनेले छोराको विवाहमा दाइजो लिन चाहेको धारणा राखेको पाइएको छ । ६७.१४ प्रतिशत यस्तो धारणा राख्दछन भने १७.१४ प्रतिशतले छोरीको विवाहमा दाइजो नलिनेले छोराको विवाहमा पनि दाइजो ल्याउने चाहना राख्दैनन् भन्ने धारणा रहेको पाइयो । त्यस्तै बाँकी १५.७१ प्रतिशतले यस विषयमा आफुलाई थाहा नभएको बताएका छन् । खास गरी भर्खर विवाह भएका र २० वर्षमुनिका उत्तरदाताले थाहा नभएको बताएका छन् । यसबाट स्पष्ट हुन्छ कि धारणा जस्तो भए पनि व्यवहार प्रत्यक्ष वा अप्रत्क्षय रूपमा छोराको विवाहमा दाइजोको चाहना रहेको हुन्छ ।

## ६.६ दाइजो प्रथा सम्बन्धमा सुधारात्मक धारणा

अध्ययन क्षेत्रमा दाइजो प्रथा प्रचलित रहेको र विगतमा भन्दा वर्तमानमा दाइजो प्रथामा परिर्वतन देखिएको पाइएको छ । यस्तो अवस्थामा उत्तरदातालाई दाइजो प्रथा जुन अवस्थामा रहेको छ त्यसै अनुरूप रहनुपर्छ भन्ने धारणा राख्नेहरू २० प्रतिशत रहेका छन त्यसैगरी दाइजो प्रथामा सुधार गर्नुपर्ने धारणा राख्नेहरू ८० प्रतिशत रहेका छन् जसलाई निम्न चित्रमा देखाइएको छ ।




चित्र ६.५ दाइजो प्रथामा सुधारसम्बन्धी धारणात्मक अवस्था

जम्मा उत्तरदाता मध्ये ८० प्रतिशतले दाइजो प्रथालाई सुधार गर्नुपर्ने धारणा राखेको पाइएको छ भने बाँकी २० प्रतिशतले सुधारको आवश्यकता नभएको बताएका छन् । अधिकांश उत्तरदाता सुधारको पक्षमा भएको हुँदा दाइजो प्रथामा सुधार गर्नुपर्ने देखिएको छ । दाइजो प्रथालाई सुधार गर्न राज्यका विभिन्न पक्षबाट भूमिका खेल्नुपर्ने धारणा पाइएको छ ।

## ६.७ दाइजोप्रथा सुधारमा भूमिका


अनुसन्धानको क्रममा अध्ययन क्षेत्रमा दाइजो प्रथा प्रतिको धारणा बुझ्ने क्रममा दाइजो प्रथा सुधारका लागि विभिन्न पक्षबाट भूमिका खेल्नुपर्ने धारणा पाइएको छ । दाइजो प्रथा हिन्दू धर्मबाट प्रभावित ब्राम्हण जातिमा परम्पराको रूपमा चल्दै आइरहेको भएता पनि हाल आएर दाइजो प्रथा कुरीतिग्रस्थ बन्दै गइरहेको धारणा पाइएको छ । त्यसैले दाइजो प्रथा सुधारका लागि राज्यको नीति नियमदेखि लिएर स्वयं व्यक्ति सुधारमा लागि पर्नुपर्ने धारणा पाइएको छ ।

तालिका ६.४ दाइजो प्रथा सुधारमा विभिन्न पक्षको भूमिकासम्बन्धी धारणा

| विभिन्न पक्षको भूमिका | उत्तरदाता | प्रतिशत |
|---|---|---|
| राज्यको नीति, नियम र कानुनमा सुधार गरिनु पर्ने धारणा | १८ | ३२.१ |
| स्थानीय आमा समूहलाई सक्रिय बनाउनु पर्ने धारणा | ५ | ८.९ |
| व्यक्ति स्वंय दाइजो प्रथा सुधारमा लाग्नु पर्ने धारणा | २३ | ४१.१ |
| दाइजो नलिनेलाई सामाजिक सम्मान गरिनु पर्ने धारणा | १० | १७.९ |
| जम्मा | ५६ | १०० |

*स्रोत: स्थलगत सर्वेक्षण, २०६५*

प्रस्तुत तालिकाअनुसार दाइजो प्रथा सुधारका लागि व्यक्ति स्वयं सुधारमा लाग्नुपर्छ भन्ने धारणा ४१.१ प्रतिशत रहेको छ । व्यक्ति स्वयंले दाइजो प्रथा निरूत्साहित गर्न सकेमा समुदाय, समाज र राज्यमा स्वत: दाइजो प्रथा सुधार हुने धारणा राख्नेहरू अधिकांश रहेको पाइएको छ । त्यसै गरी राज्यको नीति, नियम र कानुनमा नै सुधार गरिनु पर्दछ भन्ने धारणा ३२.१ प्रतिशत रहेको छ । विवाहमा दाइजो नलिनेलाई सामाजिक सम्मान गरेमा दाइजो प्रथामा सुधार हुने धारणा १७.९ प्रतिशत रहेको छ र स्थानीय स्तरका आमा समूहलाई सुधारका लागि सक्रिय बनाउनुपर्ने धारणा ८.९ प्रतिशत रहेको छ ।




चित्र ६.६ दाइजो प्रथा सुधारमा विभिन्न पक्षको भूमिका

प्रस्तुत स्तम्भचित्रअनुसार दाइजो प्रथामा सुधार गर्न सर्वप्रथम व्यक्ति स्वयंबाट सुरू गर्नुपर्ने धारणा अधिकतम देखिएको छ भने दोस्रो दायित्व राज्यको रहेको धारणा पाइएको

छ । त्यस्तै तेस्रो क्रममा दाइजो नलिनेलाई सामाजिक सम्मान दिनुपर्ने धारणा रहेको छ भने अन्त्यमा स्थानीय आमा समूहलाई सक्रिय बनाउनु पर्ने धारणा रहेको छ । यसरी दाइजो प्रथा सुधारमा राष्ट्रिय स्तरबाट नीति नियम बनाउनुपर्ने र कार्यान्वयन गर्नुपर्नेमा विशेष जोड दिएको पाइन्छ ।

## ६.८ दाइजो प्रथालाई प्रश्रय दिने वर्गसम्बन्धी धारणा


परम्परागत रूपमा चल्दै आईरहेको दाइजो प्रथा हाल आएर सामाजिक समस्याको रूपमा रहेको छ । कुनै वर्गलाई दाइजो प्रथा इच्छा र अवसरमा चलेको भए पनि कुनै वर्गलाई दाइजो प्रथा अभिशाप बन्न पुगेको छ । छोरीलाई विभिन्न पक्षमा भेदभाव गरिनुका पछाडि दाइजो प्रथा विशाल पहाडको रूपमा रहेको अनुमान गर्न सकिन्छ । नेपाली समाजमा भिन्न जाति, संस्कृति र भाषाभाषीको विविधता भएजस्तै भिन्न-भिन्न वर्गका रूपमा रहेका छन् । कुनै वर्ग उच्च आर्थिक हैसियत भएको छ भने कुनै वर्ग अति नै न्यून अवस्थामा आफ्ना आधारभूत आवश्यकता समेत पुरा गर्न नसकेको अवस्था रहेको छ भने बीचको मध्यम वर्ग न त माथि जान सक्ने न त तल झर्न चाहने अवस्थामा चेपुवामा रहेको छ । यस्तो सामाजिक परिवेशमा विवाहको संस्कार त सबै वर्गमा हुने निरन्तर प्रक्रिया नै हो तर यी विभिन्न वर्गलाई दाइजो प्रथाको प्रभाव वा असर भिन्न भिन्न रूपले परेको देख्न सकिन्छ । अध्ययन क्षेत्रमा पनि उच्च, मध्यम र निम्न वर्गका मानिसहरू रहेका छन् र दाइजो प्रथालाई प्रश्रय दिने वर्गका बारेमा आ-आफ्नो धारणा रहेको पाइएको छ । जसलाई निम्न तालिकामा देखाइएको छ ।

तालिका ६.५ दाइजो प्रथालाई प्रश्रय दिने वर्गसम्बन्धी धारणा

| वर्ग | उत्तरदाता | प्रतिशत |
|---|---|---|
| उच्च वर्ग | ३१ | ४४.३ |
| मध्यम वर्ग | १४ | २० |
| निम्न वर्ग | १ | १.४ |
| सबै वर्ग | २४ | ३४.३ |
| जम्मा | ७० | १०० |

*स्रोतः स्थलगत सर्वेक्षण, २०६५*


माथि उल्लेखित तालिका अनुसार समाजमा दाइजो लिने र दिने प्रतिस्पर्धा बढ्दै जानुका पछाडि उच्च वर्गले गर्ने तडकभडक र बढी दाइजो प्रदर्शन गर्ने परम्परा हो भन्ने धारणा राख्नेहरू ४४.३ प्रतिशत रहेका छन् भने उच्च, मध्यम र निम्न सबै वर्ग दाइजो प्रथालाई प्रश्रय दिंदै आएको धारणा राख्नेहरू ३४.३ प्रतिशत रहेका छन् । त्यसैगरी मध्यम वर्गको धारणा राख्नेहरू २० प्रतिशत रहेका छन् भने न्यूनतम १.४ प्रतिशतले निम्न वर्गको धारणा राखेका छन् । यसबाट स्पष्ट हुन आउछ कि समाजमा दाइजो प्रथालाई प्रश्रय दिने वर्ग उच्च वर्ग रहेको छ जसको देखासिकी गर्न मध्यम वर्ग र निम्न वर्ग बाध्य भएका छन ।




चित्र ६.७ दाइजो प्रथालाई प्रश्रय दिने वर्गसम्बन्धी धारणात्मक अवस्था

## ६.९ छोरीलाई दाइजो दिनुपर्छ वा दिनुपर्दैन भन्ने धारणात्मक विवरण

प्रस्तुत शोधपत्रको मुख्य उद्देश्य दाइजो प्रथाप्रति महिलाको धारणा बुझ्ने भएको हुँदा अनुसन्धानको क्रममा दाइजो प्रथालाई केन्द्रविन्दु बनाएर धारणा बुझ्ने कोसिस गरिएको हुँदा छोरीलाई दाइजो दिनुपर्दछ वा पर्दैन भन्ने धारणा लिइएको छ । जसमा अधिकांश महिलाहरू आफ्नी छोरीलाई दाइजो नदिने धारणा राखेका छन् भने सीमित महिलाहरू छोरीलाई दाइजो दिनु पर्दछ भन्ने धारणा राखेका छन् । जसलाई निम्न तालिकाबाट प्रस्तुत गरिएको छ ।



चित्र ६.८ छोरीलाई दाइजो दिनुपर्छ वा दिनुपर्दैन भन्ने धारणात्मक अवस्था

छोरीलाई दाइजो दिनुपर्दैन भन्ने धारणा राख्नेहरू ६८.३ प्रतिशत रहेका छन् भने छोरीलाई दाइजो दिनुपर्दछ भन्ने धारणा राख्नेहरू ३१.७ प्रतिशत रहेका छन् । यसरी हेर्दा अध्ययन क्षेत्रमा उत्तरदाताको धारणा छोरीलाई दाइजो दिनु पर्दैन भन्ने पक्षमा प्रवल रहेको देखिन्छ । छोरीलाई दाइजो दिनुपर्दैन भन्ने धारणा राख्नेहरूले आ-आफ्नो राय र सुझाव दिएका छन् । जसमा ४.३ प्रतिशतले मागी विवाहमा दाइजोको लेनदेन हुने भएकोले प्रेम विवाहलाई सामाजिक मान्यता दिएमा दाइजो प्रथा हट्न सक्ने धारणा दिएका छन् । त्यस्तै ५.७ प्रतिशतमा दाइजोका कारण विभिन्न हिंसा भोग्नु पर्ने भएकाले दाइजो हट्नुपर्छ भन्ने धारणा रहेको छ । ७.१ प्रतिशतमा छोरीलाई विवाहमा दिइने दाइजोको सट्टा शिक्षामा खर्च गरेमा स्वयम् सक्षम बन्न सक्ने धारणा रहेको छ । त्यस्तै २.९ प्रतिशतको धारणा दाइजो सामाजिक समस्या हो भनी एकजुट हुनुपर्ने रहेको छ । १.४ प्रतिशतले दाइजो नमाग्नु तर स्वेच्छाले दिएको स्वीकार गर्नु उचित हो भन्ने धारणा राखेका छन् । १.४ प्रतिशतले महिलालाई दाइजोसंग तुलना गर्ने परम्परा हट्नुपर्दछ भन्ने धारणा राखेको पाइएको छ र ४.३ प्रतिशतले दाइजोबाट कुनै उपलब्धि हुन नसक्ने हुँदा दाइजो दिए पनि चलको रूपमा दिनु पर्दछ भन्ने धारणा राखेको पाइएको छ ।

दाइजो प्रथाको परिर्वतनलाई हेर्दा विगत देखि वर्तमानको परिस्थितिमा दाइजोप्रतिको सोचाइ र धारणामा परिर्वतन आएको पाउन सकिन्छ । धारणात्मक रूपमा दाइजो प्रथाप्रति नकारात्मक धारणा रहे पनि व्यवहारिक रूपमा दाइजो प्रथाको ढाँचा, स्वरूप र मात्रामा भने सकारात्मक बृद्धि भइरहेको पाइएको छ । उत्तरदाताहरूमा दाइजो प्रथा आफैमा गलत नभए पनि गलत प्रयोग भइरहेको धारणा पाइएको छ । समग्रमा दाइजो प्रथा जुन रूपमा चल्दै आइरहेको छ त्यसमा सुधार गर्नुपर्ने धारणा पाइएको छ ।

# अध्याय - सात

## अध्ययनको सार र निष्कर्ष

### ७.१ अध्ययनको सार

लैङ्गिक दृष्टिकोणबाट हेर्दा विकसित वा अविकसित जुनसुकै मुलुकमा लैङ्गिक विभेद विद्यमान रहेको छ । परम्परागत सामाजिक-सास्कृतिक संरचना, समतामूलक शिक्षाको अभाव र विभेदकारी शिक्षा, जनचेतनाको अभाव, अन्धविश्वास, रूढिबादी सोचाइ, गरिबी र न्यून आर्थिक अवस्थाका कारणले लैङ्गिक विभेद अझै पनि वर्तमान संसारको चुनौतीको रूपमा रहेको छ । नेपालको सन्दर्भमा भन्नुपर्दा परम्परागत सामाजिक सांस्कृतिक प्रथा र संस्कारहरू, शिक्षा र रोजगारमा पहुँच नहुनु, स्वतन्त्रता र अवसर नहुनु, छोरा र छोरीमा विभेदपूर्ण सामाजिकीकरण र विभेदकारी शिक्षा हुनु, छोरीलाई विवाह गरी अर्काको घर जाने जात भनी लगानी गर्न नचाहनु वा चाहँदाचाहँदै कमजोर आर्थिक अवस्थाका कारण छोरीलाई दाइजो र शिक्षा दुवै पक्षमा लगानी गर्न नसक्नुले महिला सशक्तिकरण र राष्ट्रिय विकासको मूल प्रवाहमा ल्याउनका लागि अवरोध खडा गरेको पाइएको छ । आम नेपाली समाजका ग्रामीण क्षेत्रमा यो समस्या जर्जर रूपमा रहेको पाइएको छ । दाइजोप्रथा भित्र सोच्नै नसकिने कहालीलाग्दो विसंगति हुर्कंदै गइरहेको छ ।

जनआन्दोलन २०६२/०६३ को सफलतापछि नेपाली समाजले एउटा उच्च राजनीतिक फड्को मारेको छ । देशमा गणतन्त्रको स्थापना हुनु र चुनावपछाडि संविधानसभामा महिलाहरूको एक तिहाइको उपस्थिति हुनुलाई पनि महत्वपूर्ण राजतीतिक उपलब्धिका रूपमा लिन सकिन्छ । तर अझै पनि समाजमा राजनीति, शिक्षा, स्वास्थ्य, रोजगारी र आयआर्जनलगायतका सम्पूर्ण क्षेत्रमा महिला र पुरुषबीच असमानता छ । महिलाहरू घरघरमै पुरुष स्वयंबाट हरेक वर्ग र तप्कामा शोषित र पीडित छन् । उनीहरूलाई पुरुषसरह अधिकार दिइएको र व्यवहार गरिएको छैन । उनीहरूलाई दोस्रो दार्जाको नागरिकको व्यवहार गरिएको छ ।

समाजका हरेक क्षेत्रमा पुरुषको प्रभुत्व रहेको छ । परिवारमा वंश परम्परा कायम राख्न छोराको जन्म अनिवार्य मानिन्छ भने छोरीलाई खासै महत्त्व दिइदैन । घरायसी सानातिना कार्यमा निर्णय गर्नेदेखि समाज र देशमा उच्च निकायसम्म पनि पुरुषहरूको पहुँच र हालीमुहाली देखिन्छ । महिला विवाहपश्चात् श्रीमान्को घर जाने, आफ्नो थर परिवर्तन गरी पुरुषको थर राख्नुपर्ने परम्पराले महिलालाई पुरुषको अनुचर वा सहयोगीका रूपमा मात्रै लिने, उसको स्वतन्त्र अस्तित्वलाई मान्यता नदिएको पाइन्छ । पुम्दी गाउँमा गरिएको अध्ययन छोराछोरीमा फरक सामाजिकीकरण, शिक्षामा भेदभाव, रोजगार र अवसरमा भेदभाव, स्वतन्त्रतामा भेदभाव विविध सामाजिक साँस्कृतिक परम्परा र संस्कारमा भेदभाव देखिएको छ । छोरी वा महिला भएकै कारण विभिन्न विभेदहरू भएको पाइएको छ । छोरीलाई १५ - २० वर्षभित्रमै विवाह गरिदिनेको प्रधानता भेटिएको छ भने अधिकांशको शैक्षिक स्तर एस.एल.सी. भन्दा कम अथवा स्कुल पढ्दापढ्दै विवाह हुने गरेको देखिएको छ । उच्च शिक्षा हासिलमा महिलाको अति नै न्यून सहभागिता छ भने पेशागत रूपमा रोजगारी महिला पनि अति न्यून रहेको पाइएको छ ।

विगतदेखि वर्तमानसम्मको अवस्थिति हेर्दा नेपाली महिलाको स्थितिमा व्यापक परिवर्तन आएको छ । महिलाको शिक्षा, रोजगारी तथा स्वास्थ्यको क्षेत्रमा उल्लेखनीय प्रगति भएको छ । तर पनि पुरुषको तुलनामा सामाजिक, राजनीतिक, आर्थिक तथा कानूनी क्षेत्रमा सीमित अवसर र अधिकारका कारण महिलालाई सामाजिक प्रतिष्ठाको सोपानमा तल्लो तहमा रहेको देखाएको छ । यसले महिला र पुरुषबीच विद्यमान फरक र भेदभावपूर्ण यथार्थता दर्शाउने असमान लैङ्गिक सम्बन्धलाई अझ बढी उजागर गरेको छ । अझै पनि समाजमा राजनीति, शिक्षा, स्वास्थ्य, रोजगारी र आयआर्जनलगायतका सम्पूर्ण क्षेत्रमा महिला र पुरुषबीच असमानता छ । त्यसै गरी महिलाको आर्थिक, सामाजिक, शैक्षिक अवस्था पनि कमजोर रहेको छ । आर्थिक स्रोत र साधनमा पहुँच नभएको अवस्थामा विवाहमा महिलाले माइती पक्षबाट दाइजो प्राप्त गर्ने प्रचलन रहेको छ । तर दाइजो प्रथाले अधिकांश महिलाहरूको अवस्था सुधार हुनुमा सहयोगी नभएको र उल्टो पारिवारिक तनावको सृजना भएको धारणा पाइएको छ । त्यस्तै दाइजो ल्याएपनि त्यसबाट आफूलाई आर्थिक रूपमा सक्षम र सबल बनाउन नसकिने धारणा राख्दै अभिभावकले छोरीका लागि दाइजो र अंशभन्दा पनि शिक्षा दिनुपर्नेमा जोड दिइएको पाइएको छ ।

यसरी हिन्दू धर्म मान्ने ब्राम्हण जातिमा केन्द्रित यस अध्ययनमा छोरीको शिक्षामा कम लगानी गरिने, अर्काको घरको नासोको व्यवहार गर्ने, सकेसम्म छिटो विवाह गरिदिने र विवाहमा छोरीलाई आर्थिक आधारको रूपमा दाइजो दिने गरेको पाइएको छ । दाइजोले महिला सशक्तीकरण र सबलीकरण नभएको स्पष्ट हुन आएको छ । आजको २१ औं शताब्दीमा पनि परिवारमा छोरी वा महिलामाथि पुरातनवादी सोच लादिएको छ । विभिन्न प्रथा र संस्कारका साङ्लाहरूले बाँधेर स्वतन्त्रताको विगुल फूकिएको छ । परम्परा, अन्धविश्वास, अशिक्षा, चेतनाको अभाव, गरिवी, रूढिवादीयुक्त सोचाईले अझैपनि महिलालाई हेर्ने दृष्टिकोण र व्यवहार असमान रहेको छ । पितृसत्तात्मक शोचबाट शोषित र पीडित समाजमा पुरुषहरूको तुलनामा महिलाहरूको कम इज्जत, शक्ति र पहुँच रहेको पाइएको छ ।

## ७.२ अध्ययनको मुख्य निष्कर्ष

१. यस अध्ययनमा महिलाहरूको शैक्षिक स्तरलाई हेर्दा एस.एल.सी. भन्दा कम अध्ययन गर्ने महिलाहरू २७.१ प्रतिशत रहेका छन् त्यसैले धेरै महिलाहरू स्कुल पढ्दापढ्दै छोड्ने गरेको तथ्याङ्कबाट देखिन्छ ।

२. उत्तरदाता महिलाहरू मध्यमा ५२.९ प्रतिशत महिलाहरू संयुक्त परिवारमा बस्दछन् समाजमा अझै पनि संयुक्त परिवार एकल परिवारको तुलनामा बढी रहेको देख्न सकिन्छ ।

३. परिवारका सदस्यहरूको संख्याका आधारमा परिवारको आकारलाई हेर्दा ५४.३ प्रतिशत महिलाहरूको (४ - ६) मध्यम आकारको परिवार रहेको छ ।

४. उत्तरदाताको पेशागत अवस्थालाई हेर्दा गृहिणीको ८७.१ प्रतिशतको प्रधानता रहेको छ । अझै पनि नेपाली महिलाहरू विवाहपश्चात् असल गृहिणीको भूमिका निभाउन बाध्य छन् । सर्वाजनिक क्षेत्रमा उनीहरूको पहुँच छैन ।

५. उत्तरदाताको विवाहको समयमा उमेरको अवस्थालाई हेर्दा १५ - २० वर्षको उमेरमा ८२.९ प्रतिशत उत्तरदाता महिलाहरूको विवाह भैसकेको थियो ।

६. उत्तरदाताको विवाह गर्दाको समयको शैक्षिक स्तरलाई ४१.४ प्रतिशत एस.एल.सि. रहेको छ ।

७. विवाहको प्रकारलाई हेर्दा ९४.३ प्रतिशत महिलाहरूको मागी विवाह भएको पाइएको छ । ५२.९ प्रतिशत महिलाहरूको विवाह अभिभावकको इच्छामा भएको पाइएको छ र समाजमा अति नै न्यून मात्रामा प्रेम विवाह हुने गरेको छ ।

८. मागी विवाह गर्ने ७७.३ प्रतिशत दाइजो ल्याउने रहेका छन् भने २२.७ दाइजो नल्याउने रहेका छन् । प्रेम विवाहमा दाइजो ल्याउने २५ प्रतिशत रहेका छन् भने दाइजो नल्याउने ७५ प्रतिशत रहेका छन् । यसरी प्रेम विवाहको तुलनामा मागी विवाहमा दाइजो लिने र दिने व्यवहार हुने गरेको देखिन्छ ।

९. मागी विवाहमा २२.९ प्रतिशत केटा पक्षबाट दाइजोको माग भएको पाइएको छ भने बाँकी ७७.१ प्रतिशत केटा पक्षबाट दाइजो माग भएको थिएन । मागी विवाहमा दाइजो माग भएता पनि नभए तापनि दाइजो लिने र दिने क्रम भने भईनै रहेको पाइएको छ ।

१०. प्रधान रूपमा ७० प्रतिशत उत्तरदाताको धारणामा छोरीलाई दाइजोको सट्टा अंश दिनु राम्रो भएको पाइएको छ ।

११. छोरीलाई माइतीबाट दाइजो दिने गरेको तर महिलाका हातमा कुनै पनि किसिमको दाइजो, पेवा वा व्यक्तिगत सम्पत्ति नरहेको पाइएको छ । ९२.९ प्रतिशत महिलाहरूको आर्थिक अधिकारविहीन रहेका छन् भने बाँकी ७.१ प्रतिशतसँग अलिअलि मात्रामा व्यक्तिगत सम्पत्ति रहेको पाइएको छ ।

१२. ३५.७ प्रतिशत उत्तरदाताको परिवारबीचको सम्बन्ध राम्रो भएको पाइएको छ । त्यस्तै दाइजोका कारण परिवारबीचको सम्बन्ध नराम्रो भएको २४.३ प्रतिशत रहेको पाइएको छ । २८.६ प्रतिशत परिवार बीचको सम्बन्धका बारेमा अनविज्ञ छन् भने ११.४ प्रतिशतले भन्न नचाहेको पाइएको छ ।

१३. दाइजोप्रति परिवारका सदस्यहरूको चासोका सम्बन्धमा अधिक रूपमा चासो देखाउने ३५.४ प्रतिशत सासू रहेको पाइएको छ भने सबैभन्दा न्यून चासो देखाउनेमा श्रीमान् र नन्द/देवर रहेको पाइएको छ । यसरी परिवारमा महिलाले महिलामाथि नै बढी चासो, निगरानी र नियन्त्रण गरेको पाइएको छ ।

१४. दाइजो र महिलाको अवस्थालाई हेर्दा विवाहमा दाइजो ल्याए पनि सामाजिक, आर्थिक, शैक्षिक पक्ष र पारिवारिक व्यवहार कुनै क्षेत्रमा पनि सहयोग नमिलेको

७२.९ प्रतिशत रहेको छ । अति न्यून अवस्थामा २७.१ प्रतिशतमा भने दाइजोबाट विविध क्षेत्रमा सहयोग मिलेको पाइएको छ ।

१५. दाइजो प्रथाले महिलाको विद्यमान अवस्थामा पारेको प्रभावलाई हेर्दा ८४ प्रतिशतले महिलाको कमजोर अवस्था हुनुमा सहयोगी भूमिका खेलेको धारणा राख्दछन् । जम्मा १६ प्रतिशत महिलाले विद्यमान महिलाको अवस्था सुदृढ हुनुमा दाइजोले भूमिका खेल्ने बताउँछन् ।

१६. ४६.३ प्रतिशत उत्तरदाताको वैवाहिक प्रकृति खर्चिलो खालको भएको बताइएको छ । १९.४ प्रतिशतको वैवाहिक व्यवहार भने सामान्य रहेको पाइएको छ । यसबाट समाजमा विवाह खास गरी विवाह खर्चिलो नै हुने गरेको स्पष्ट हुन आउँछ ।

१७. त्यसैगरी उत्तरदाताहरूमा खर्चिलो विवाह गरी खुसी हुने २० प्रतिशत रहेका छन् भने विवाहमा गरेको खर्चप्रति असन्तुष्टि जनाउने ८० प्रतिशत रहेका छन् ।

१८. ८७.१४ प्रतिशत उत्तरदाताको दाइजो प्रथाप्रति धारणा नकारात्मक रहेको र १२.८६ प्रतिशतको धारणा सकारात्मक रहेको पाइएको छ । यसरी अधिकांश महिलाको दाइजो प्रथाप्रतिको धारणा नकारात्मक रहेको पाइएको छ ।

१९. ९५.७ प्रतिशत उत्तरदाताले दाइजो प्रथाको ढाँचा, सोचाइ र मात्रामा परिवर्तन हुँदै गएको धारणा राखेको पाइएको छ ।

२०. ९२.६ प्रतिशत उत्तरदाताले विद्यमान दाइजो प्रथामा सुधार गर्नुपर्ने धारणा राखेको पाइएको छ । जसमा ७.४ प्रतिशतले भने सुधारको आवश्यकता नदेखेको धारणा राखेको पाइएको छ ।

२१. दाइजो प्रथालाई टेवा दिने वर्गको सम्बन्धमा धारणा बुझ्दा ४४.३ प्रतिशतले उच्च वर्ग रहेको धारणा राखेको पाइएको छ ।

२२. अन्त्यमा, ६८.३ प्रतिशत उत्तरदाताहरू छोरीलाई दाइजो नदिने पक्षमा रहेका छन् भने ३१.७ प्रतिशतले भने अन्य आर्थिक अधिकारको सुनिश्चितता र सुरक्षा नभएको अवस्थामा दाइजोलाई नै छोरीको आर्थिक अधिकार मानेको पाइएको छ ।

## ७.३ अध्ययनको निष्कर्ष

हिन्दू धर्ममा विवाह एक संस्कार र त्यसबाट सिर्जित दाम्पत्य सुरूआतको विन्दु हो । प्राचीन वर्ण व्यवस्थाको नियमानुसार उपनयन गरी ब्रम्हचार्यले ब्रम्हचर्यको अध्ययन समाप्ति

पछि गृहस्थमा प्रवेश गर्नुलाई विवाह भन्ने बुझिन्छ । जुन बेला छोरीका अभिभावकले कन्यादानसँगै घर गृहस्थमा सहयोगका लागि (आर्ष विवाहमा) गोरू वा गाई दिने प्रचलन रहेको थियो । छोरा जन्मँदै पैतृक सम्पत्तिको हकदार बन्ने हुँदा जन्म घर छोडेर जाने बखत छोरीलाई केही आर्थिक राहत र सुरक्षाका निम्ति पशुधनका साथसाथै अन्य उपहारहरू पनि दिन थालियो जसलाई दाइजो भन्ने  गरियो र छोरीको व्यक्तिगत प्रयोजनका लागि स्वेच्छाले दिइने उपहार धारणागत परिवर्तन र समयको अन्तरालसँगै केटापक्षको परिवारको गर्जो टार्ने आकांक्षा, दाइजोको आशा गर्ने र माग गर्ने प्रवृत्ति वा वाणिज्यिक विवाहको प्रवृत्ति देखिन थाल्यो । हाल आएर छोरीलाई उपहार स्वरूप दिइने दाइजोले विसंगतिको मोड लिदै दाइजो नल्याएको वा कम ल्याएको वहानामा कतिपय महिलाहरू पारिवारिक र सामाजिक रूपमा अपहेलित बन्न पुगेका छन् भने दाइजो ल्याउने महिलाहरू पनि आर्थिक, शैक्षिक, पारिवारिक पक्षमा खासै उपलब्धि लिन नसकेको बताउँछन् । विगत देखि वर्तमान सम्म दाइजोको स्वरूप पशुधनदेखि जिन्सी सामान, गहनापात, नगद, जमिन, बैंक व्यालेन्स, ज्वाइँलाई रोजगारी दिलाउने, विदेश पठाउने आदि प्रवृत्तिहरूमा दाइजो रूपान्तरित भएको छ । कानुनी रूपमा दाइजोमाथि महिलाको पूर्ण स्वामित्व हुने प्रावधान रहेता पनि विद्यमान अधिकारलाई प्रयोग गर्न नसक्नु महिलाको कमजोरी पक्ष रहेको छ । त्यसैगरी विवाहमा दुलहीलाई व्यक्तिगत रूपमा दिने जति पनि चल-अचल सम्पत्तिलाई दाइजो भनिएता पनि ढोगभेटका नाममा केटापक्षको परिवारलाई दिइने नगद, जिन्सी र गरगहना पनि दाइजोको रूपमा लिने गरिएको छ । जसमा उत्तिकै खर्च हुने गर्दछ जुन कानुनतः स्त्रीधनको सम्मान पाउन सकेको छैन । जसको मात्रा कम हुँदा स्वयं विवाहित बुहारीले विभिन्न किसिमका समस्या झेल्नु परेको यथार्थ रहेको छ र अर्को पक्षको असन्तुष्टि देखिने र लोभको घडा कहिल्यै नभरिने धारणा पनि सुनाउँछन् ।

हिन्दू धर्म अनुयायी ब्राम्हण परिवारमा गरिएको यस अध्ययनमा छोराछोरीप्रति गर्भबाट नै भेदभावको क्रम सुरू भएको पाइएको छ । हिन्दू धर्म दर्शनमा छोराको जन्मलाई अनिवार्य ठानिन्छ । जसका छोरा छैनन् उसको वंश नाश हुन्छ भन्ने धारणा रहेको पाइएको छ । छोरा नभई स्वर्ग तरिन्न, यस लोकमा मात्र नभएर परलोकमा समेत छोरा हुनेलाई शान्ति मिल्दछ भन्ने प्रवृत्तिले पुत्रप्रतिको मोह संस्कृतिको प्रभाव सघन देखिएकोले यसले विवाह संस्थामा प्रभाव पारेको छ । नेपाली समाजमा विगतदेखि चल्दै आएका उखानले छोरा र छोरीप्रतिको असमान सामाजिकीकरण, शिक्षा, स्वास्थ्य, खानपिनका साथै आदर्श र

नियमका कुराहरूमा विभेद तथा असमान व्यवहार विद्यमान रहेको देखिन्छ । पछिल्ला दिनमा संविधानमा छोरीलाई पनि समान अंश दिनुपर्ने प्रावधान भए पनि व्यवहारमा लागू हुन सकेको छैन । त्यति मात्रै होइन, छोरीको शिक्षा र सीपमा लगानी गर्नु भनेको कुटुम्बको जग्गामा मलजल गरी बन्दगी खेती गर्नुजस्तै हो भन्ने धारणा र केही समयको लागि माइतीमा राख्नुपर्ने बाध्यात्मक सम्झौता मान्ने प्रवृत्तिले छोरी जवान भएपछि ठूलो बोझ र दायित्वबाट मुक्ति पाउन र जति शिक्षाको स्तर बढ्दै जान्छ दाइजोको मात्रा पनि बढ्दै जाने हुँदा छोरीका अभिभावक शिक्षामा खर्च गर्नुभन्दा समयमै विवाह गरेर उम्किन उचित ठान्ने गरेका छन् । पुम्दी गाउँमा गरिएको अध्ययनमा अधिकांश महिलाको मागी विवाह भएको र दाइजोको लेनदेन हुने गरेको पाइएको छ । विवाहमा केटापक्षबाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा दाइजो माग हुने गरेको पाइएको छ । महिलाहरूको कमजोर मनस्थिति र अधिकारका लागि नलड्ने बानीले विवाहमा माइती तर्फबाट दिइएको दाइजो आफू खुसी गर्न नपाएको र नसकेको अवस्था पाइन्छ । दाइजोबाट महिलाले सामाजिक, आर्थिक, शैक्षिक र पारिवारिक पक्षमा केही मात्रामा उपलब्धि भएको धारणा राखेपनि धेरैजसो महिलाहरू दाइजोबाट पारिवारिक सम्बन्ध द्वन्द्वात्मक हुन पुगेको धारणा राखेका छन् । विगतदेखि वर्तमानसम्म दाइजो प्रथामा मात्रात्मक, ढाँचात्मक, स्वरूपात्मक रूपमा परिवर्तन भैरहेको छ । दाइजो प्रथाप्रति धारणामा परिवर्तन भएको छ, तर व्यवहारमा त्यसो हुन सकेको छैन । बढी उमेर र कम शैक्षिक स्तरका महिलाहरूले दाइजोप्रति सकारात्मक धारणा राखे पनि कम उमेर र बढी शैक्षिक स्तरका महिलाहरूले दाइजोप्रति नकारात्मक धारणा राखेका छन् ।

बैवाहिक अभ्यासहरूमा दाइजो ल्याउनेहरू सन्तुष्ट रहेको र नल्याउनेहरू असन्तुष्ट रहेको हुनुपर्नेमा दाइजो ल्याउने पनि सन्तुष्ट छैनन् भने दाइजो नल्याउने पनि सन्तुष्ट छैनन् प्रेम विवाह गरेर दाइजो ल्याउने पनि असन्तुष्ट र मागी विवाह गरेर दाइजो ल्याउनेहरू पनि असन्तुष्ट रहेका छन् । उनीहरू दाइजोबाट उपलब्धि नपाएको बरू छोरीलाई उचित शिक्षा दिनु उपलब्धिपूर्ण हुन्छ भन्ने धारणा राख्दछन् । तर वैवाहिक संस्कारमा अरूलाई देखाउनका लागि फेरि कुनै न कुनै रूपको दाइजो अभ्यास हुने गर्दछ । यो प्रवृत्तिले पारिवारिक द्वन्द्व सिर्जनामा दाइजो मुख्य सूचक नभएर वहाना मात्रै हो, दाम्पत्य व्यवस्थाका तौर तरिकाहरूमा हुने कमजोरीले परिवारभित्र हुने तनावलाई दाइजोकै कारण भएको शंका गरिन्छ भन्ने लाग्दछ ।

दाइजो सकारात्मक मान्नेहरू पनि असन्तुष्ट रहेका र दाइजो नकारात्मक मान्नेहरू पनि सन्तुष्ट हुन नसकेका नतिजाहरूले पुम्दी गाउँका विवाहित ब्राम्हण महिलाहरूमा समय अनुकूल परम्परागत दाइजो प्रक्रिया भन्दा फेरिन त खोजेका छन् तर धेरै जसो विवाहिताहरू आफ्नो विवाह हार्दिक सहमति विना गरिएको दावी गर्दछन् । यो प्रवृत्तिले अस्वस्थ विवाह सिर्जनामा परिवार र समाजले प्रेरित गरेको देखिन्छ । जसको सुधारका लागि दाम्पत्य व्यवस्थापन शिक्षा र सुधारिएको सामाजिकीकरण प्रक्रिया अपनाउन सकेमा मात्र केही सकारात्मक नतिजा पाउन सकिएला ।

# सन्दर्भ सुची


अधिकारी, यज्ञप्रसाद (वि.सं. २०५७) : *सामाजिक न्याय नेपालको सन्दर्भ,* प्रजातन्त्र सम्बर्द्धन केन्द्र, काठमाण्डौं ।

अर्याल, भोजेन्द्र (वि.सं. २०६२) : *लैङ्गिक अध्ययन,* दीक्षान्त पुस्तक प्रकाशन, कीर्तिपुर, काठमाण्डौं ।

आचार्य, बलराम (वि.सं. २०६१) : *सामाजिक विश्लेषणको सैद्धान्तिक ढाँचा,* स्टुडेण्टस् बुक्स पब्लिकेसन्स, कीर्तिपुर, काठमाण्डौं ।

उप्रेती, लयप्रसाद (१९८९), "*वीमित एण्ड क्रेडिट इन नेपाल* : सम अब्जरवेसन अफ एचिभमेण्टस् एण्ड लिमिटेसन्स्" इन नेटवर्कर काठमाण्डौं, सेण्टर वीमित एण्ड डेभलपमेण्ट ।

एच.एम.जी.-नेपाल, (१९९९), *वेइजिङ्ग प्लस फाइभ कन्ट्री रिपोर्ट,* काठमाण्डौं : एच एम जी एन, मिनिष्ट्री अफ वीमिन एण्ड सोसल वयलफियर ।

गुडे, वीलिमय (१९९४) : *दी फ्यामिली,* प्रीन्टीस हल अफ इण्डीया प्रा.लि., न्यू दिल्ली ।

गिडेन्स, एन्थोनी (२००१) : *सोसिओलोजी,* पोलिटी प्रेस इज एसोसिएसन वीथ बल्याकवाल पब्लीसर लिमिडेड, यूके ।

झा, हरीवंश (१९९७) : *इम्पावरीङ्ग वीमिन अफ महोत्तरी डीस्ट्रीक,* सेण्टर फर इकोनोमिक एण्ड टेक्निकल स्टडीज (सी.ई.टी.एस.), काठमाण्डौं, नेपाल ।

तामाङ्ग, सेरा (२००४) : *नेपालमा विकासे नारीवाद (लेख)* : नेपालको सन्दर्भमा समाजशास्त्रीय चिन्तन (सम्पादन : मेरी डेसेन, प्रत्यूष वन्त, सोसल साइन्स वहा ।)

चौलागाई, तिलकप्रसाद नानीराम पोखरेल, केशवराज सापकोटा (वि.सं. २०६०) : *लैङ्गिक अध्ययन,* न्यू हिरा बुक्स इन्टरप्राइजेज, कीर्तिपुर, काठमाण्डौं ।

थपलिया, डा. शान्ता (१९९९) : *नेपालको पारिवारिक कानुन एक अध्ययन,* कानुनी सहयोग तथा परामर्श केन्द्र, पल्चोक, ललितपुर ।

थापा, कृष्ण ब. (१९८५) : *वीमिन एण्ड सोसियल चेञ्ज इन नेपाल,* पब्लीस वाई अम्बिका थापा, काठमाण्डौं, नेपाल ।

दशौं योजना (२०५९-२०६४), राष्ट्रिय योजना आयोग २०५९, काठमाण्डौं ।

*नेपाल ह्यूमन डेभलपमेण्ट रिपोर्ट* (१९९८) : नेपाल साउथ एसिया सेण्टर, त्रिपुरेश्वर, काठमाण्डौं ।

*नेपालमा महिलाहरूको कानुनी स्थिति एक अध्ययन* (वि.सं. २०५९), कानुन, अनुसन्धान तथा केन्द्र, काठमाण्डौं ।

*नेपाल अधिराज्यको संविधान* (२०४७), शीतल - सुलभ प्रकाशन, भक्तपुर ।

*नेपालको अन्तरिम संविधान* (२०६३), बौद्धिक दर्पण प्रकाशन, पुतलीसडक, काठमाण्डौं ।

नेपाल, जनक, नेपाल पत्रिका, मंसिर (२०६४) : *जिउँदै जलाउनेलाई प्रोत्साहन,* कान्तिपुर पब्लिकेसन्नस, काठमाण्डौं ।

पण्डित, एस.के. (१९९८) : *वीमिन इन सोसाइटी,* रजत पब्लिकेशन, न्यू दिल्ली ।

पपुलेशन मोनोग्राफ अफ नेपाल (२००३), भोलुम I, केन्द्रीय तथ्याङ्क विभाग ।

पोखेल, उर्मीला नवयूवा, पौष (२०६५) : *समता प्राप्तिको लागि युवा महिलाका सरोकारका विषयहरू,* टेकु, काठमाण्डौं ।

बराल, रामचन्द्र (वि.सं. २०५७), *सम्बन्ध विच्छेदका कारण - असर,* एम.ए. शोधपत्र समाजशास्त्र तथा मानवशास्त्रअन्तर्गत मानविकी संकाय, टि.यू., कीर्तिपुर ।

भण्डारी, के पी. (वि.सं. २०६०) : *समाजका नमुनाहरू,* श्याम पुस्तक भण्डार, विराटनगर ।

मल्ल, सपना (२०६५) : *महिलाका मुद्दा* (लेख), महिला आवाज, प्ररायुसंघ नेपाल, केन्द्रीय महिला विभाग ।

मजपुरिया, इन्द्र (१९९७) : *नेपलीज वीमिन* पब्लिस वाई एम.देवी कीर्तिपुर, काठमाण्डौं ।

माईत्रा, अन्जना (१९९३) : *वीमिन इन अ. चेञ्जीङ्ग सोसाइटी,* आशिास पब्लिसिङ्ग हाउस, पञ्जावी वाग, न्यू दिल्ली ।

मानन्धर लक्ष्मीकेसरी, भट्टचन कृष्ण ब. (२००१) : *जेण्डर एण्ड डेमोक्रयासी इन नेपाल,* सेन्टरल डिपार्टमेण्ट अफ होम साइन्स, टि यू ।

मोस्से, जुलिया क्लेभेज (१९९३) : *हाफ दी वल्ड हाफ दी चान्स,* अक्सफाम पब्लिकेसन ।

मासिन, कमला, *पितृसत्ता के हो ?* काली फर वीमन, न्यू दिल्ली ।

मार्शल, गोरडोन (२००४) : *डिक्सनरी अफ सोसिओलोजि,* अक्सफोर्ड यूनिभर्सिटी प्रेस, न्यू दिल्ली ।

*मानवअधिकार अनुगमन निर्देशिका* (वि.सं. २०६१), इन्सेक, काठमाण्डौं ।

मेहता, चेतन (१९९६) : *महिला एवं कानुन,* आशिष पब्लिशिङ्ग हाउस पंजावी वाग, नयाँ दिल्ली ।

राइजिङ्ग नेपाल, फेब्रुअरी २०, (१९७८)

रीटजर, जर्ज (१९९६) : *मोर्डन सोसीओलोजिक थिओरी,* एम.सि.ग्रअ. हिल कम्पनी, न्यू दिल्ली ।

*वेइजिङ्ग कार्ययोजनाको पुनरावलोकन सम्बन्धी दस्तावेजहरूको संगालो* (वि.सं. २०५८), महिला कानून र विकास मञ्च (एफ.डब्लु.एल.डी.), काठमाण्डौं ।

वेनेट, लीन (१९८३) : *डेन्जरस वाइफस् एण्ड सेक्रेट सिस्टरस्,* कोलम्बिया यूनिर्भसीटी प्रेस न्यूयोर्क ।

वेनेट, लीन (१९९८) : *दी स्टाटस अफ वीमिन इन नेपाल,* सेण्टर फर इकोनोमिक डेभलपमेण्ट एण्ड एडमीनीस्ट्रेसन, टि.यू. काठमाण्डौं, नेपाल ।

वेरनेर, मिनाक्षी (१९९९): *साउथ एसीयनस् एण्ड दी डाउरी प्रवोलम,* विस्तार पब्लिकेसन, न्यू दिल्ली ।

श्रेष्ठ, ज्ञाइन्द्र बहादुर (वि.सं. २०६२), *ऐन संग्रह,* पैरवी प्रकाशन, रामशाहपथ ।

सीमोन द वोउवार (२०६०), *दी सेकेण्ड सेक्स* अनुः रमेश सुनुवार, प्रगति पुस्तक सदन, डिल्लीबजार, काठमाण्डौं ।

सुवेदी, मधुसुदन (२०५६), *हिन्दू विवाहको इतिहास,* प्रकाशक श्रीमती सानुमैया सुवेदी, वैकुण्ठ तथा दामोदर सुवेदी सानेपा, ललितपुर ।

# परिशिष्ट एक



शोधकर्ता समूह छलफलमा




शोधकर्ता समूह छलफलमा



शोधकर्ता समूह छलफलमा

# परिशिष्ट दुई


Map Locator
Pumdibhumdi
Pumdi Area
Kaskikot
Sarangkot
Chapakot
Pokhara
PokharaN.P.
Pumdibhumdi
Arukharka
Setidobhan
Bhatkhola
Fedikhola
KritinachneChaur
Legend
Boundaries
Major Roads

# परिशिष्ट तीन

**ग्रामीण महिलाहरुमा दाईजो प्रतिको धारणा**
(पुम्दी भुम्दी गा.वि.स. मा आधारीत समाजशास्त्रीय अध्ययन)

श्रीमान/ श्रीमती ............................................ज्यू
नमस्कार,

तपाईलाई प्रस्तुत शोधको उत्तरदाताको रुपमा छनौट गरेका छौं । तसर्थ तपाईसँग यो अनुसूचीको आधारमा दाईजोका वारेका केहि तथ्य संकलन गर्ने योजना अनुसार सम्पर्कमा आएकी छु । आफ्नो अनुभव र भोगाईका वारेमा आवश्यक तथ्याङ्कहरु उपलव्ध गराईदिनुहुन विनम्रता पुर्वक आग्रह गर्दछु । तपाईले प्रदान गर्नुभएका तथ्याङ्कहरु केवल अनुसन्धानको प्रयोजनका लागि हुन र यिनलाई तथ्याङ्क ऐन अनुरुप गोप्य राख्ने प्रतिवद्धता समेत जाहेर गर्दछु ।

धन्यवाद !

गीता देवी वराल
(समाजशास्त्र शोध छात्रा)
पृथ्वीनारायण क्याम्पस,पोखरा ।

अन्तवार्ताको मिति : अनुसूची नं :
वडा नं : टोल : घर नं

**समुह I साधारण जानकारी**

१. उत्तरदाताको नाम :

२. उमेर :
(क) १५-२० वर्ष [ ] (ख) २१-३० वर्ष [ ]
(ग) ३१-४० वर्ष [ ] (घ) ४१-५० वर्ष [ ] (ङ) ५० भन्दा माथि [ ]

३. शिक्षा:
(क) निरक्षर [ ] (ख) साक्षर [ ]
(ग) S.L.C. भन्दा कम [ ] (घ) S.L.C. पास[ ]
(ङ) I.A. पास [ ] (च) B.A. पास [ ]
(छ) B.A. भन्दा माथी [ ]

(४) लिङ्ग:
(क) स्त्री [ ] (ख) पुरुष [ ]

(५) जाती:
(क) ब्रामण [ ] (ख) क्षेत्री [ ]

(६) पेशा :
(क) गृहिणी [ ] (ख) व्यापार [ ]
(ग) मजदुरी [ ] (घ) सेवा [ ] (ङ) अन्य [ ]

(७) वैवाहिक स्थिति:
(क) भर्खर विवाह भएको[ ] (ख) सम्वन्ध विच्छेद [ ]
(ग) श्रीमान विदेश गएको [ ] (घ) श्रीमानसँग छुट्टीएर बसेको [ ]
(ङ) विधवा [ ] (च) परिवार संग बसेको [ ]

(८) परिवारको सदस्य संख्या:
(क) २-४ [ ] (ख) ४-६ [ ]
(ग) ६ देखि माथि [ ]

(९) परिवारको संरचना
(क) एकल [ ] (ख) संयुक्त [ ]
(ग) वृहत [ ]

## समुह II विवाह पूर्वको पृष्ठभुमी

(१०) विवाह गर्दा तपाईको उमेर कति थियो ?
(क) १५-२० [ ] (ख) २०-२५ [ ]
(ग) २६-३० [ ] (घ) ३० भन्दा माथी [ ]

(११) विवाह गर्दा तपाईको शिक्षा कुन तहको थियो ?
(क) कक्षा १० भन्दा कम [ ] (ख) S.L.C. पास [ ]
(ग) I.A. पढ्दै [ ] (घ) B.A. पढ्दै [ ]
(ङ) M.A. पढ्दै [ ] (च) निरक्षर [ ]

(१२) तपाईको विवाह हुनु भन्दा पहिला तपाईको माईती घरको आर्थिक अवस्था कस्तो थियो ?
(क) राम्रो [ ] (ख) नराम्रो [ ]
(ग) ठिकै [ ]

(१३) तपाईको अभिभावकले तपाईलाई कुन कुरामा वढी प्रेरित गर्नुभयो ?
(क) शिक्षामा [ ] (ख) विवाहमा[ ]
(ग) आत्मनिर्भर वन्नमा [ ] (घ) घरायसी काममा [ ]
(ङ) अन्य [ ]

(१४) तपाईको पढाईमा रुची र लगनशिलता कस्तो खालको थियो ?
(क) राम्रो थियो [ ] (ख) ठिकै थियो [ ]
(ग) थिएन [ ]

## समुह III विवाह क्रमको पृष्ठभूमी

(१५) तपाईको विवाह कस्तो प्रकारको विवाह थियो ?
(क) मागी विवाह [ ] (ख) प्रेम विवाह [ ]
(ग) चोरी विवाह [ ] (घ) अन्य [ ]

(१६) विवाह तपाईले चाहेको समयमा नै भएको हो ?
(क) हो [ ] (ख) होईन [ ]

(१६.१) यदि होईन भने किन होला ?
(क) पढ्ने ईच्छा थियो [ ] (ख) आत्मनिर्भर भएर विवाह गर्ने मन थियो [ ]
(ग) स्वइच्छाले विवाह गर्ने मन थियो [ ] (घ) अन्य [ ]

(१७) तपाईको विवाहमा दाईजोको लेनदेनमा लमी को भूमिका कस्तो रह्यो ?
(क) दाईजो दिनु पर्छ भन्ने [ ] (ख) दाईजो दिनु पर्दैन भन्ने [ ]
(ग) सामान्य [ ]

(१८) तपाईको विवाहमा केटा पक्षवाट दाईजोको माग भयो कि भएन ?
(क) भयो [ ] (ख) भएन [ ]

(१९) तपाईको विवाहमा तपाईको अभिभावकलाई खर्च जुटाउन समस्या पर्‍यो कि परेन ?
(क) समस्या पर्‍यो [ ] (ख) समस्या परेन [ ]

(२०) तपाईले विवाहमा दाईजो ल्याउनु भयो कि भएन ?
(क) ल्याएँ [ ] (ख) ल्याईन [ ]

(२१) तपाईले आफ्नो विवाह कस्तो प्रकारले होस भन्ने चाहनुहुन्थ्यो ?
(क) खर्चिलो [ ] (ख) ठिक्कै [ ]
(ग) साधारण [ ]

(२२) तर पनि तपाईको विवाह कस्तो प्रकारले भयो ?
(क) खर्चिलो [ ] (ख) ठिक्कै [ ]
(ग) साधारण [ ]

(२३) यदि ठूलो राशीको दाईजो लिएर खर्चिलो विवाह भएको हो भने तपाई यसमा खुसी हुनुहुन्थ्यो कि हुनुहुन्थेन ?
(क) खुसी थिएँ [ ] (ख) खुसी थिईन [ ]
(ग) थाहै भएन [ ] (घ) भन्न चाहन्न [ ]

(२३.१) यदि खुसी हुनुहुन्थ्यो भने किन ?
(क) किनभने मैले पनि दाइजो पाउनु पर्छ जस्तो लागेर [ ]
(ख) म पनि परिवारको हिस्सेदार हुँ भन्ने लागेर [ ]
(ग) विवाहमा गरेको खर्चले समाजमा प्रतिष्ठा वढ्छ भन्ने लागेर [ ]
(घ) अन्य [ ]

(२३.२) यदि खुसी हुनुहुन्थेन भने किन ?
(क) विवाहमा भएको खर्चले पढने मन थियो [ ]
(ख) त्यो खर्चको सट्टा आफुले केहि व्यवसाय गर्ने मन थियो [ ]
(ग) वुवा आमालाई आर्थिक भार दिन मन थिएन [ ]
(घ) अन्य [ ]

(२४) तपाईको विवाहमा दाईजोको विषयलाई लिएर कसैले विरोध गरे ?
(क) गरे [ ] (ख) गरेनन् [ ]

(२४.१) यदि गरे भने को कसले गरे ?
(क) परिवारका सदस्य [ ] (ख) सामाजिक संघ सस्था [ ]
(ग) स्थानिय आमा समूह [ ] (घ) यूवा क्लव [ ]
(ङ) सरकारी निकायहरु [ ] (च) अन्य [ ]

## समुह IV विवाह पछिको पृष्ठभूमी

(२५) तपाईसँग निजी सम्पत्ती जस्तो दाईजो, पेवा छ कि छैन ?
(क) छ [ ] (ख) छैन [ ]

(२६) तपाईलाई दाईजो लिनु र दिनु ठिक हो जस्तो लाग्छ वा लाग्दैन ?
(क) लाग्छ [ ] (ख) लाग्दैन [ ]

(२६.१) यदि लाग्छ भने किन ?

(२६.२) यदि लाग्दैन भने किन ?

(२७) तपाईको विचारमा महिलालाई दाईजो दिनु ठिक हो कि अंश दिनु ठिक हो ?
(क) दाईजो [ ] (ख) अंश [ ]

(२८) तपाईले ल्याएको दाईजोले तपाईको परिवारका सदस्यहरु खुसी भएको पाउनु भएको छ ?
(क) छ [ ] (ख) छैन [ ]
(ग) भन्न चाहन्न [ ] (घ) थाहा छैन [ ]
(ङ) ठिकै लाग्छ [ ]

(२८.१) यदि तपाईको परिवारमा खुशी पाउनु भएको छैन भने किनहोला तपाईलाई थाहा छ ?

(२९) तपाइले ल्याएको दाइजोले अहिले तपाईलाई के सहयोग मिलेको छ केहि उपलव्धी गर्नुभएको छ की ? भन्नुसन ।
(क) सामाजिक प्रतिष्ठा [ ] (ख) आर्थिक उपार्जनमा सहयोग [ ]
(ग) घरपरिवारबाट राम्रो व्यवहार [ ] (घ) शैक्षिक निरन्तरता दिनमा सहयोग [ ]

(३०) दाइजो नल्याएर वा कम ल्याएर तपाइ कुन पक्षमा प्रभावित हुनु भएको छ ?
(क) आर्थिक पहुँच नहुने [ ] (ख) सामाजिक रुपमा हेपिनु [ ]
(ग)शिक्षालाई निरन्तरता दिन नपाउनु [ ] (घ) शारिरीक वा मानसिक तनाव हुनु [ ]

(३१) तपाईको परिवारका कुन सदस्यले दाईजोको वारेमा वढि चासो देखाउनुहुन्छ ?
(क) सासु [ ] (ख) सुसुरा [ ] (ग) श्रीमान् [ ]
(घ) नन्द देवर [ ] (ङ) थाहा छैन [ ] (च) भन्न चाहन्न [ ]

(३२) तपाई र परिवार विचको आपसी सम्वन्ध कस्तो पाउनुभएको छ ?
(क) नराम्रो [ ] (ख) ठिकै [ ]
(ग) घनिष्ट [ ]

(३३) तपाईको समाजमा दाईजोका कारण के कस्ता घट्ना घटेका छन तपाईलाई थाहा छ ?
(क) सम्वन्ध विच्छेद [ ] (ख) हत्या [ ] (ग) मानसिक हिंसा [ ]
(घ) कुटपिट र घरवाट निकाला [ ] (ङ) थाहा छैन [ ] (च) अन्य [ ]

(३४)विवाहमा दिईने दाईजोले महिलाको अवस्थामा कस्तो भूमिका रहन्छ ?
(क) महिलाहरुको अवस्था कमजोर बनाउँछ [ ]
(ख) महिलाहरुको अवस्था सुधार हुन्छ [ ]

(३५) दाईजो लिनु र दिनु सामाजिक अपराध हो भन्ने कुरामा तपाईको धारण के छ ?
(क) सकारात्मक [ ] (ख) नकारात्मक [ ]
(ग) थाहा छैन [ ]

(३६) तपाईको अनुभवमा आफ्नो छोरीको विवाहमा दाईजो दिन नखोज्नेले छोराको विवाहमा दाईजोको आश गर्छन कि गर्दैनन् ?
(क) गर्छन [ ] (ख) गर्दैनन [ ] (ग) थाहा छैन [ ]

(३७) तपाईलाई दाईजो लिने र दिने कुरामा केहि गुनासो छ कि छैन ?
(क) छ [ ] (ख) छैन [ ]

(३७.१) यदि छ भने कस्तो गुनासो होला भन्नुसन ?

(३८)तपाईको विचारमा दाईजो प्रथा कस्तो लाग्छ यसलाई सुधार गर्नु पर्ला कि नपर्ला ?

(क) सुधार गर्नु पर्छ [ ] (ख) सुधार गर्नु पर्दैन [ ]

(ग) थाहा छैन [ ]

(३८.१) यदि सुधार गर्नुपर्छ भने समाजमा को कसले कस्तो भुमिका खेल्नु पर्ला ?

(क) सरकारी पक्षवाट कडा नीति नियम वनाउनु पर्छ [ ]

(ख) स्थानिय स्तरका आमा समूहलाई सकृय वनाउनु पर्छ [ ]

(ग) व्यक्ति स्वयं दाइजो प्रथा सुधारमा लाग्नु पर्छ [ ]

(घ) दाईजो लिने र दिने व्यवहारमा संलग्न नभएकालाई समाजमा पुरस्कृत गर्नु पर्छ [ ]

(३९)दाईजो प्रथालाई अझ प्रश्रय दिदै आएको तपाई कुन वर्गलाई ठान्नुभएको छ ?

(क) उच्च वर्ग [ ] (ख) मध्ययम वर्ग [ ]

(ग) निम्न वर्ग [ ] (घ) माथिका सवै [ ]

(४०) तपाईलाई यस वारेमा अरु केहि भन्न मन लागेको छ कि ?

अन्त्यमा, तपाईको अमुल्य सुझाव, सहयोग प्रति हार्दिक धन्यवाद ।